

पद्मपाणि बोधिसत्त्व

भिक्षु सुदर्शन

प्रकाशक :

रत्नमान शाक्य अशोकमान शाक्य

नेपाल क्राफ्ट इम्पोरियम, पुलचोक, पाटन, नेपाल

पद्मपाणि बोधिसत्त्व

भिक्षु सुदर्शन

प्रकाशक :

रत्नमान शाक्य, अशोकमान शाक्य

नेपाल क्राफ्ट इम्पोरियम

पुलचोक, पाटन, नेपाल

प्रकाशक :

रत्नमान शाक्य, अशोकमान शाक्य

नेपाल क्राफ्ट इम्पोरियम,

पुलचोक, पाटन, नेपाल

बिक्रम सम्बत् २०३६

स्व० मूर्तिमान शाक्यको स्मृतिमा उहाँको निर्माण कामना गर्दै धर्मदान ।

प्रथम संस्करण १०००

मुद्रक :

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं,

नेपाल ।

दुई शब्द

नेपाल भाषा, साहित्य तथा संस्कृतिको क्षेत्रमा अन्वेषण, चिन्तन र मननमा संलग्न विद्वानहरूमा भिक्षु सुदर्शनलाई नचिन्ने शायदै होलान् । नेपाल भाषा र साहित्यमा उहाँको मौलिक तथा सम्पादित लेख तथा पुस्तकहरूमा लेखकको उच्च अध्ययनको परिचय पाइन्छ । उहाँको नाट्य कृतिहरू त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिएका छन् र सम्बन्धित क्षेत्रमा लेखकको देन विषयमा त्रिभुवन विश्वविद्यालयले शोधकार्य गर्न योग्य ठहऱ्याई स्वीकृति दिएको छ ।

निडर स्पष्टवक्ता तर मृदुभाषी र विनयी भिक्षु सुदर्शनले यता केही वर्षदेखि आफूलाई नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयको एक प्रतिभा सम्पन्न मेधावी छात्रको रूपमा प्रस्तुत गर्नु भएको छ । वैज्ञानिक ढङ्गको पुरातात्त्विक उत्खनन र नेपाली कलाको ऐतिहासिक र सांस्कृतिक पक्षमा उहाँको विशेष चाख र दखल भएको कुरा मैले २०३३ साल देखि नै अनुभव गरेको छु ।

नेपाली इतिहासको खोजी हुन थालेको आज एक शय वर्ष भइसक्दा पनि हामी राजनैतिक इतिहासमा मात्र रुमल्लि रहेकाछौं भने

यसको अर्को पक्ष सांस्कृतिक इतिहास लेखनको परम्परा त शुरु नै भएको छैन कि जस्तो मलाइ लाग्दछ । यस अर्थमा प्रस्तुत पुस्तक साधुवादको विषय हो ।

प्रस्तुत " पद्मपाणि बोधिसत्त्व " भिक्षु सुदर्शनले नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयमा स्नातकोत्तर स्तरको चतुर्थ सत्रको एक पाठ्यांश पूरा गर्न तयार गर्नु भएको एक अध्ययन-पत्र हो । अध्ययन-पत्र चार महिनाको अल्पावधिमा नै उहाँले लेखी पूर्ण गरी बुझाउनु भयो । यस अध्ययन-पत्रको उपादेयता विचार गरी प्रकाश गरिदिए वेश हुने देखिएकोले सुझाव पनि दिएँ । जसको परिणाम स्वरूप आज यो पुस्तक लेखकको यस क्षेत्रको प्रथम प्रयासको रूपमा पाठक वर्गको करकमलमा पुग्न आएको छ ।

बुद्ध-धर्म र बौद्ध जगतमा लोकेश्वरवादको कल्पना र त्यसको विकास-क्रमको साथै नेपालको पद्मपाणि लोकेश्वरको मूर्तिहरूका सांस्कृतिक पक्ष र कला पक्षका केही व्याख्या यस पुस्तकमा गरिएको छ । यसले नेपालको सांस्कृतिक इतिहासका एक अङ्ग पूर्ण गर्नुमा केही योगदान भएको छ भन्ने मलाई लाग्दछ । आशा छ भविष्यमा उहाँले यस क्षेत्रमा अझ बढी गहन कृतिहरूको देन दिनु नै हुनेछ । अस्तु ।

— मुकुन्दराज अर्याल

कीर्तिपुर, नेपाल
दिनाङ्क २४-५-२०३६

निवेदन

"पद्मपाणि बोधिसत्त्व" नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयमा स्नातकोत्तर स्तरको चौथो सत्र अन्तरगत दुई क्रेडिट आवर पाठ्यांश पूरा गर्न केही दिनमा लेखिएको एउटा अध्ययन–पत्र हो। नेपाली मूर्ति कला विषयका ज्ञाता, विशेषतः काठमाडौं उपत्यका भित्र कहाँ कुन कुन मूर्तिहरू छन्; ती मूर्तिहरूको ऐतिहासिक, सांस्कृतिक र कलात्मक के कस्तो महत्व छ र यी मूर्तिहरूका बारेमा ककसले कुन कुन पुस्तकमा के कसरी उल्लेख गरेका छन् भन्ने विषयमा अधिकार प्राप्त विद्वान, कला र वास्तुकलादि विषयका हाम्रा प्राध्यापक श्री मुकुन्दराज अर्यालज्यूले मलाई उत्साहित गर्नु भयो। अतः म यस क्षेत्रको पहिलो प्रयासको रूपमा पुस्तक पाठकहरूको सामुने विनम्र प्रस्तुत गर्दछु।

"पद्मपाणि बोधिसत्त्व" मा बोधिसत्त्व दर्शनको मूल आधार र यसको विकासक्रम बारेमा विचार गर्ने अनि बोधिसत्त्व दर्शनबाट नेपाली संस्कृति र कलालाई कसरी क्रियाशील बनाइ राखेको छ अध्ययन गर्ने प्रयाससम्म गरेको छु। रचना सार्ने र प्रूफ हेर्ने काम व्यस्त अवस्थामा परेकोले अप्रत्याशित प्रकारका गल्तिहरू देखेर "शुद्धाशुद्ध" को पत्र पनि राख्नु परेको छ।

पुस्तकको परिशिष्ट प्रकाशित भइरहेको बेला (भाद्र ३, २०३६) जनबहालमा १०८ लोकेश्वरहरूका चित्र प्रदर्शन गरियो। अनि परिशिष्ट-२ लाई त्यस प्रदर्शनीका चित्र र लोकेश्वरसंघ नेपालबाट प्रकाशित श्री अमोघवज्र वज्राचार्य लिखित "अष्टोत्तरशत लोकेश्वर परिचय" बाट प्रूफ संशोधन गर्नु अहिलेलाई उचित एवं संभव सहज जस्तो लागेर त्यस्तै गरेकोछु। निष्पन्न योगावली र साधनामालादिको बौद्ध मूर्ति


विज्ञानका प्राचीन परम्परासंग सम्बद्ध गरी पुनः अवलोकन गर्नु, "अभयमुद्रा" र "वरदमुद्रा" को बीचमा, "खड्ग" र "कृपाण" बीचमा देखापरेको भिन्नताको बारेमा विचार गर्नु एवं निष्पन्न योगावलीका अक्षयमति र चन्द्रप्रभ जस्ता भिन्न भिन्न वर्ण, मुद्रा र साधनका एउटै नामका दुई देवताहरू भएकोमा एउटालाई लोकेश्वर रूपमा कसरी स्वीकार गर्ने बारेमा समीक्षा गर्नु न त मलाई समय-साध्य काम भए, न त अध्ययन-पत्र भन्दा भिन्न गरी लेख्नु उचित नै लागे । श्री हरिहरिहरि हरिवाहन लोकेश्वरको कथामा पनि भिन्न भिन्न लिखित स्वयम्भू पुराणमा केही केही फरक देखा पर्दछ । गुणकारण्ड व्यूहको संस्कृत भाषामा उपलब्ध पिण्डपात्र लोकेश्वरको कथामा राजा बलिको आफ्नै शब्दका कथनहरू सारै मर्मस्पर्शी देखिन्छ ।

पुस्तकको निम्ति "दुई शब्द" लेखिदिनु भएकोमा हाम्रा प्राध्यापक हाल कीर्तिपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री मुकुन्दराज अर्यालज्यू प्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । पुस्तकका लागि आवश्यक फोटोहरू लिइ सहयोग गर्नु भएकोमा श्री श्रीधर मानन्धरज्यू प्रति, प्रकाशनको व्यवस्था गरिदिनु भएकोमा श्री रत्नमान शाक्य र श्री अशोकमान शाक्यको परिवार प्रति आभारी छु । पाण्डुलिपि हेरी सुझाउ दिनु भएकोमा र प्रकाशन अवस्थामा सहयोग गर्नु भएकोमा सहयोगी श्री गोविन्द टण्डनज्यू र श्री जलकृष्ण श्रेष्ठज्यूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्तमा प्रकाशक परिवारको कामनानुसार यस धर्मग्रन्थको प्रकाशन एवं धर्मदानको पुण्यानिशंस स्वर्गीय श्री मूर्तिमान शाक्यलाई सद्गति एवं निर्वाण-लाभको हेतु होस् भन्ने हार्दिक कामना गर्दछु ।

गण महाबिहार — भिक्षु सुदर्शन

शिवरात्री २०३६



स्व० मूर्तिमान शाक्य

स्वर्गीय श्री मूर्तिमान शाक्य

श्री सिद्धिमान शाक्य र श्रीमती हर्षमाया शाक्यको जेठो छोरा श्री मूर्तिमान शाक्यको जन्म वि० सं० १९७३ जेष्ठ ११ गतेका दिन भएको थियो । उहाँ तीन भाईहरूका दाज्यू र दुई दिदीहरूका भाई हुनुहुन्थ्यो । त्यसबेलाको सामाजिक रीति अनुसार सात वर्षको उमेरमा पाँच वर्षकी सानुमाया शाक्यसंग उहाँको विवाह भएको थियो । उहाँ श्री रत्नमान शाक्य, श्री शान्तमान शाक्य, श्री अशोकमान शाक्य, श्री पूर्णमान शाक्य र श्री राहुलमान शाक्य पाँच छोराहरूका र श्रीमती शान्ति शाक्य र सुश्री कमला शाक्य दुई छोरीका बुबा हुनुहुन्थ्यो । शान्तमान बालक कालमा नै परलोक भयो । आफ्नो धर्मपत्नी र छोरा छोरीहरूका लागि आफुले दुःख कष्ट भोगी सामान्य रूपमा जीवन चलाउन आवश्यक धन–सम्पत्ति उपार्जन गर्नुभई यस सांसारिक सम्बन्ध एवं माया ममतालाई चुँडालेर उहाँ २०३३ चैत्र ७ गते (जेष्ठकृष्ण अष्टमी) का दिन दिवंगत हुनुभयो ।

श्री मूर्तिमान शाक्यको जीवन गाथा यतिमा मात्रै सीमित भएको भए उहाँ एक परिवारको एक सदश्य, एक घरको एक थकालि मात्र हुने थियो । तर उहाँको जीवन गाथा यतिमा मात्र सीमित थिएन । धार्मिक जगत, सामाजिक क्षेत्र, विशेषतः घरेलु र क्यूरियो व्यवसायमा समेत उहाँको उल्लेखनीय क्रिया–कलाप फैलिएको थियो । अतः उहाँ एक परिवारको एक सदश्य, एक घरको एक थकालि हुनुका साथै विभिन्न क्षेत्रमा फैलिएको एक सामाजिक व्यक्तित्व पनि हुनुहुन्थ्यो ।

धार्मिक क्षेत्र

स्वर्गीय मूर्तिमान शाक्य जन्मबाट बौद्ध भए जस्तै बुद्ध–धर्म र बौद्धमार्गीहरूका लागि पनि केही गर्नुपर्ने विचार भएका र केही योगदान गर्नु हुने व्यक्ति हुनुहुन्थ्यो । बुद्ध–धर्मको पुनर्जागरणको अवस्थामा आफ्ना युवक साथी भाईहरूका साथै उहाँ पनि अगाडी बढ्ने एक युवक हुनुहुन्थ्यो । त्यसबेलासम्म स्थविरवादी भिक्षुहरू कुनै नयाँ विहारमा अथवा नेपालमा विद्यमान भएका विहारहरू मध्येमा कुनै विहारमा जीर्णोद्धार गरी बस्नु भएका थिएनन् । युवक भिक्षु अमृतानन्द नेपाल आउनु हुँदा पाटन स्थित नागबहालको धर्मोदय पाठशाला (वर्तमान आदर्श सरल माध्यमिक विद्यालय) मा बस्नु भएका थिए । यता श्री मूर्तिमान शाक्य त्यस विद्यालयका संस्थापक शिक्षकहरू मध्येमा एक हुनुहुन्थ्यो । त्यसै विद्यालयमा भिक्षु अमृतानन्दज्यूको धर्मदेशना भयो र यसै क्रममा यंगःबहाल (वर्तमान श्रीसुमंगल विहार) को जीर्णोद्धार कार्य आरम्भ भयो ।

राणाकालीन समयमा स्वदेशबाट निर्वासित भिक्षुहरूको दुःखद वातावरणमा कुनै धार्मिक संगठन गरी केही जागरण र क्रान्तिका लागि संगठित भएको धर्मोदय सभा पनि प्रजातन्त्रको आगमन पछि स्वदेश भित्राए। पुनर्गठित यस धर्मोदय सभामा पाटनको तर्फबाट श्री आशाराम शाक्य र श्री मूर्तिमान शाक्य कार्यसमितिका सदश्य भए। श्री मूर्तिमान शाक्य त्यसबेलादेखि यावजीवन धर्मोदय सभाको सदश्य हुनुहुन्थ्यो।

ईसवी १९५७ मा श्रीलंकामा सम्पन्न भएको विश्वशान्ति र निःशस्त्रीकरण विश्व सम्मेलनमा धर्मोदय सभाको तर्फबाट भाग लिने सदश्यहरू मध्येमा उहाँ पनि एक हुनुहुन्थ्यो। धर्मोदय सभाको सदश्यको हैसियतमा भगवान बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्‌गल्यायनको पवित्र अस्तिधातु प्रदर्शन एवं चतुर्थ विश्व बौद्ध सम्मेलनमा उहाँले पनि ठूलो योगदान गर्नु भएको थियो।

श्री मूर्तिमान शाक्यसंग तारेमाम भजन खलक आदि जुनसुकै धार्मिक संगठनको धार्मिक कार्य र धर्मदेशनादि पुण्यकार्यमा साथी भाईहरूको आह्वानमा सहयोग गर्ने स्वाभाविक सहृदयता छ। आफ्ना परम्परागत बुद्ध-धर्ममा लाग्नुका साथै उहाँले जहाँ महायानमा ओम् धर्म गर्नु भएको छ, त्यहीं स्थविरवादी बुद्ध-धर्ममा पनि निकै श्रद्धा राख्नु भएको छ।

सामाजिक र सांस्कृतिक क्षेत्र

देशमा प्रजातन्त्रको आगमन पूर्व देशको सामाजिक स्थिति र सांस्कृतिक स्तर बेग्लै प्रकारको थियो। केही उत्साही युवकहरूद्वारा

विद्यालयहरू र पुस्तकालयहरू खोलेता पनि उनीहरूलाई निर्धक्क पूर्वक चलाउन पाएको होइन । प्रायः विद्यालयहरूमा वा पढाउने ठाउँहरूमा 'नमोबागीश्वराय' पछि संयुक्ताक्षर पढाउने र अमरकोष घोकाउने गर्दथ्यो । त्यस्तो अवस्थामा अंग्रेजो सहित आधुनिक शिक्षा लिन चाहेका नागबहालका युवकहरूमा श्री मूर्तिमान शाक्य पनि एक युवक हुनुहुन्थ्यो । तर हिसाबमा ४ नम्बरबाट अनुत्तीर्ण श्री शाक्यले प्रजातन्त्र पछि मात्र एस्० एल० सी० पास गर्नु भयो ।

अनेक क्रान्ति पछि बि. सं. २००७ सालमा देश प्रजातन्त्र भयो । तर प्रतिक्रियावादीहरूको प्रतिक्रान्ति आतंकबाट त्रस्त देशमा शान्ति, सुरक्षा र सुव्यवस्था गर्न ठूलो संघर्ष गर्नु परेको थियो । पाटनमा मात्र २४ रक्षामण्डलहरू गठन भए । पाटनको केन्द्रीय रक्षामण्डल गठन हुंदा आफ्ना मित्रहरू श्री सत्यमोहन जोशी र श्री आशाराम शाक्य सभापति र सचिव हुंदा-उहाँ कोषाध्यक्ष हुनुभयो । वि० सं० २००८ सालमा खाने तेल, मटितेल, नून र कपडा वितरणको त्यो व्यवस्था त्यसबेलाको सेवा र व्यवस्था वास्तवमा आजका युवकहरूको लागि पनि निःस्वार्थ सेवा र लगनशीलताका साथ कर्तव्य पालन गर्ने कुराको लागि एक आदर्श प्रेरणा हो भनेता पनि अत्युक्ति हुने छैन । रक्षामण्डल पछि देशमा नगर पालिकाहरूको संरचना हुंदा श्री मूर्तिमान शाक्य ललितपुर नगर पालिकाका २००९ साल देखि २०१३ साल सम्म सदश्य हुनु भयो ।

कपडाको विक्री वितरणको स्वयं सेवी व्यवस्था गर्दै आदर्श कला प्रदर्शनीको योजना बन्यो । स्वदेशी वस्त्र, स्वदेशी वस्तु र स्वदेशी

कलाको उद्योग उत्थानको लक्ष्य राखेर आयोजना गरेको स्व० राष्ट्रपिता श्री ५ त्रिभुवनबाट समुद्‌घाटित नेपाल आदर्श कला प्रदर्शनी नेपालको प्रदर्शनीको इतिहासमा आफ्नै विशेषता, आकर्षण र महत्वपूर्ण भएको थियो। पूर्व निर्धारित समय भन्दा एक महीना बढी समयसम्म पाटन नगर पालिकाको प्रांगणमा सम्पन्न भएको त्यो प्रदर्शनी जहाँ आकर्षक र लोकप्रिय भयो त्यहीं घरेलु कला र शिल्प कलामा पुनर्जागरण ल्याउने उद्देश्यमा पूर्ण सफल पनि भयो। कपडा बुन्ने काम घर घरमा पुनः हुनलाग्यो। ललितकला विशेषतः धातु र काष्ठमय कलाकृति पुनः निर्माण हुन लाग्यो। नेपाल ललितकला संघ बनियो। श्री मूर्तिमान शाक्य स्वयं हस्तकला प्रशिक्षण लिन कटिवद्ध हुनुभयो। उहाँको घरमा उहाँको आफ्नो हातबाट बनाएको कुर्शी आज पनि उहाँको अतीत स्मृतिको रूपमा संरक्षित छ। हस्तकला पछि उहाँ क्युरियो निर्माणतिर अग्रसर हुनुभयो। होटल रोयलमा क्यूरियो सामानको डराज राख्दै श्री मूर्तिमान शाक्यले भविष्यमा क्यूरियो व्यवसायको क्षेत्र धेरै विस्तार हुने कुरा देख्नुभयो। उहाँले भाँडा वर्तन बनाउने काम छाड्नुभइ क्यूरियो व्यवसाय अपनाउनु भयो। क्यूरियो निकासि गर्ने कामको प्रारम्भ उहाँले गर्नुभयो। निर्यात व्यापारको जग हाल्न त्यसबेला आवश्यक व्यवस्था र नियम बनाउने कामको संवर्द्धनमा उहाँको क्यूरियो निकासिले योगदान गरेको थियो। उदाहरणार्थ होटलमा आउने पर्यटकहरू गिफ्ट पार्सल रूपमा क्यूरियो सामान पठाउन अनुरोध गर्दथे। देशमा भने विदेशसंग पत्र व्यवहार गर्न स्वतन्त्र डाक व्यवस्था विकास भएको थिएन। भारतीय राजदूतावास मार्फत गिफ्ट पार्सल पठाउन पनि उहाँलाई तत्कालीन

श्री ५ को सरकारसंग विधि व्यवस्था शुरु गराउनु परेको थियो । यसरी आजको निर्यात व्यापार विस्तारमा विशेषतः क्यूरियो निर्यात विकासमा उहांको प्रारम्भिक समयको उल्लेखनीय योगदान छ । देख्दा-देख्दै देशमा पर्यटकहरूको संख्या बढ्दै गए र क्यूरियो व्यवसाय पनि विस्तार हुँदै गयो । यसरी श्री मूर्तिमान शाक्य नेपालमा क्यूरियो व्यवसाय विकास गर्ने उल्लेखनीय व्यक्तिहरूमा उहाँ पनि एक प्रमुख व्यक्ति हुनुहुन्थ्यो । पछि नेपालको उद्योग वाणिज्य संघको कार्यकारिणी सदस्यहरूको चुनाव हुँदा विजयी भएर उहां उद्योग व्यवसायीहरूको समुहमा पनि पुग्न समर्थ भए । उहाँ ८ वर्ष सम्म उद्योग वाणिज्य संघको कार्यकारिणी सदस्य हुनुहुन्थ्यो ।

श्री मूर्तिमान शाक्यको यसरी धार्मिक, सामाजिक र आर्थिक चरित्रका अतिरिक्त आफ्नै विशिष्ठ रूचि र चरित्र पनि उल्लेखनीय छ । उहाँ मुद्राको कुशल संकलन कर्ता पनि हुनुहुन्थ्यो । वि० सं० २०१६ को श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभागद्वारा आयोजित पुरातत्त्व प्रदर्शनीमा उहाँले आफ्नो संकलित मुद्राको प्रदर्शन गर्नु भएको थियो र प्राचीन, अर्वाचीन र आधुनिक सिक्का संकलन कर्ताको रूपमा स्वर्ण कलश सहितको रजत पदक पनि पाउनु भएको थियो । उहाँले आफ्ना यो संकलित सम्पूर्ण मुद्राहरू स्व० श्री ५ महेन्द्रमा सभक्ति चढाउनु भयो र स्व० श्री ५ महेन्द्रबाट १०,०००।- नगद पुरस्कार पाउनु भयो ।

मृदुभाषी एवं मिलनसार श्री मूर्तिमान शाक्यमा सहन गर्ने सरल स्वभाव पनि विद्यमान छ । उहाँको मुटुमा बालक कालदेखि नै एउटा

सानो प्वाल थियो। त्यसको शल्यक्रिया गर्नु त्यसबेला न त सहज थियो न त नेपालमा सम्भव नै थियो। जब शल्यक्रियाका लागि टेक्सस, संयुक्त राज्य अमेरिका जान उहाँ समर्थ हुनु भएको थियो, त्यसबेला विश्व प्रसिद्ध हृदय–शल्यक्रिया विशेषज्ञ डा० डेण्टन कुली आदिबाट शल्य क्रिया गर्नु भन्दा नगर्नु उचित छ भन्ने सल्लाह पाए।

श्री मूर्तिमान शाक्यले भिक्षु नारद महास्थविरबाट मरणानुस्मृति भावना सिक्नु भएको थियो। तर पनि उहाँले मृत्युभयबाट मुक्ति पाउन सक्नु भएन। अन्ततः चाहेता पनि नचाहेता पनि जीवित प्राणी मात्रका लागि स्वाभाविक मरणधर्म भए जस्तै उहाँमा पनि मरणधर्म चरितार्थ भयो। आफ्नो ६० वर्षको उमेरमा आफ्ना धर्मपत्नी सानुमाया शाक्य, पुत्रहरू श्री रत्नमान शाक्य, श्री अशोकमान शाक्य, श्री पूर्णमान शाक्य र श्री राहुलमान शाक्य, छोरीहरू श्रीमती शान्ति शाक्य र सुश्री कमला शाक्य अनि आफ्नो जीवनको अन्तिम चरणमा सारै माया पर्ने छोरी नातिनी सुमनालाई छाडेर आफ्नो पुलचोक स्थित नयाँ घरमा वि० सं० २०३२ चैत्र ७ गतेका दिन उहाँ दिवंगत हुनु भयो।

श्री मूर्तिमान शाक्य दिवंगत हुनु भयो, तर पनि सामाजिक सेवा, धर्मप्रेम र क्यूरियो व्यवसायको उत्थानको योगदानबाट उहाँ आफ्ना समाजको मानस–संसारमा, पुण्य–संस्कारमा एवं क्यूरियो व्यवसायमा अमर नै हुनुहुन्छ।

विषय सूचि

बोधिसत्त्व दर्शनको
व्युत्पत्ति र विकास

पद्मपाणि बोधिसत्त्व

बोधिसत्त्व दर्शनको ब्युत्पत्ति र विकास

बोधिसत्त्वको परिभाषा

सम्बोधि प्राप्तिको निम्ति प्रयत्नवान व्यक्तिलाई 'बोधिसत्त्व' भनिन्छ। निर्वाण साक्षात्कार गर्ने मार्ग ज्ञान नै सम्बोधि हो। यस अर्थमा निर्वाणपद, प्रत्येक बुद्धत्व, बुद्धत्व पाउने सबैलाई सम्बोधिको अधिकारी 'बोधिसत्त्व' भन्दथ्यो। तर पछि उनै 'बोधिसत्त्व' को अर्थ एक विशिष्ठ अर्थमा मात्र स्वीकार्य हुन थाल्यो।

सद्धर्मको लुप्तावस्था अर्थात् 'शून्यकल्प' पछि पुनः सर्वप्रथम स्वयं बोधिज्ञान पाउन प्रयत्न गर्ने व्यक्तिको बुद्धत्व प्राप्ति पूर्वको जीवनांश अनि बुद्ध हुने व्यक्तिको अघिल्लो पर्याप्त जन्मलाई 'बोधिसत्त्व' जीवन भन्न थालियो।

यसरी बोधिसत्त्व शब्दको परिभाषा क्रमशः विस्तार हुन्दै गयो पछि गएर बौद्धदर्शनमा करुणामय जीवन–चरित्र यावतलाई नै बोधिसत्त्व

जीवन मान्ने प्रचलन भयो । तर श्रावक र प्रत्येक बुद्ध भन्दा विशिष्टतम प्रकारको बुद्ध नै हुने सत्वको लागि 'बोधिसत्त्व' शब्द प्रयोग सम्म पालि वाङ्मयमा स्वीकारिएको छ । जहांसम्म समस्त लोकोपकारी करुणामय जीवन चरित्रलाई 'बोधिसत्त्व' चरित्र रूपमा स्वीकार गर्ने परम्परा छ, त्यो पछिल्लो विकास क्रमको देन हो[१] ।

बोधिसत्त्व शब्दको प्रयोग

स्वयं गौतम बुद्धले स्वयं आफना लागि आफ्नो बोधिज्ञान पाउनु भन्दा अधिको ३५ वर्ष जतिको जीवनांश अर्थमा बोधिसत्त्व शब्दको प्रयोग गर्नु भएको छ । त्यसपछि अशोककालीन "कथावत्थु" ले बुद्धको

---

1. G. P. Malalashkekara, : Dictionary of Pali proper names, London, 1936, Page 322.

"The name given to a being who aspires to Bodhi or Enlightenment." (Bodhisatto ti Pandita-satto bujjhanakasatta, bodhisankhatesu va catusu maggesu asatto laggamanaso ti Bodhisatto.)

The word can therefore be used in reference to all those who seak Nibbana, including Buddhas, Pacceka–Buddhas and the disciples of Buddhas, but is Commonly used only of those beings who seak to become Buddha.

अघि अघिका सबै जीवन चरित्रलाई बोधिसत्त्व चर्य्या रूपमा मानिने दर्शनको व्याख्या स्पष्ट गर्न थालेको देखिन्छ[१] ।

अनि पछिका साहित्यहरू मध्ये कुनैले बुद्ध हुने विचार मात्र गर्नें, बुद्धत्वको आकांक्षा राख्नेको चरित्रलाई र बोधिचर्य्यालाई आदर्श रूपमा स्वीकार गर्नेहरूको चरित्र मात्रलाई पनि "बोधिसत्त्व" चरित्र रूपमा वर्णन गर्न थाल्यो[२] । तक्षशिलाको एक रजताभिलेख नै पुरातात्त्विक

---

1. G. P. Malalaskekara, Dictionary of Pali proper names, London, 1936, Page 322.

   "The word may have been used originally only in connection with the last life of a Buddha, in such contexes as" in the days before my Enlightenment, when as yet. I was only Bodhisatta" (Mahapadana Sutta : D II. 13) (and the Acchariyabhuta Dhamma Sutta : M. III. 119). But already in the Kathavatthu the previous lives of Gotama Buddha and other saints had began to excite interest and speculation.

2. G. P. Malalaskekara, Dictionary of Pali propernames, London, 1936, Page 322.

   "In letter literature, the abhinihara is preceded by a period during which the Boddhisatta Practice, manopanidi, when he resolves in his mind to desire to become a Buddha without decleaning this intentions to others.

दृष्टिमा उदाहरणीय 'बोधिसत्त्व' उल्लेख हो, जुन प्रथम ईसवी शताब्दीको उत्तरार्द्ध तिरको मानिन्छ ।

बोधिसत्त्व चर्य्या विधिवत प्रारम्भको आधारशीला अभिनिहार

बोधिसत्त्व चर्य्याको प्रारम्भ पनि विधिवत हुन्छ । यसका लागि केही गुणधर्मको अंग पूरा हुनु अनिवार्य छ । यस अनिवार्य आधारलाई अभिनिहार भनिन्छ । त्यसबारे छोटकरी व्याख्या तल गरिन्छ ।

१. बोधिसत्त्व चर्य्याको प्रारम्भ देवयोनिबाट हुनु सम्भव छैन, न त तिरच्छान र असुरादि योनिबाट सम्भव छ । बोधिसत्त्व चर्य्याको थालनि मनुष्य योनिबाट मात्र सम्भव छ ।

२. बोधिसत्त्व चर्य्या पाउन प्रार्थना गर्दा प्रार्थी पुरुष हुनु पर्दछ । अर्थात् महिला वा नपुंसक जीवनबाट बोधिसत्त्व चर्य्याको प्रारम्भ हुन सक्तैन ।

३. बोधिसत्त्व चर्य्या प्रार्थना गर्दा प्रार्थी स्वयं अर्हत् हुन सक्ने पुण्य-सम्भार भएको हुनु पर्दछ । अर्थात् जतिसुकै क्षमता र शुद्धताको स्तर भएको व्यक्तिबाट भएता पनि बोधिसत्त्व चर्य्याको प्रारम्भ विधिवत हुँदैन ।

४. 'बोधिसत्त्वपदको' प्रार्थना गर्ने व्यक्ति त्यस बेला गृहत्यागी अवस्थाको अर्थात् इसि (ऋषि), तापस, श्रमण आदि भावको हुनु पर्दछ ।

गृहस्थी जीवनावस्थाबाट बोधिसत्त्व चर्य्याको विधिवत प्रारम्भ हुनु सम्भव छैन ।

५. बोधिसत्त्व चर्य्या प्रार्थना गर्ने व्यक्तिले आफ्नो इच्छा सर्वप्रथम जीवित बुद्धको सामुने प्रकट गरेको हुनु पर्दछ । यसको अर्थ हुन्छ कसैले चाहँदैमा जुनसुकै अवस्थादेखि बोधिसत्त्व चर्य्या प्रारम्भ गर्न सक्तैन ।

६. बोधिसत्त्व चर्य्या प्रार्थना गर्ने व्यक्ति त्यस प्रार्थना गर्ने जुनिमा ध्यान (ध्यान) लाभी भएर अभिञ्ञासमापत्ति (अभिज्ञा समापत्ति) पाएको हुनु पर्दछ ।

७. बोधिसत्त्व चर्य्या प्रार्थना गर्ने व्यक्तिमा त्यसबेला आत्म उत्सर्ग गर्ने उत्कल आकांक्षा र क्षमता भएको हुनु पर्दछ । अर्थात् उसको प्रार्थना निर्विकल्प एवं जीवनमोह संग बाजि राखेको हुन्छ ।

८. बोधिसत्त्व चर्य्या प्रार्थना गर्ने व्यक्तिको प्रार्थना पूर्णतः स्थिर र अन्तःसम्म अविचल हुने प्रकारको हुनु पर्दछ[१] ।

यही आठ अभिनिहार गुणधर्म हो । यही बोधिसत्त्व चर्य्याको प्रार्थना गर्दा हुनु पर्ने गुणांग धर्मको अनिवार्य आधारशीला पनि हो ।

अभिनिहार सिद्धान्त क्रियाशील र प्रभावशाली भए सम्म बोधिसत्त्व चर्य्या सहज प्रार्थनाको विषय भएको थिएन ।

---

१. भिक्षु धर्मरक्षित, जातकट्ठकथा (१), भारत, ई. १९५१, पृष्ठ ११.

'अभिनिहार' को एक उदाहरण

'अभिनिहार' धर्मको एक राम्रो उदाहरण स्वयं शाक्यसिंह बुद्धको 'बोधिसत्त्व' चर्य्याको प्रार्थना हो[१] ।

"चार असंख्य एकलाख कल्प अघि मनोरम, दर्शनीय, दश शब्दले सधैं गुंजिरहेको, अन्नपानले भरिभराउ 'अमर' भन्ने एउटा नगर थियो । त्यस नगरमा करोडौं सम्पत्तिको मालिक, मन्त्रधर, तीनै वेदज्ञ; लक्षण, इतिहास र धर्मको ज्ञाता सुमेध भन्ने एक ब्राह्मण बस्दथे ।

उनले जीवनको अनित्यता सम्झेर निर्वाण खोज्न गृहत्याग गरे । एक्लै हिमालयको धम्मक पर्वतमा बसेर योगाभ्यास गरेर उनले आठ समापत्ति र पांच अभिरता सहित ध्यान र अभिज्ञा समापत्ति पाए ।

लोकमा त्यसैबेला दीपंकर तथागत चारिका गर्दै थिए । "रम्मक" वासीहरूले दीपंकर तथागतलाई निम्त्याएका थिए । तिनीहरू बुद्धको स्वागत गर्न बाटो बनाउँदै थिए । सुमेध तापसले त्यो देखे । जब दीपंकर तथागत आगमनबारे सुमेध तापसले सुने, आफै पनि बाटो बनाउने कामको भागीदार बने । तर सुमेध तापस आफ्नो हिस्सा बाटो बनाउँदै थिए, दीपंकर तथागत भिक्षुसंघ सहित त्यहां आइपुग्नु भयो ।

सुमेध तापसले हिलो बाटोमा घोप्टो परी सुतिकन दीपंकर तथागतमा बिन्ति गरे, "भगवान् ! मेरो शरीरलाई सेतु रूपमा स्वीकार

१. भदन्त आनन्द कौसल्यायन, जातक (१), भारत, २०१३, पृष्ठ ५६–७९.

गर्नु होस् ।" दीपंकर तथागतले भिक्षुसंघलाई हिलो बाटोबाट आउने संकेत गर्दै स्वयंबाट सुमेध तापसको प्रार्थना स्वीकार गर्नुभयो । त्यहाँ सुतिरहेको बेला सुमेधको मनमा विचार आयो, "म पनि बुद्धपद पाएर लोकको हित र कल्याण गर्दछु । एक्लै संसार सागरबाट पार भएर के गर्ने ? म आवागमनको धारा (संसार श्रोत) लाई पार गरेर भवलाई विनाश गरेर देव मनुष्य सबैलाई धर्मको नाउँमा चढाएर उनीहरूलाई संसार-सागरबाट पार लैजान्छु[१] ।"

सुमेधको बुद्ध बन्ने प्रार्थना चरितार्थ भयो । दीपंकर तथागतद्वारा भविष्यमा शाक्यकुलमा जन्मेर सिद्धार्थ शाक्यमुनि बुद्ध हुने सबै कुरा संक्षिप्तमा भिक्षुहरूको सामु भविष्य व्याकरण भए, जुन कुरा सिद्धार्थ शाक्यमुनि बुद्धको जीवनमा चरितार्थ भएको थियो ।

यसैबेलादेखि सुमेध तापसको बोधिचर्य्या प्रारम्भ भयो । उनि बोधिसत्त्व भए ।

---

१. भिक्षु धर्मरक्षित, जातकट्ठकथा (१), भारत, ई. १९५१, पृष्ठ ११.

"किम्मे अञ्ञातवेसेन, धम्मं सच्छिकते निध ।
सब्बञ्ञुतं पापुणित्वा, बुद्धोहेस्सं सदेवके ।।
किम्मे एकेन तिण्णेन, पुरिसेन थामदस्सिता ।
सब्बञ्ञुतं पापुणित्वा, सन्तारेस्सं सदेवके ।।"

सुमेधको जीवनमा मनुष्यभाव, पुरुषत्व, तापस रूप, दीपंकर तथागतको जीवितावस्था, क्षीणाश्रव हुन सक्ने पुण्य-सम्भार, अभिज्ञा र समापत्ति लाभ, आत्म उत्सर्ग, बुद्धत्वको प्रबल आकांक्षा यी आठैवटा अभिनिहार गुणहरू विद्यमान थियो, जसले गर्दा उनको बोधिसत्त्व हुने प्रार्थना सफल भए ।

यही शाक्यमुनि बुद्धको 'बोधिसत्त्व' चर्य्याको विधिवत प्रारम्भ हो । अनि यही हो, बोधिसत्त्व चर्य्या प्रारम्भ हुनका लागि आवश्यक आठ अभिनिहार धर्मको उदाहरण !

बोधिसत्त्व चर्य्या : पारमिता

बोधिसत्त्व चर्य्याको प्रारम्भ भएदेखि बुद्धत्व प्राप्ति अवस्थासम्मको सम्पूर्ण चर्य्यालाई 'पारमिता' भनिन्छ । बोधिसत्त्व चर्य्या शुरु गरेपछि त्यो व्यक्ति अर्थात् बोधिसत्त्व कहिल्यै मार भएर जन्मिने छैन, न त अरुपादि देवलोकमा जन्मिने छ । ठूलो प्राणीमा हात्ति र सानो प्राणीमा तितिर पंक्षी भएर जन्मिने बोधिसत्त्वको प्रायः जीवन बोधिचर्य्या पारमिता गुणधर्म पूरा गर्नका लागि नै हुन्छ[१] ।

---

१. भिक्षु कुमार काश्यप भिक्षु सुदर्शन, दस पारमिता, काठमाडौं, वि. सं. २०२९, पृष्ठ १६

पारमिता गुणधर्मको प्रकारान्त भेद

पारमिता गुणधर्मलाई जातकमा १० प्रकारान्तको रूपमा वर्णन गरिएको छ। ती दश पारमिता दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिस्थान, मैत्री र उपेक्षा हुन्[१]। यसैको एक प्राचीन परम्पराले संक्षिप्तीकरण गर्दै सप्त पारमिता विवरण प्रस्तुत गरेको छ[२]। संस्कृत वाङमयले ६ पारमिताको रूपमा बोधिसत्त्व चर्य्याको सरस चर्चा गर्दछ[३]।

प्रत्येक चर्य्यामा जब शरीरको अंग प्रत्यंगको समेत उत्सर्ग हुन्छ, तब त्यो उपपारमिता हुन्छ र प्राणको समेत उत्सर्ग गरे परमत्थपारमिता कहलाउँछ। उदाहरणार्थ दानपारमितालाई लिउँ। धनसम्पत्ति दान गरेको बोधिसत्वको चर्य्या दानपारमिता हो। सर्वज्ञत्व पाउन आफ्नो आँखा आदि अंग प्रत्यंग आदि गरिने दान नै दान उपपारमिता हो[४]। शरीर पर्यन्त त्यागेको चाहिं दानपरमत्थ पारमिता हो[५]।

---

१. भिक्षु धर्मरक्षित, जातकट्ठकथा, भारत, ई. १९५१, पृष्ठ १५–२०.

२. भिक्षु धर्मरक्षित, चरियापिटक, भारत, ई. १९५९, पृष्ठ २–४.

३. पं० रत्नबहादुर बज्राचार्य, बोधिचर्य्यावतार, नेपाल, ने० सं० १०७२.

४. भदन्त आनन्द कौसल्यायन, जातक (४) सिविजातक, (जातक संख्या ४९९), भारत, पृष्ठ ६०९.

५. भदन्त आनन्द कौसल्यायन, जातक (३) सस जातक (३१६), भारत, १९४६, पृष्ठ २२०–२२४.

शाक्यमुनि बुद्धको पारमिता चर्य्या

शाक्यमुनि बुद्धको चार असंख्य र एकलाख कल्प युगान्तर समय भित्रका दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता चरित्रका सबै विवरणहरू आज हामीलाई उपलब्ध छैन। यी असंख्य जन्मका पारमिता चर्य्यामध्येमा उदाहरणको रूपमा ५४७ कथाहरू "जातकट्ठकथा" नाउँमा पालि भाषामा पाइन्छ। यद्यपि साधारणतः जातकका कथाहरूलाई "पाँचशय" कथा भनिन्छ[१]।

यस भद्रकल्पमा पूरा गरिएको चरित्रको रूपमा बोधिसत्वको ३५ वटा पारमिता चर्य्या 'चरिया पिटक' मा प्रस्तुत गरिएको छ। यी ३५ चरित्रहरू मध्येमा ३४ वटा चरित्रहरू त्रिपिटकका विभिन्न निकायहरूमा पनि यत्र तत्र वर्णन गरिएको वस्तुस्थितिबाट यसको प्रामाणिकताको अझ बढी पुष्टि हुन्छ[२]।

थाइलैण्डमा ४० विशिष्ठ जातक कथाहरूको प्रचलन छ। ती ४० जातक कथाहरूमध्ये कैयौं यस्ता कथा छन् जुन पालि जातक कथामा उपलब्ध छैनन् र कैयौं कथा पालि कथा भन्दा रूपान्तर रूपमा

---

१. भिक्षु सुदर्शन, महासत्व (द्वि. सं.) काठमाडौं, बु० सं० २५२१, पृष्ठ क–ग.

२. भरतसिंह उपाध्याय, पालि साहित्यका इतिहास, भारत, ई० १९७२, पृष्ठ ३२९.

प्रस्तुत गरिएका छन् । नेपालमा प्रचलित "महासत्त्व" र "मणिचूड" जातक पनि पालि भाषामा उपलब्ध छैन । यसरी जातक कथाको आफैमा पनि एक कथा छ । सारांशमा जातक कथा बुद्धको पारमिता गुणधर्म वा बोधिसत्त्व चर्य्याको कथात्मक उदाहरण एवं विवेचना हो ।

जातक कथा र बोधि आदर्शको कथा

जातक कथा जब पालिबाट संस्कृतमा वर्णित हुन थाल्यो यसमा सरसता र रंगीन चमत्कारभाव मात्र बढ्न गएको होइन अपितु मूलभूत आदर्शमा समेत परिवर्द्धित हुनथाल्यो । भद्रकल्पावदान, बोधिसत्वावदान, विचित्र कर्णिकावदान, दिव्यावदान इत्यादि अवदान साहित्यमा बुद्धको अतीत जीवनको कथा मात्र होइन, अशोकको लुम्बिनी कपिलवस्तु आदि तीर्थ यात्राको घटना र शंकराचार्य्यद्वारा बुद्धगयामा गरिने उत्पात क्षणिक हुने कुराको भविष्य व्याकरण जस्ता कुरा समेत आवद्ध गर्न थालेको देखिन्छ । अझ बोधिको आदर्श आकांक्षा राखेर प्रणित जुनसुकै कथा र धर्म प्रसंगलाई अवदान वाङ्मयद्वारा कथाको रूपमा अपनाए । पछिल्ला विद्वान्हरूले "बोधिसत्त्व" को अर्थ बोधिका लागि सार (सत्त्व) कर्मको रूपमा स्वीकार गर्न लागे[1] ।

---

1. Winter Nelge, Indian Literature (Vol. II.), India, Page 116.

बोधिसत्त्व चर्य्या : महायान व्युत्पत्ति–वीज

बोधिसत्त्व चर्य्या प्रतिको जन आस्था नै वास्तवमा महायान व्युत्पत्ति-वीज हो। सम्बोधि लाभ भन्दा अघि बुद्धले आफुलाई बोधिसत्त्व रूपमा उल्लेख गर्नु भएको र बुद्धचर्य्या प्रारम्भ गर्न गर्नु भएको विचार नै यसको लागि उर्वर क्षेत्र भयो।

"सम्बोधि पाउनु भन्दा अगाडी बुद्ध नभएको बेला जब म बोधिसत्त्व नै थिएँ[1]।"

"म एक्लै संसार सागरबाट पार भएर के गर्ने? लोकलाई नै संसार सागरबाट पार गरेर मात्र म पनि पार हुन्छु[2]।"

यी नै ती दुई मूल बुद्ध–वचन हुन्, जुन पछि गएर बौद्धहरूका लागि ठूलो प्रेरणा र आदर्शको लागि उर्वरक क्षेत्र भयो। अनि पूर्वोक्त प्रकारका बोधिसत्त्व चर्य्याका लागि आधारभूत अंगको रूपमा आवश्यक अभिनिहार अंग उपेक्षा भए पछि यसै क्षेत्रमा बोधिचर्य्या महायान धर्मको वटवृक्ष छायामयी हुन लाग्यो। बोधिसत्त्व चर्य्याको वर्णन क्रमले "बोधिचित्त" दर्शन पाएपछि "अभिनिहार" बन्धनबाट मुक्ति पाए। त्यसैकारण बोधिसत्त्व चर्य्या सबैले सधैं जुनसुकै अवस्थामा प्रार्थना गर्न सक्ने भयो। बोधिसत्त्व चर्य्याबाट महायानको व्युत्पन्न हुन सक्यो।

---

१. भिक्षु जगदीश काश्यप, मज्झिमनिकाय पालि, भारत, बु० सं० २५००, (भयभेरव सुत्त १।१।४) पृ. २२.

२. भिक्षु धर्मरक्षित, जातकट्ठकथा (भाग १), भारत, ई० १९५१, पृष्ठ ११.

बोधिचित्त

'बोधिचित्त' दुई प्रकारका छन् । ती हुन्, 'बोधि प्रणिधिचित्त' र 'बोधिप्रस्थानचित्त' । प्रणिधिको अर्थ अधिस्थान वा ध्याव हो । अनि प्रस्थानको तात्पर्य हो, वास्तविक रूपमा हिंड्नु । जगतको परित्राणका लागि म बुद्ध बन्छु भन्ने भावनाको उदय भएपछि तुरन्त 'बोधि प्रणिधि-चित्त' आविर्भाव हुन्छ । यो पूर्व अवस्था जहिले पनि जुनसुकै अवस्थामा पनि आउन सक्ने स्थितिले गर्दा बोधिचर्य्या प्रारम्भ करुणापूर्ण चित्त भएका व्यक्तिका लागि तत्क्षणै हुन सक्ने तुल्याइ दियो । जुनबेला साधकले बोधि–प्रणिधि अनुसार मार्ग अनुशरण गर्दछ, लोकहितार्थ चर्य्यामा आफ्नो उत्सर्ग गर्ने चरित्र शुरु गर्दछ, त्यसैबेलादेखि बोधिप्रस्थान चित्तको उदय हुन्छ । 'प्रणिधि' र 'प्रस्थान' का बीचमा फरक यत्ति छ, जति जान चाहने मानिस र गइसकेको मानिसको बीचमा हुन्छ[1] ।

बुद्धयान र श्रावकयान

बोधिचित्त दर्शन पछि अष्टाङ्गमार्ग भन्दा बोधिसत्त्व चर्य्याको विकास अनवरत रूपमा भयो र यस समुदायको आदर्श अर्हत्त्व नभई बोधिसत्त्व भयो । अनि यसै नयाँ आदर्श धर्मको मार्गको माध्यम 'यान'

१. बलदेव उपाध्याय, बौद्ध दर्शन, भारत, ईसवी १९४६, पृष्ठ १४७–१४८.

लाई श्रेष्ठ मान्न थालियो[१] । यति हुँदाहुँदै पनि अष्टाङ्ग मार्ग अनुशरण गरेर निर्वाण चाहने श्रावकहरू र बुद्धत्व नै लाभ गरेर संसारलाई तारेर मात्र आफु परिनिवृत्त हुन चाहने बोधि–प्रतिज्ञ भिक्षुहरू एउटै विहारमा केही शताब्दीसम्म सँगै नबसेका पनि होइनन् । यसबेलासम्म तिनीहरूको आचरण विनय पनि समान नै थियो । फरक यतिमात्र कि पुण्यकार्य पछि प्रार्थना गर्दा एक निर्वाणको प्रार्थना गर्दथ्यो भने अर्को बुद्धत्वको प्रार्थना गर्दथ्यो । तर दुबै विचारधाराका भिक्षुहरूमा पारस्परिक स्नेह र सम्मान भावना थियो । यसैले यिनीहरू सहज अर्थमा बुद्धयानी र श्रावकयानी शब्द परस्परमा प्रयोग गरिन्थ्यो ।

महायान र हीनयानको उत्पत्ति

अहिले 'ज्ञेयावरण' दर्शन फैलिन चार पांच शताब्दी बाँकी नै छ । बुद्धयान र श्रावकयान शब्दको ठाउँमा बरु यदाकदा मधुर आक्षेप र विक्षेपमा परस्परमा "तिमीहरू महायानी", "तिमीहरू हीनयानी" शब्द प्रयोग गर्न लागेको थियो । शनैः शनैः त्यसै त्यसै नै प्रयोग गरेको "महायान" र "हीनयान" शब्द निकाय वाचक बन्न कैयौं शताब्दी समय लाग्यो ।

महायानका मूलभूत एवं प्रारम्भिक दर्शनका ग्रन्थहरूमा र पछिल्ला पालि ग्रन्थहरूमा समेत यी "महायान" र "हीनयान" शब्दको

---

१. आचार्य नरेन्द्रदेव, बौद्धधर्म दर्शन, भारत, ईसबी १९५६, पृष्ठ १०६.

आधिकारक रूपबाट उल्लेख भएको उपलब्ध नहुनु नै यसको अर्को प्रमाण हो ।

बुद्ध-धर्ममा १८ निकाय बन्दासम्म भिक्षुहरू बुद्ध, प्रत्येक बुद्ध, श्रावक धर्म इच्छानुसार स्वीकार गर्दथ्यो[१] । इत्सिग स्वयं हीनयानी थिए । उनको शब्दमा १८ निकायवादीहरूमा को को महायान र हीनयान अनुकरण गर्ने भनि छुट्याउनु गाह्रो छ[२] ।

महायानको विकास

ईसाको प्रथम शताब्दीसम्म महायानी र हीनयानी भिक्षुहरू अलग अलग बस्न थालिसकेको देखिन्छ । महायानीहरूले बुद्धको मानुषी चरित्रको र शीलको उपेक्षा लोकहितार्थ करुणा हृदय र कार्यतिर ध्यान दिन थालेको देखिन्छ । अनि बुद्धको लोकुत्तर चरित्रमा विशिष्टता देखाउन थाले ।

उत्तर भारतमा वैभाषिक विचार फैलिरहेको बेला दक्षिण भारतमा आचार्य नागार्जुन देखा परे । उनले माध्यमिक दर्शनमा ग्रन्थ रचना गर्न लाग्नुभयो । पछि महायान र माध्यमिक दर्शनको सम्मिश्रण

---

१. श्रामणेर सुदर्शन, (अनु०) भारतय् बुद्ध-धर्मया उत्थान व पतन, काठमाडौं, वि० सं० २०१४, पृ. ८.

२. आचार्य नरेन्द्रदेव, बौद्धधर्म दर्शन, भारत, ईसवी १९५६, पृष्ठ १०६.

स्वरूप शून्यवादी दर्शनको चरम विकास भयो। अष्ट सहस्रिका प्रज्ञापारमिता ग्रन्थले महायानमा त्रिपिटकको स्थान लिन्दै गयो। चौथो शताब्दीसम्म वैभाषिक, सौत्रांतिक, योगाचार र माध्यमिक निकायको पूर्ण विकास भयो। अघिल्ला दुई निकायले इच्छानुसार यानको अंगिकरणमा स्वतन्त्रता दिएको थियो, जब कि पछिल्ला दुई निकायले हीनयानलाई कुनै स्थान दिएन। "एकै यान" त्यो पनि बुद्धयान नै भन्न लागे।

बोधिसत्त्वको महत्ता दर्शाउन अवलोकितेश्वर, मन्जुश्री र आकाश गर्भ आदि सैकडौं बोधिसत्त्व दर्शन आविर्भाव भयो।

लोकलाई उद्धार गर्ने, धारणा गर्ने, पालन गर्ने, रक्षण गर्ने इत्यादि विविध गुणबाट यी बोधिसत्त्वहरू 'लोकनाथ' भए, अनि लोकेश्वर रूपमा सम्बोधन पनि हुन थाले। परिशिष्ट २ मा दिइएका १०८ लोकेश्वरहरूको र परिशिष्ट ३ मा दिइएका ३६० लोकेश्वरहरूको नाउँ यसको प्रमाण हो।

यी दुई परिशिष्टको तुलनात्मक स्थिति हेरेमा १०८ लोकेश्वरहरूमध्ये पनि कैयौं लोकेश्वर ३६० लोकेश्वरमा सम्मिलित नभएको हामी पाउँछौं। मन्जुनाथ लोकेश्वर, विष्णुचक्र लोकेश्वर, शान्तमति लोकेश्वर, चैत्यधातु लोकेश्वर, विश्ववज्र लोकेश्वर, शाक्यबुद्ध लोकेश्वर इत्यादि यसका उदाहरण हुन्। नेपालमा जम्मा कति लोकेश्वरहरू छन्, विवेचनीय नै छ। सहस्र लोकेश्वरको कुरा प्रसिद्ध छ। अझ यस सन्दर्भमा सद्धर्म पुण्डरीक सूत्रका शत सहस्रौं अझ गंगा नदीका बालुवा

समानका बोधिसत्त्वहरू भएको वर्णनको सम्झना हुन्छ[१] । यही बोधिसत्त्व दर्शन नै यो बोधिसत्वको विकासको आधार हुन् भन्दा अत्युक्ति हुँदैन ।

देव देवीका विकासका साथै वाङमयमा पनि परिवर्द्धित स्थिति आयो । लामा लामा सूत्रहरूको ठाउँमा धारणी, अनि धारणीको संक्षिप्तिकरण रूपमा मन्त्र बन्न थाले ।

सम्राट हर्षवर्द्धनको समयसम्म मन्जुश्री मूलकल्प, गुह्य समाज, चक्र संवरको प्रचार स्पष्ट रूपमा फैलिसकेको थियो । त्यसपछि आठौं शताब्दीसम्म चौरासी सिद्धहरू देखापरे र तिनीहरूले संध्या भाषामा निर्गुण गीत रचना गर्न थालेको देखिन्छ ।

अमिताभ दर्शनको आधारभूमि

अमिताभ दर्शनको आधारभूमि बौद्ध-दर्शनको ऐतिहासिक विकास क्रमको एक उपज हो । महायानमा "महावग्ग" को बोधिप्राप्ति, धर्मचक्र प्रवर्तन र संघ-स्थापना दर्शन उपेक्षित भएर 'महावस्तु' को प्रकृति चर्य्या, प्रणिधान चर्य्या, अनुलोम चर्य्या अनि अनिवर्तन चर्य्याद्वारा बोधिज्ञान प्राप्तिको वर्णन प्रभावशाली हुँदै गयो । यस लोकोत्तर दर्शनमा बोधिसत्त्व गौतम पनि माता पिताद्वारा उत्पन्न नमानेर औपपादुक मात्र

---

१. डमरुबल्लभ पौड्यालद्वारा अनुदित, सद्धर्म पुण्डरीक सूत्रम्, ने० रा० प्र० प्र०, काठमाडौं, वि० सं० २०२९ बोधिसत्त्व पृथिवी विवर समुद्गम परिवर्त पृष्ठ १७९.

थालियो । बुद्ध विशुद्ध भएकोले राहुल पनि औपपादुक हुन गए । अफ दीपंकर तथागतसंग साक्षात्कार भएको समयमा नै जीवन मुक्त भएको लोकुत्तर मानिन थाले । यही अमिताभ दर्शनको मूलभूत आधार हो ।

अमिताभ दर्शन र सुखावती ब्यूह

अमितायु सूत्र र सुखावती ब्यूह युगदेखि अवलोकितेश्वर र सुखावती बारेमा पूरा प्रकाश पारिएको छ जब कि "गुण कारण्डब्यूह" युगदेखि पद्मपाणि बोधिसत्त्व बारेमा व्याख्या गरिएको छ[१] ।

सुखावती ब्यूह महायान सूत्रको एक प्रसिद्ध ग्रन्थ हो । यसमा अमिताभ बुद्धको सुखावती लोकको वर्णन गरिएको छ ।

सुखावती ब्यूह बौद्धहरूको त्यो नन्दनवन हो, जहाँ अमिताभ बुद्धको राज्य छ । अमिताभ बुद्ध सुखवतीको सर्वकालीन भूवनाधिपति हुनुहुन्छ । त्यसैकारण अमिताभको अमित आयु भन्ने 'अमितायु' नाउँ पनि रहन गएको हो ।

सुखावती ब्यूहमा "पुण्य संभार" को वर्णन विस्तृत रूपमा राम्ररी गरिएको छ । पुण्य संभार साथ मृत्युको समय जसले अमिताभ बुद्धको चिन्तन गर्दछ, उसले यो बुद्धलोक प्राप्त गर्दछ । यस बुद्धलोक अर्थात् अमितायू भुवनमा सधैं दिउँसो हुन्छ । रात यहाँ पर्दै पर्दैन ।

---

1. A. Ghosh, Ajanta Murals, India 1967, Page 112.

यहाँका प्राणी गर्भज पनि हुदैंन। यहांका सबै सत्त्वहरू औपपादुक र कमल बलबाट उद्भुत हुन्छन्[१]।

अनन्त प्रभा सम्पन्न सुखावती ब्यूह पारसिहरूको "अनन्त प्रभा लोक" र जैनहरूको "सतपुर" संग सन्निकट समता राख्दछ। यसैकारण इलियन जस्ता विद्वानले आफ्नो पुस्तक Hinduism and Buddhism मा अमिताभ पूजा भारतमा बाहिरबाट आएको धर्मको मिश्रण मान्नु भएको छ[२] भन्ने कुरा उल्लेख गरिएको पाइन्छ।

अवलोकितेश्वर

अवलोकितेश्वरको विशिष्टता बोधिसत्त्वहरूको बीचमा त्यस्तै छ, जस्तो सुखावती लोकमा बुद्धहरूको बीचमा अमिताभ तथागतको विशिष्टता छ।

महायान सूत्र अथवा नवव्याकरणमा अष्ट सहस्रिका प्रज्ञापारमिता पछि "सद्धर्म पुण्डरीक" को स्थान आउँछ। "एकं हि यानं द्वितीयं न विद्यते" घोषणा गर्ने यस ग्रन्थको ईसवी २२३ सम्म चिनिया भाषामा अनुवाद भएको देखिन्छ। यसको २८ सौं परिवर्त (=अध्याय) मा तथागतको अलौकिक महिमा बढता भएता पनि "समन्त सुख" भन्ने २४ सौं परिवर्तमा अलौकिक अवलोकितेश्वर बोधिसत्त्वको महाकरुणाको

---

१. आचार्य नरेन्द्रदेव, बौद्धधर्म दर्शन, भारत, ई० १९५६, पृष्ठ १५०.

२. आचार्य नरेन्द्रदेव, बौद्धधर्म दर्शन, भारत, ई० १९५६, पृष्ठ १६२.

अद्‌भुत वर्णन प्रस्तुत गरिएको छ। अवलोकितेश्वर बोधिसत्त्व अरू बोधिसत्त्व भन्दा श्रेष्ठ छ, किनभने उनी सर्वज्ञता प्राप्त भइसकेको तर संसारमा एक सत्व दुःखमा आवद्ध भएसम्म आफु परिनिवृत्त नहुने संकल्पको करुणामयी हुनुहुन्छ ।

यस्तै करुणाकै विशिष्टताले गर्दा निर्वाण मार्ग उपेक्षित भयो। बुद्धत्वको आकांक्षी, प्रतिज्ञ र आदर्श लिनु भएका बोधिसत्त्वलाई बुद्धपछि दिइराखेको स्थानलाई विवरीत दिशा दिने काम अवलोकितेश्वर बोधिसत्त्व पछि भयो। बुद्ध त भएर गइ नै सक्नु भयो। समस्त शेष प्राणी मात्रको तारणकर्ता अवलोकितेश्वर तसर्थ आराध्यदेवी भए। साँच्चै भन्ने हो भने प्रज्ञाका प्रतीक मन्जुश्री भन्दा करुणाको प्रतिमूर्ति अवलोकितेश्वर श्रेष्ठ भए[1] ।

बोधिसत्त्व अवलोकितेश्वरको नाउँ मात्र स्मरण गर्नाले पनि अनेक दुःख विपदबाट त्राण पाउने विश्वासले जड फैलाउन लागे। भीषण अग्निस्कन्धबाट, बेगमती नदीको प्रवाहबाट, समुद्र प्रवासबाट, कालिकावातबाट रक्षा गर्नु हुने एक मात्र अवलोकितेश्वरको नामोच्चारणमा छ भन्ने विश्वासले प्रश्रय पायो। यही अवलोकितेश्वरको वरद प्रेमबाट नेपालमा पनि ठूलो प्रभाव विस्तार गरे[2] ।

---

१. डा० भरतसिंह उपाध्याय, बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन, भारत, २०११, पृष्ठ ६१७.

२. परिशिष्ट १

कारण्डव्यूहमा अवलोकितेश्वरको महाकरुणालाई अझ सरस रूपबाट वर्णन गरेको पाइन्छ । अवीचि नरकमा जानुभई नारकीय दुःखबाट प्राणीहरूलाई उद्धार गर्नु भएको, भूत, प्रेत, राक्षसलाई पनि सुखी बनाउनु भएको वर्णनबाट श्रद्धालु हृदय निक्कै अभिभूत गरिदिन्छ । अवलोकितेश्वर जब सृष्टिकान्ता रूपमा उद्भुत हुन्छ, तब स्वयं उनको आँखाबाट चन्द्र सूर्य, भ्रूबाट महेश्वर, बाजुबाट ब्रह्मा, हृदयबाट नारायण, दाँतबाट सरस्वती, पेटबाट वरुण आदि देवता सृष्टि भएको देखिन्छ ।

त्रिकाय दर्शन

बुद्धको प्राचीन 'रूपकाय' र 'धर्मकाय' को विवेचन पछि 'सुवर्ण प्रभास' ले बुद्धको लुम्बिनीको जन्मलाई पनि सत्त्वहरूको परिपाकका लागि भएको अवतरण रूपमा चित्रण गर्न लागे । यसरी 'निर्मितकाय' दर्शनको आविर्भाव भयो । पछि गएर रूपकाय पूर्णतः उपेक्षित भयो । अनि धर्मकाय, निर्माणकाय र सम्भोगकायको खूब प्रचार भएको देखिन्छ । अरूको कल्याणको लागि आफ्नो पुण्यसम्भारबाट निर्वाण प्रवेश नभएसम्मको बारबारको भव नै सम्भोगकायको परिणति मान्न थालियो । बोधिचर्य्यामा सम्भोगकायलाई लोकुत्तरकाय पनि भनिएको छ । यही सम्भोगकायको मूल स्वरूप अमिताभ दर्शन हो ।

यस त्रिकाय दर्शनको एक अर्को भेद पनि छ । (१) शाक्यमुनि बुद्ध (मानुषी बुद्ध) को यस लोकमा उत्पन्न हुनु भएको छ । उनी कामधातुमा निवास गर्दा 'निर्माणकाय' बने । (२) लोचनः उनी ध्यानी

बोधिसत्त्व हुनुहुन्छ। उनी रूपधातुमा निवास गर्नुहुन्छ। यसैलाई सम्भोगकाय भनिन्छ। (३) वैरोचनः (ध्यानी बुद्ध) उनी धर्मकाय हुनुहुन्छ। उनी अरूपधातुमा निवसित हुनुहुन्छ।

यी त्रिधातु दर्शनको साधनामा तन्त्रयानको प्रभाव पाइन्छ। साधनामा मन्त्र मुद्रा र ध्यानद्वारा सर्वज्ञता र निर्वाणसिद्धिको उपाय निस्कन लाग्यो। ध्यानका लागि उपास्य देवहरूको वर्णन गर्दा बौद्धहरूलाई कुशल शिल्पी र मूर्ति निर्माता पनि बनाइदियो। साधनामालामा तीनशय भन्दा बढी साधनाको संग्रह गरिएको छ। उपास्य देवहरूमा ध्यानी बुद्ध, उनको परिवार तारा र आत्मजः बोधिसत्त्वहरू पनि महत्वपूर्ण भएको छ।

अमिताभ बुद्धका प्रतीकात्मक दर्शन भूमि

अमिताभ बुद्धका जुन प्रतीकात्मक दर्शन भूमि छ, त्यसैको क्रियात्मक अभिव्यक्ति उनको आध्यात्मिक पुत्र पद्मपाणि बोधिसत्त्वमा भएको छ। अमिताभ बुद्धका प्रतीकात्मक दर्शन भूमि यस प्रकार छ :—

मुद्रा : ध्यान

प्रतीक : पद्म

वाहन : मयूर

दिग् : पश्चिम

वर्ण : रक्त

भूत : तेज (पंचभूतमा)

इन्द्रिय : जिह्वा

आयत : रस

ज्ञान : समता

शक्ति : पाण्डुरा

आध्यात्मिक पुत्र : पद्मपाणि[१]

पद्म धारण गर्ने अभय मुद्राका पद्मपाणि बोधिसत्त्व जहाँ शान्त रस मुख मुद्राका हुन्छन्, त्यहीं करुणाप्लावित समस्त प्राणीमा समता भाव राख्ने हुन्छ । यसै विशद करुणा चरित्रले आवद्ध गरेर अवलोकितेश्वर र पद्मपाणि प्रायः एकाकार भएको पनि देखिन्छ । तर बौद्ध–जगतको दृष्टिबाट हेर्ने हो भन्ने पद्मपाणि बोधिसत्त्व जति व्यापक प्रभावशाली छ, त्यति अरू कुनै पनि बोधिसत्त्व व्यापक प्रभावशाली भएको देखिन्दैन ।

पद्मपाणि बोधिसत्त्व

पद्मपाणि, अमिताभ बुद्धको आत्मीय पुत्र र अवलोकितेश्वरको अर्को रूप हुनुका अतिरिक्त उनी बारे अरू पनि विवरण पाइन्छ । तर ती सबैको वर्णन गर्नु यहाँ सम्भव छैन ।

पद्मपाणि बोधिसत्त्वको जन्म बारेमा "मणि कम्बोम्" मा वर्णन गरिएको पाइन्छ । त्यस अनुसार ध्यानद्वारा अमिताभ बुद्धको दायाँ

---

१. सत्यमोहन जोशी, नेपाया बौद्ध कला, नेपाल, बु० सं० २५००, पृष्ठ ५.

आँखाबाट प्रकाश उत्पन्न भयो, अनि त्यसै प्रकाशबाट पद्मपाणिको सृष्टि भयो। गौतम बुद्धको परिनिर्वाण पछि र मैत्रेय बुद्धको आगमन काल सम्म शासन गर्ने रक्षण गर्ने उत्तरदायीत्व पद्मपाणि बोधिसत्त्वमा छ। यस अर्थमा लोकमा एक मात्र दुःखी भए सम्म परिनिवृत्त नहुने अवलोकितेश्वर संग स्पष्टतः भिन्न व्यक्तित्व र दर्शन प्रस्तुत गर्दछ। फेरी अर्को तथ्य, प्रारम्भिक समयमा बनिएका पद्म धारण गर्ने बोधिसत्त्वको मूर्तिमा उनको मुकूटमा अमिताभ बुद्ध नभएका कुरालाई हामी बिर्सन सक्दैनौं। अझ कमलफूल दायाँ हातबाट समाउनु भइकन त्यही हात छाति (हृदय) उन्मुख गराइकन कमलफूललाई हृदयमा आरोपित गरेळुँ मुद्राको पद्मपाणि बोधिसत्त्वको चित्र कम आकर्षक छैन। यो चित्र अजंताको प्रसिद्ध पद्मपाणि बोधिसत्त्वको चित्र हो[1]। त्यस्तै वर्मा सम्म फैलिएको पद्मपाणि बोधिसत्त्वको दर्शनमा प्रारम्भमा यही कुरा देखिन्छ। बर्माको एक प्रसिद्ध पद्मपाणि बोधिसत्त्वको मूर्तिमा ७ कुनेदार मुकूट छ, त्यहाँ पनि अमिताभ बुद्ध छैन। बायाँ हात छातिमा ठड्याएर अभय मुद्रामा छ भने, यस मूर्तिमा दायाँ हात पसारेर कमलको फूल समाइ राखेको छ। मूर्ति कमलाशनमा उभिएको छ[2]।

---

1. A. Ghosh, Ajanta Murals, India, 1967, Plate No. XXIV.
2. G. P. Malalaskekera, Encyclopaedea of Buddhism Vol. III, Ceylon, 1973, Plate No. LXXIX.

नेपालमा बोधिसत्त्वको स्थान

नेपालमा बोधिसत्त्वको स्थान

नेपालमा बोधिसत्त्व

नेपालमा बोधिसत्त्व कथा स्वयं नेपालको सृष्टिको कथा संगै जोडिएको छ। महामन्जुश्रीको चन्द्रहाश खड्गको प्रहार पछि उपत्यकाको पानी निष्काशित भएको प्रसंगबाट यहाँका वाङ्मय बोधिसत्त्वलाई कतिको महत्त्व प्रदान गर्दछ भन्ने स्पष्ट हुन्छ।

पुरातात्त्विक रूपमा नेपालमा बोधिसत्त्वको इतिहास ईसवी दोश्रो शताब्दीको "बोधिसत्त्वको" प्रतिमाबाट प्रारम्भ हुन्छ, जुन राष्ट्रिय संग्रहालय छावनीमा राखिएको छ। यस मूर्तिको लागि "यक्ष बोधिसत्त्व[1]" शब्दको प्रयोग एक द्विविधात्मक प्रयोग हो। यक्ष र बोधिसत्त्वमा निर्णयमा पुग्नु सजिलो पनि छैन। प्रारम्भिक बोधिसत्त्वको मूर्ति र यक्षको मूर्तिमा कलात्मक एक रूपता पनि अनोठो प्रकारको

---

१. पशुपति कुमार द्विवेदी, Museum in Nepal, काठमाडौं, १९७६, पृष्ठ ११५.

हुँदो रहेछ[1] । मथुराको प्रसिद्ध बोधिसत्त्व मूर्तिमा पनि यही समरूपता देखा परेको छ[2] । अतः यस राष्ट्रिय संग्रहालय स्थित बोधिसत्त्वको मूर्तिले जहाँ काठमाडौं उपत्यकाको प्रस्तरकलाको सबै भन्दा प्राचीन परम्पराको जानकारी दिन्छ, त्यहीं यसले भारतमा प्रचलित भएको त्यस बेलाको दर्शन भूमि संग पनि सम्बन्ध स्थापित गर्दछ । समपाद स्थानक मुद्रामा खडा भएको बलौटे प्रस्तरको यो बोधिसत्त्व यक्ष परम्पराको शैलीको हो । अतः हार, धोती, मेखला, उत्तरीय र शारीरिक बनौटबाट भारतका मूर्ति संग तुलना गर्दा र नेपालको वाङ्मयको प्रवाह हेर्दा यो मूर्ति यक्ष शैलीय प्रभाव देखा परेको बोधिसत्त्वकै मूर्ति हो भन्ने कुरा स्पष्ट हुन्छ । स्व० श्री केशर शम्शेर ज० ब० रा० द्वारा लुम्बिनीमा उत्खनन गर्दा प्राप्त भएको बुद्ध र बोद्धिसत्त्वका मूर्तिहरू आज राष्ट्रिय संग्रहालयमा वा काठमाडौंका अरू संग्रहालयमा उपलब्ध भएको भए अथवा पुरातत्त्व विभाग, श्री ५ को सरकारबाट प्रदर्शनार्थ राखेको भए अझ यी मथुरा शैलीका यक्ष परम्पराका बोधिसत्त्व सम्बन्धि हाम्रो अध्ययन गहिरो हुन सक्ने थियो । "लामा घुम्रेको आँखिभौं, फर्केको

1. Ananda K. Coomaraswamy, History of Indian and Indonesian Art, New York, 1965, Page 46.

2. G. P. Malalaskekara, Encyclopaedea of Buddhism, Ceylon, 1973, Page 484.

"The Mathura Boddhisattvas closely resemble the ancient yaksa figures."

कमल समान खुला आँखा र अनुहारमा फैलिएको अपूर्व आभा" जस्ता वर्णनबाट मात्र सन्तोष मानिकन बस्नु पर्ने स्थिति हुने थिएन ।

प्रारम्भिक समयको बोधिसत्त्वको मूर्तिको अर्को एक नमूना रातो बलौटे ढुंगाको सारनाथ संग्रहालय स्थित १२३ ई० को बोधिसत्त्वको मूर्ति हो । यो मूर्ति ८'१½" अग्लो छ ।

नेपालको धार्मिक साहचार्य

नेपालको धार्मिक विचारधारामा देशको धार्मिक साहचार्य स्थापना गर्न किंवा प्रतिस्पर्धामा अगाडी बढी रहन जुन दार्शनिक एवं कलात्मक प्रयासहरू भएको छ त्यसबाट बोधिसत्त्व दर्शन र कला पनि प्रभावित भएको छ । अझ भनौं, नेपाली बौद्ध–जीवन गतिशील र प्रभावशाली बनाउन यी बोधिसत्त्व चरित्रहरूबाट ठूलो भूमिका खेलेको छ । यहाँका बौद्ध आचार्यहरू कति कल्पनाशील, कति तार्किक, कति प्रभावशाली नेतृत्व भएका एवं आफ्ना युग प्रति कति सचेत थिए भन्ने कुरा पनि यी विभिन्न बोधिसत्त्व चरित्रको विश्लेषणबाट स्पष्ट हुन्छ । नेपालमा पूजित १०८ बोधिसत्त्वहरू, मान्य ३६० बोधिसत्त्वहरू, नामबाट ज्ञात पूजित सहस्र बोधिसत्त्वहरू यसका प्रमाण हुन् ।

यहाँ उदाहरणार्थ ३ बोधिसत्त्वहरूको चरित्रको संक्षिप्त वर्णन गरिन्छ । त्यसपछि नेपालका सबै मूर्तिहरू चित्र नेपालको उपरोक्त तथ्यको आयामबाट हेरिदिनु कतिको जरुरत हुन्छ, पिण्डपात्र लोकेश्वरको प्रसंगबाट स्पष्ट गरिन्छ ।

[३०]

हरि हरि हरि हरिवाहन लोकेश्वर

कर्पोत्तर पर्वतमा कालिदहनको बेला तक्षपाल नागलाई सम्भाल्न नसकेकोले उनलाई बगाएर गंगा सागरमा पुऱ्याइ दियो। तर तक्षपाल नागलाई नेपाल नै माया लागेको थियो। उनि गंगा सागरमा बस्न चाहेनन्।

तक्षपाल नाग नेपालमा आए। तर कसैले उनको वास्ता गरेन। त्यस कारण आफ्नो प्रभाव देखाउन उनले धेरै मानिसलाई त्राश देखाउन थाले। डस्न थाले। तर पनि कसैले वास्ता गरेन। अर्थात् उनको सम्मान गरेन। यसको विपरीत उनि आफै बरु त्यस पापबाट कुष्ट भए। आफु कुष्ट रोगबाट बच्न उनले अवलोकितेश्वरको ध्यान गर्न थाले। तपस्या गर्न लागे।

एक दिन तक्षपाल नाग घाम तापी रहेको बेला एउटा गरुड त्यहाँ आइपुग्यो। गरुडले तक्षपाल नागलाई समात्न लाग्यो। तक्षपालले भन्यो, "म कुष्ट रोगबाट पीडित छु। कुष्ट रोगबाट मुक्ति पाउन म आर्यावलोकितेश्वरको तपश्चर्या गर्दैछु। म आफ्नो कुष्ट रोगबाट मुक्ति पाइकन नेपालमा ससम्मान बस्न चाहन्छु। मलाई मार्ने र मलाई खाने आकांक्षा न राख।"

तर गरुडले मानेन।

अन्ततः गरुड र तक्षपालको बीचमा भयंकर संघर्ष भयो। अवलोकितेश्वरको व्रतमा रहेका तक्षपाल नागले गरुडको प्वाँख वेरि

दिए। गरुडले नागलाई खानु त कता कता, नागले गरुडलाई पोखरीमा डुबाउन लागे।

यो संघर्ष तीन दिन सम्म रहि रह्यो। चौथो दिन गरुडले हार माने। त्यसपछि पोखरीमा डुबिरहेका गरुडले श्री बिष्णुनारायणको आराधना गरे। श्री बिष्णुनारायण शंख, चक्र, गदा र पद्म धारण गरी स्वयं त्यहाँ प्रकट हुनुभयो। उनले सुदर्शन चक्रबाट गरुडको मुक्तिका लागि गरुडको प्वाँखमा बेरिई रहेका सर्पको बन्धन के काट्न लागेका थिए, तक्षक नागले पनि एक चित्त गरी आर्यावलोकितेश्वरको ध्यान गरेर प्रार्थना गरे, "भो आर्यावलोकितेश्वर ! मेरो रक्षा गर्नु होस्। म शरणमा छु।"

त्यतिकैमा सिंहवाहन गरेर आर्यावलोकितेश्वर त्यहाँ प्रकट भए। श्री विष्णुनारायण श्री आर्यावलोकितेश्वर करुणामय देखेर प्रसन्न भए। अनि आफ्ना शरीर माथि आर्यावलोकितेश्वरलाई बस्न आग्रह गर्नु भयो।

गरुड नागपाशबाट मुक्त भए। नागले पनि गरुडबाट त्राण पायो।

त्यस पछि नागमाथि सिंह, सिंह माथि गरुड, गरुड माथि श्री विष्णुनारायण र श्री विष्णुनारायण माथि आर्यावलोकितेश्वर करुणामय बस्न लागे।

चारोगिरी पर्वत (चांगु) माथि हरि हरि हरि हरिवाहन लोकेश्वर यसरी सिद्ध भए। त्यस बेला देखि श्री अवलोकितेश्वर विष्णुक्रान्त लोकेश्वर रुपमा प्रसिद्ध भए।

आज पनि नेपाली बौद्धहरू लोकेश्वर पूजा, व्रत, "धलं" को क्रममा चांगुमा जान्छन् । श्री हरि हरि हरि हरिवाहन लोकेश्वरको पूजा, व्रत र "धलं" कार्य गर्दछन् । सुनिन्छ, उपरोक्त वर्णनानुसारको मूर्ति चांगुको प्रमुख मूर्ति हो । पाटन स्थित हिरण्यवर्ण महाविहार (क्वाबहाल) मा यसको राम्रो नमूना मूर्ति छ । रुद्रवर्ण महाविहार स्थित यस दर्शन संग सम्बद्ध मूर्तिको चित्र यहाँ चित्र संख्या २० मा दिइएको छ ।

यो चित्र श्री शिवदेव संस्कारित रुद्रवर्ण महाविहारको "खण्डचुक" अर्थात् "गयिचा" मा प्रवेश गरि सकेपछि मुख्य विहारमा जाने द्वार अगाडीको ढुगे भऱ्यांगको दायाँ बायाँका सिंह माथि राखिएका हुन् । यहाँ रहेको ने० सं० १००९ का अभिलेखबाट यो कुरा पनि स्पष्ट हुन्छ, उपरोक्त प्राचीन दर्शनको व्यापक प्रभाव हालसम्म यथावत कायम छ ।

पिण्डपात्र लोकेश्वर

दैत्य संसारमा चक्रवर्ती हुन द्वापर युगमा बलि राजाले निर्लग महायज्ञको प्रारम्भ गरेका थिए । उनले अनेक दान कार्य गरे । उनले पञ्च पाण्डव सहित सबै प्रसिद्ध राजाहरूलाई बन्दि बनाइ राखेका थिए ।

बलि राजाको यस यज्ञ अनुष्ठानबाट देवलोकमा समेत हाहाकार मच्चियो । सबै देवताहरू गएर विष्णुलाई प्रार्थना गरे । श्री विष्णु भगवानले वामनको अवतार लिनुभइ बलि राजा कहाँ भिक्षा माग्न आउनु भयो । भिक्षाकांक्षी वामन ब्राह्मणलाई देखेर शुक्राचार्यले बलि

राजालाई सतर्क गराएका पनि थिए । तर याचकलाई दान दिनै पर्दछ भन्ने विचारमा बलि राजाले आफ्नो दृढता देखाए । वामनावतारी ब्राह्मणले बलि राजासंग दुई पाइला भर ठाउँ भिक्षा माग्नु भयो । बलि राजाले सगर्व भन्यो, "म जस्ता संग के दुई पाइला मात्र माग्नु हुन्छ, अझै अरू माग्नुस न ।" त्यसपछि ब्राह्मणले तीन पाइला भर ठाउँ माग्नु भयो । बलि राजाले कुश र तिल साथ दानको के संकल्प गरेका थिए वामनावतारी ब्राह्मणले साक्षात् विष्णुको स्वरूप धारण गरेर शंख, चक्र, गदा र पद्म धारण गर्नु भई विराट तीन पाइला ठाउँ माग्नु भयो । एक पाइलाबाट पृथिवी र अर्को पाइलाबाट आकाश ढाके पछि आफ्नो कबुल अनुसार नपुग्दा तेश्रो पाइला बलि राजाले आफ्नो टाउकोमा शिरोद्धार्थ गरे । बलि राजा सपरिवार सप्त पातालमा पुगे ।

उता पञ्चपाण्डव सहित सबै बन्धनमा परेका राजाहरू मुक्त भए ।

अनि बलि राजा सपरिवार सप्तपातालमा सारै दुःख भोगिरहेको देखेर करुणामय लोकनाथले उनीहरूको उद्धारार्थ त्यहाँ आफ्नो रश्मि फैलाएर पठाउनु भयो । बलि राजाले रश्मि देखेर ब्रह्मा, विष्णु, महेश्वर र इन्द्र मध्ये को आयो भनेर यसो हेर्दा श्री करुणामयलाई देखे । बलि राजा हर्ष विभोर भए । उनले सपरिवार भईकन श्री करुणामयको आराधना र स्वागत सत्कार गरे । पहिले त बलि राजा केही दान गर्ने भने कुरा देखि नै डराएका थिए । तर पछि श्री करुणामयको सुपात्रमा

दिने दान दुःख तारक बन्ने उपदेश पछि उनि दान दिन उद्यत भए। बोधिसत्त्वलाई भिक्षा भरिएको पिण्डपात्र दान गरेर आफ्नो दुःख त्राण होस् र जन्म सफल होस् भन्ने प्रार्थना गरे। बोधिसत्त्वले बलि राजाको पिण्डपात्र दान स्वीकार गर्दै पिण्डपात्र दानको महात्म्य सुनाउनु भयो, "एक वर्षको वर्षाको पानीको विन्दुहरू, संसारका यावत वृक्षका पातहरू, समस्त प्राणीका रोमहरू, समस्त नदी सागरका बालुवाहरू गन्न बरु सकिएला, परन्तु बोधिसत्त्व र भिक्षुसंघलाई चढाएको पिण्डपात्र दानको फलको महात्म्य व्याख्या गर्न सकिंदैन।"

पिण्डपात्र दानको महत्व बारेको उपदेश सुनेर बलि राजाले आफ्ना अघिल्ला अल्प फलका पुण्यकार्य र आफ्नो घमण्डलाई याद पनि गरे।

श्री अवलोकितेश्वरले फेरी भन्नु भयो, "अहंकार युक्त दान निष्फल हुन्छ। बोधिचित्तका साथ दिइएको दान महत्फल महान अनिशंसदायी हुनेछ।"

यसपछि सपरिवार बलि राजाको उद्धार गरेर श्री अवलोकितेश्वर अग्नि ज्वालावत् भएर अन्तरध्यान भए।

त्यसै बेला देखि श्री अवलोकितेश्वर करुणामय "श्री पिण्डपात्र लोकेश्वर" को रूपमा प्रख्यात हुनु भयो (गुणकारण्ड व्यूह)।

श्री पद्मपाणि लोकेश्वर

"श्री पद्मपाणि लोकेश्वर कथा" माथि वर्णन गरिसकेको पद्मपाणि बोधिसत्त्वको विकास क्रमको कथा र मणि कम्बोम् (Mani Kambom) को कथा भन्दा भिन्न छ। यो कथा १०८ लोकेश्वर क्रमको र धार्मिक सह–जीवनमा गतिशीलता कायम राख्ने किसिमको छ। अतः यस सम्बन्धमा संक्षिप्त कथासार प्रस्तुत गर्नु उपयुक्त नै हुनेछ।

एउटा हात्ति बन जंगल चहार्दै आफ्नो क्षुधा मिटाएर फर्किरहेको थियो। बाटामा त्यसले निर्मल पानी भएको एउटा कमल पोखरी देख्यो। त्यहां रंगी विरंगी अनेक अनेक कमलका फूलहरू फुलिरहेका थिए।

पोखरीको पानी खाइ रहेको बेला त्यस हात्तिले एउटा यस्तो रक्तवर्णको पूर्ण रूपले फक्रेको कमलको फूल देख्यो, उसलाई त्यो फूल टिपेर श्री नारायणलाई चढाउने इच्छा भयो।

पोखरीको बीचमा फक्रेको त्यो कमलको फूल टिप्न हात्ति पोखरीको माझमा पुगेकै मात्र थियो पोखरीमा मित्र्याउनेले पोखरीको बीचबाट आएर उसको खुट्टामा बेरिएर उसलाई पोखरी भित्र तान्न लाग्यो।

श्री नारायणमा फूल चढाउन फूल टिप्न लाग्दा यस्तो विपत्ति पर्दा त्यस हात्तिलाई ठूलो पीर पर्‍यो। हात्तिले रोदन क्रन्दन गर्दै

श्री नारायणको पुकार गर्न लाग्यो। श्री नारायण त्यहाँ आइपुगेका थिएनन्। त्यसै बेला श्री करुणामय त्यहाँ प्रकट भए। हात्तिको पुकार सुनेर उसको उद्धारार्थ श्री करुणामयले शंख, चक्र, गदा, पद्म, धारण गरेका श्री नारायणकै रूप लिएर त्यस हात्तिबाट कमल फूल ग्रहण गर्नु भयो र हात्तिको उद्धार गर्नु भयो। हात्तिले पनि पोखरीबाट माथि आएर कमलको फूल चढाइसके पछि पशुयोनिबाट मुक्त हुन प्रार्थना गऱ्यो। त्यसै बेला श्री लोकेश्वर आर्यावलोकितेश्वरले श्री नारायण रूप त्यागी आफ्नो स्वरूप दर्शन दिनु भयो र हात्तिलाई पशुयोनीबाट मुक्त हुने आशीर्वाद दिनु भयो।

श्री अवलोकितेश्वर हात्तिले चढाएको कमल फूल लिइ जेतवन विहार, जहाँ शाक्यसिंह भगवान् बुद्ध थिए त्यहाँ जानु भयो। भगवान्को दर्शन गर्नु भयो। आफुले हात्तिको उद्धार गरेको वृत्तान्त सुनाएर हात्तिद्वारा चढाइएको कमलको फूल बुद्धमा अर्पित गरे। त्यस पछि श्री आर्यावलोकितेश्वरले सुखावती भुवनमा श्री अमिताभ तथागतको दर्शन गर्न जान उनीसंग विदा मागे। बुद्धले श्री अवलोकितेश्वरको उद्धार कार्यको प्रशंसा गर्नु भयो। अनि आफ्नो तर्फबाट अमिताभ तथागतमा कुशल क्षेम सोधेर त्यो कमल फूल पनि अमिताभमा नै चढाउन आग्रह गर्नु भयो।

श्री अवलोकितेश्वर कमल फूलका साथ सुखावती भुवनमा पुग्नु भयो। पुग्नासाथ अमिताभ बुद्धमा नमस्कार गरे। अनि शाक्यसिंह बुद्धले चढाइ पठाउनु भएको कमलको फूल चढाइए। अमिताभ तथागतले

श्री अवलोकितेश्वरको प्रशंसा गर्नु भयो। साथै त्यो कमल फूल सधैं आफ्नै हातमा लिएर सकल सत्त्व प्राणीलाई उद्धार गरी रहने उपदेशका साथ त्यो कमल फूल श्री अवलोकितेश्वरको बायाँ हातमा दिनु भयो। त्यसै वेला देखि श्री अवलोकितेश्वर श्री पद्मपाणि लोकेश्वर भनि संसारमा प्रख्यात भए। गुणकारणव्यूहको यस कथासार चर्चामा श्री करुणामय, श्री अवलोकितेश्वर र बोधिसत्त्व शब्द स्वतन्त्र रूपमा एक अरूका लागि प्रयोग गरिएका छन्।

श्री अवलोकितेश्वर, बुद्ध (गौतम) र अमिताभ ध्यानी बुद्धलाई यहाँ सम्बन्धित गरेर गाँसि दिएको छ। बुद्ध र बौद्ध दर्शनको विकास प्रक्रियाको ऐतिहासिक कालक्रमलाई यसरी यहाँ उपेक्षित गरेको देखिन्छ।

श्री अवलोकितेश्वरले श्री नारायणको स्वरूप धारण गरिएको जहाँ देखाउँछ, त्यहीं आफ्नो नाउँमा आराधना नगरेता पनि प्राणी उद्धार गर्ने श्री अवलोकितेश्वरको उदात्त चरित्र पनि स्पष्ट गरेको छ।

अब हामी "पिण्डपात्र लोकेश्वर" को परिचर्चा पुनः एकबार केही विस्तारका साथ गर्नेछौं।

श्री पिण्डपात्र लोकेश्वर : पुरातात्त्विक तथ्य

श्री पिण्डपात्र लोकेश्वरको वर्णन संस्कृत भाषाको प्राचीन बौद्ध वाङ्मयमा मात्र पाइने होइन, अपितु श्री पिण्डपात्र लोकेश्वरको प्राचीन पुरातात्त्विक प्रमाण पनि पाइन्छ (चित्र सं. ७)। यो कुरा धार्मिक

साहचार्य स्थापना गर्ने प्रयास किंवा धार्मिक प्रतिस्पर्धामा आफु अगाडी रही रहने प्रयत्न नेपालको प्राचीन कालको इतिहासलाई जनताको इतिहास रूपमा पढन लागे पनि स्पष्ट हुन्छ । 'सुगत शासन पक्षपाति' शिवदेव, वृषभदेव र धर्मदेव पछि मानदेवको प्रख्यात बिष्णु बिक्रान्त प्रतिमा बनेको थियो । श्री पिण्डपात्र लोकेश्वरको मूर्ति र श्री विष्णु विक्रान्तको मूर्तिको कलात्मक तुलना गरी अध्ययन गरेको खण्डमा पनि यो कुरा भन्न स्पष्ट हुन्छ । बरु अहिले हामी I. श्री पिण्डपात्र लोकेश्वरको मूर्ति निर्माण पछि श्री विष्णु विक्रान्तको मूर्ति बनेको हो, II. श्री पिण्डपात्र लोकेश्वरको र श्री विष्णु विक्रान्तको मूर्ति संग संगै निर्माण भएको हो, अथवा III. श्री विष्णु विक्रान्त मूर्तिको निर्माण पछि श्री पिण्डपात्र लोकेश्वरको प्रतिमा निर्माण भएको हो भन्ने विवादमा पर्न सक्दैनौं । किनभने श्री पिण्डपात्र लोकेश्वरको मूर्ति अभिलेख युक्त छैन । अर्को कुरा चपल टोल तुरण ननी स्थित मूर्तिहरूको तल्लो भाग विशेषतः बुद्धको आशन मुन्तिर टाँसिएको वा काटिएको छ भने भक्तपुर शहरको उत्तर तिर भिरालो पाखामा एउटा ढुंगे धारा र पोखरी छेउमा रहेको मूर्तिका मुखाकृतिहरू पनि पूर्वोक्त मूर्ति जस्तै अस्पष्ट छन् ।

भादगाउँको प्रसिद्ध सिद्ध पोखरीको उत्तर तिर पोखरीको पर्खाल बाहिर रहेको सतलमा एक मूर्ति छ (चित्र संख्या ७) । यस सतल भएको ठाउँलाई आजकल भक्तपुरको गुह्येश्वरी पनि भनिन्छ । त्यस सानो चोकमा पूर्व र उत्तर तिर जोडिएका पश्चिमाभिमुख र दक्षिणाभिमुखका दुई सतलहरू छन् । यो मूर्ति पश्चिमाभिमुखको सतलको भित्तामा राखिएको छ । प्रतिमा पश्चिमाभिमुखको छ । यो मूर्ति हाल आफ्नो

मूल स्थानमा विद्यमान भएको जस्तो लाग्दैन । सुरक्षार्थ त्यस सतलमा कुनै समय देखि राखिएको हुनु पर्दछ ।

यो मूर्ति २०'×२४' फराकिलो ढुंगामा कुंदिएको छ । ढुंगाको पालिश प्रायः मेटिसकेको छ । मुखमुद्राको स्थिति पनि त्यस्तै अस्पष्ट छ । तर पनि यहांको यस बुद्ध मूर्तिको आशन तुरणबहाल र भक्तपुरको उक्त बुद्ध मूर्तिका आशन भन्दा सारै सुरक्षित रूपमा रहेको देखिन्छ ।

बुद्धको सिंहासनको कलात्मक बुट्टाको स्तरबाट विचार गर्दा यो मानदेव पूर्वको जस्तो देखिन्छ । यस मूर्ति फलकमा भगवान् बुद्धलाई चामर पंखा हम्काइरहेका दुई बोधिसत्त्व पद्मपाणिहरू मध्येमा बुद्धको बायाँ तिरका बोधिसत्त्वको अगाडी तल तिर बायाँ घुंडा टेकेर रहेका पुरुष मूर्ति (बलि राजा) पछाडीको तर त्यसैको माथि तिर देखिएको घोडा सम्वत् ३८९ को मानदेवको प्रसिद्ध विष्णु विक्रान्त मूर्तिको घोडा संग ठ्याम्मै मिल्दो जुल्दो छ ।

भूमिस्पर्श मुद्राका यस बुद्ध मूर्तिको दायाँ बायाँ दुई पद्मपाणिहरू चामर धारिणी मूर्ति उभिएका छन् । यी दुबैको अवस्थिति शैली फण्डै उस्तै उस्तै छ । दायाँ तिरको कमल पूरा फर्केको भएता पनि बुद्ध तिर उन्मुख छैन । बायाँ तिरको कमल चाहिं बुद्ध तिर उन्मुख भएर फर्केको छ । मलाई लाग्छ माथि उल्लेख गरेका भक्तपुरको यस्तै प्रकारको पद्मपाणिहरूको मूर्तिको कमल पनि त्यस्तै छ । जब कि तुरण बहालस्थित पद्मपाणिहरूको हातका कमलहरू चाहिं दर्शकहरू तिर पूरा फर्केको रूपमा अभिमुख भएका छन् । दुबै पद्मपाणि मूर्तिहरूमा भएका

हार गोलो र मोटो प्रकारका छन् । तुरण बहाल स्थित पद्मपाणिहरूको मूर्तिमा र उक्त भक्तपुरको मूर्तिमा भने हार भएको देखा पर्दैन । शरीरको बनावटको जहाँ सम्म कुरा छ सलक्क परेको छैन । जस्तो कि भक्तपुरको उक्त पद्मपाणि मूर्तिको खुट्टाको अवस्थिति (चित्र सं. ९/१०) ले दर्शाउँछ । दुबै बोधिसत्त्वहरू संग दायाँ हातमा चामरहरू छन् । तर चामर आ-आफ्ना काँधमा अढ्याएका छन् । आज पनि धारणी पढ्दै जाँदा चामर हम्काउँदै यस्तै गरी चामर काँधमा अढ्याउने गर्दछ । चामर हमकाइ नै रहेको बेलामा भन्ने तुरण बहालको बुद्धको बायाँ तिरको जस्तै चामरको स्थिति देखा पर्ने गर्दछ ।

दुबै बोधिसत्त्वहरूका मुकूट तुरण बहालको बोधिसत्त्वको जस्तै स्पष्ट छैन । दुबै पद्मपाणिहरूका सामुने तर तिनीहरूको छेउ तल तिर घुँडा टेकेर बसेका दुई नर र नारी राजा बलि र उनकी रानी हुन् । बलि राजाले दायाँ घुँडा उठाएर बायाँ घुँडा भुईंमा टेकेको अंजलिवद्ध रूपमा देखिन्छ भने रानी दायाँ घुँडा भुईंमा टेकेर बायाँ घुँडा उठाएर बसिरहेको अवस्थामा देखिन्छ । तिनको हातमा भिक्षापात्र छ ।

श्री हेमराज शाक्यले यस मूर्तिलाई बिम्बिसारको वेणुवन दानको मूर्ति मान्नु भएको छ[१] । मूर्ति फलकमा राजा रानी र घोडाको उपस्थितिले गर्दा र फलकमा बेणुवन जस्ता देखिएकोले उहाँलाई यस्तो भ्रम भएको हो ।

---

१. हेमराज शाक्य, बुद्ध मूर्ति छगू अध्ययन, काठमाडौं, ने० सं० १०९७, पृष्ठ ८७.

मैले ३०-४-२०३६ का दिन उक्त मूर्तिलाई स्थानीय बालकहरूको सहायता लिइ सफा गरेर हेर्दा बुद्धको दायाँ तिर पिप्पलका पातहरू भएको स्पष्ट देखें। अतः यो मूर्ति वेणुवन (बाँसबारी) संग सम्बन्ध छैन भन्ने मेरो धारणा हो। श्री शाक्यज्यूले यस मूर्तिलाई अनुमानत १० सदीको मान्नु भएको छ।

दुर्भाग्यवश यस मूर्ति फलकका भएका विभिन्न मुख मुद्राहरू मध्येमा कसैको मुखमुद्रा पनि स्पष्ट देखिदैन। सयकडौं वर्षको घाम पानीले यस मूर्तिहरूलाई यस स्थितिमा पुर्‍याएको छ। तर पनि मुखमुद्रामा नियालिइकन हेर्दा बुद्धको मुखको आकारले मलाई बोरोबुदुरको शान्त बुद्ध मूर्तिको र श्रीलंका अनुराधपुरको प्रसिद्ध शान्त बुद्ध मूर्तिको याद दिलायो।

बुद्धको समयमा उनका शिष्य भिक्षुहरू आफुद्वारा अवबोधित वा दिक्षित भिक्षुहरू वा उपासक उपासिकाहरू बुद्ध कहाँ बुद्धको दर्शनार्थ लगि दिने गर्दथ्यो। यी दुई पद्मपाणि चमर धारणी श्री अवलोकितेश्वरले पनि बलि राजा र रानीलाई उनको उद्धार पछि सुखावती भुवनमा अमिताभ तथागत कहाँ लगिएको दृश्य त यो होइन कि भन्ने प्रश्न उठदछ। एक श्री अवलोकितेश्वरको मूर्ति उद्धारक श्री अवलोकितेश्वरको प्रतीक र अर्को श्री अवलोकितेश्वरको मूर्ति अमिताभ बुद्ध कहाँ लगेको बेलाको श्री अवलोकितेश्वरको प्रतीक रूपको हुन सकिन्छ।

तर जे होस्, कुनै राजा रानी संगै त्यसरी बुद्ध कहाँ गएर भिक्षान्न वा अंगूर चढाएको प्रसिद्ध घटना केही नभएको र नेपालको

ऐतिहासिक परिपेक्ष्यमा विचार गर्दा तथा कलात्मक स्तरको शैलीको विचार गर्दा, प्रसिद्ध त्रिविक्रम मूर्ति सामुने राखेर नेपालको धार्मिक साहचार्य स्थापना गर्ने एवं प्रतिस्पर्धात्मक वाङ्मय रचनाको ख्याल गर्दा यो मूर्तिलाई "श्री पिण्डपात लोकेश्वर" को मूर्ति मान्नु युक्तियुक्त छ।

यस मूर्तिलाई श्री प्रतापादित्य पालज्यूले जस्तै पंखा हमकाइ-रहेको मूर्ति साधको बुद्ध मूर्ति मात्र मान्नु उचित छैन। उहाँको यस मूर्तिफलकको छैठौं शताब्दी मिति निर्धारण बरु विचारणीय छ[1]।

श्री डा० डिल्लीरमण रेग्मीज्यूले जस्तो प्राचीन मूर्तिका चित्र-हरूको क्रममा कालीयदमन मूर्ति आदि पछि सबै भन्दा तल उक्त दुई मूर्तिलाई राख्नुमा पनि कुनै औचित्य देखिन्दैन। श्री रेग्मीज्यूले तुरण बहाल चित्रको परिचय श्री प्रतापादित्य पालले जस्तै दिनु भएको छ तर समय भने निर्धारित गर्नु भएको छैन। जब कि सिद्धि पोखरीको मूर्तिलाई उहाँले सातौं शताब्दीको मान्नु भएको छ[2]।

चपटोल तुरण बहाल स्थित मूर्ति

चपटोल तुरण बहाल स्थित यो मूर्ति पनि सिद्धिपोखरी उत्तर तिरको उपरोक्त वर्णित "श्री पिण्डपात्र लोकेश्वर" को मूर्ति र भक्तपुरकै

---

1. Pratapaditya pal, The arts of Nepal, Netherland, 1979, Plate 178.
2. Dr. D. R. Regmi, Ancient Nepal, Calcutta, 1969, (पुस्तकको प्रारम्भमा दिइएका अन्तिम दुई चित्रहरू)।

अर्को मूर्ति जस्तै चौकोण ढुंगामा त्यस्तै विषयवस्तु र कलात्मक स्तरको मूर्ति हो (चित्र संख्या ४) । दुर्भाग्यवश यस मूर्तिको वज्राशनको बुद्धको पादाशन भाग, आसन भाग र उसको दायाँ बायाँ तिरका बोधिसत्त्व मूर्तिहरूको तल्लो भाग विशेषतः बुद्धको बायाँ तिरको बोधिसत्त्वको तल्लो भाग तल सम्म काटिएका वा ताँसिएका छन् । तर पनि बायाँ तिर अवस्थित पद्मपाणि चामर धारणी मूर्तिको खुट्टा तिरको ढुंगाको अवस्थिति र संगै टाँसिएको स्थितिबाट यहाँ बलि राजा वा रानीको मूर्ति हुनु धेरै सम्भावना छ ।

अब यस मूर्तिबारे विभिन्न विद्वानहरूको विचारहरूको संक्षिप्त अध्ययन गरौं । किनभने यस मूर्तिको बारेमा उपरोक्त "श्री पिण्डपात्र लोकेश्वर" मूर्ति झैं विद्वानहरू मौन छैनन् ।

डा० डिल्लीरमण रेग्मीज्यू चित्रपरिचयमा लेख्नु हुन्छ, Buddha flanked by two Bodhisatvas, Chapa Tole, Patan. जब कि सिद्धपोखरीको उक्त मूर्ति परिचयमा उहाँ लेख्नु हुन्छ, Seated Buddha Shakyamuni flanked by two standing Bodhisatvas, Northen out wall, Siddhapokhari, Bhadgaon, 7/8th. century.[1] यसरी श्री रेग्मीज्यूले यस चपटोलको मूर्तिमा मिति दिनु नभएता पनि प्रारम्भिक

---

1. Dr. D. R. Regmi, Ancient Nepal, Calcutta, 1969, page प्रारम्भ अघिका चित्रक्रममा अन्तिम दुई चित्रहरू ।

मूर्ति कलाको वर्णनक्रमको तस्बीरमा कालियदहन मूर्तिको पछि ७/८ शताब्दीको अन्तिम चित्र अगाडी यसलाई राखिएकोले उहाँले यस मूर्तिलाई ६ शताब्दी तिरको धारणा देखाउनु भएको महशुस हुन्छ ।

श्री रेग्मीज्यूले यसको विस्तृत वर्णन गर्नु भएको छैन । तर पनि उहांको The Buddha with calm feature, eye closed and serene[१] भन्ने टिप्पणी सारै महत्वपूर्णको छ । यस टिप्पणीबाट मेरो (बुद्धको मुखमण्डल बारेको) पूर्वोक्त विवरणमा बल मिलेको छ ।

श्री हेमराज शाक्यज्यूले तुरण बहाल स्थित यस मूर्तिलाई अनुमानित छैठौं शताब्दीको मान्नु भएको छ । यो मूर्ति फलक राखिएको जलहरि जस्ता आशनमा भएको लिच्छवि अभिलेखको आधारमा यस बुद्ध मूर्ति बारेमा वहाँ लेख्नु हुन्छ—यो मूर्ति चातुर्दिशक महायानीहरू बस्ने गन्धकुटी महाविहारमा प्रतिस्थापनार्थ बनाइएको हो[२] । श्री प्रतापादित्य पालज्यूले The Arts of Nepal मा भण्डै दुई दर्जन नेपालमा उपलब्ध कलात्मक रूपका उल्लेखनीय श्री अवलोकितेश्वरका मूर्तिहरू र पद्मपाणि लोकेश्वरको मूर्तिहरूको चित्र दिनु भएको छ । चपटोल तुरण बहालको यस मूर्तिलाई Buddha with Boddhisattva शिर्षकमा चित्र संख्या १७७ मा दिनु भई उहाँले यस मूर्तिलाई

1. Dr. D. R. Regmi, Ancient Nepal, Calcutta, 1969, Page 313.

२. हेमराज शाक्य, बुद्ध मूर्ति छगू अध्ययन, काठमाडौं, ने० सं० १०९७, पृष्ठ ८७-८९ र ९६-९७.

छैठौं शताब्दीको मान्नु भएको छ[1] । यसैले यस मूर्तिलाई दुई भक्तका साथ बुद्ध मानेर ६५० ईसवीको मूर्ति मानेका छन्[2] ।

भक्तपुर स्थित मूर्ति

भक्तपुरको   टोलको भिरालोमा एउटा सानो देवल जस्तो ठाउँछ । त्यहांका जनताले यस मूर्ति (चित्र सं. ८) लाई मुख्य देवताको रूपमा नै मानि राखेको छ । यस देगलको दायाँ तिर एउटा पोखरी पनि छ । पोखरीको दक्षिण पश्चिम कोणमा एउटा ढुंगे धारा छ । भनिए अनुसार यो ढुंगे धारा हाल राखिएको हो । तर त्यहाँ पहिले पनि पानीको मुहान वा धारा भएको देखिन्छ । हाल "ढुंगे धारा" मात्र पुरानो कहिंबाट ल्याएर राखिएको होला ।

यस मूर्तिलाई आजकल टोलका जनताले प्रत्यक्ष प्रभावशाली देवताको रूपमा पूजा गर्दै आएको छ । यो मूर्ति गणेशको जस्तो देवलमा एकान्तमा रही भइ रहेकोले आज सम्म कसैको यहाँ दृष्टि पुग्न सकेको छैन ।

मूर्तिको ढुंगा र आकार क्रण्डै पूर्वोक्त दुई मूर्तिकै जस्तो छ । ठूलो संयोगको कुरा हो यस मूर्तिमा पनि तुरण बहालका जस्तै नै बुद्धको

---

1. Pratapaditya pal, The arts of Nepal, Netherland, Plate No. 177.
२. जगदीश चन्द्र रेग्मी, लिच्छवि संस्कृति, काठमाडौं, २०२६, पृष्ठ ४४५.

बायाँ तिर ढुंगे गुच्चा बनाइएको अथवा कुनै औजार तिखो पारेको सानो खाल्डो चिन्ह छ। बुद्धको छातिमा चाहीं तुरण बहाल स्थित बुद्ध प्रतिमाको छातिमा जस्तो खाल्डो पुग्ने गरी नोक्सान भएको छैन।

यस मूर्ति फलकको बुद्ध प्रतिमाको मुखमण्डल पनि अस्पष्ट छ। दायाँ बायाँ स्थित दुबै उभिएका पद्मपाणिका मूर्तिको मुखमण्डल झन अस्पष्ट छ। दायाँ बायाँका मूर्तिको हात र कमल फूल एवं चामरको संकेत भने स्पष्टै छ।

विशेष विवेचनीय कुरा हो यसका पद्मपाणि र चामर धारणीहरू मध्ये दायाँ तिरको मूर्तिको खुट्टाको स्थिति सारै लयात्मक छ (चित्र नं. १०)। यसै मूर्तिको दायाँ हातमा चामरको चिन्ह पनि स्पष्ट छ (चित्र संख्या ९–१०)।

एक विचारणीय आयाम

नेपाली कलाको समीक्षा गर्दा जहाँ कलात्मक स्तर र शैली महत्वपूर्ण हुन्छ, त्यहीं नेपालको सन्दर्भमा समकालीन साहित्यको आधारलाई पनि ख्याल गरेर कला र साहित्य संग सन्तुलित गरी हेर्ने एक अर्को आयाम तिर पनि ध्यान दिनु पर्दछ। नेपाली जन–जीवन जसरी राजनैतिक, सामाजिक र सांस्कृतिक प्रवाहमा सामयिक साहचर्य र प्रतिस्पर्धात्मक रूपमा गतिशील हुन्छ, त्यस्तै वाङमयको पनि प्रवाह (Current) हुन्छ। वामनावतारको प्रसंग र श्री पिण्डपात्र लोकेश्वरको तुलनात्मक अध्ययनबाट यो कुरा स्पष्ट हुन्छ। अनि नं

करुणा निमिष चक्षुको बुद्ध, सरल कलात्मक भारको चुच्चो परेको मुकूट लाएका बोधिसत्त्वहरू, अंजलिबद्ध राजा बलि, पिण्डपात्र लिएकी राजा बलिकी रानी, उनका घोडालाई सार्थक रूपमा स्वीकार गर्न सकिन्छ। वस्तुतः नेपाली चित्रकला, मूर्तिकला, साहित्य एवं संस्कृतिमा बुद्ध-धर्मको विषय संग सम्वद्ध कला-पक्षको विचार गर्दा अन्य शैव, वैष्णव आदि यावत धर्मको विषय संग विशेषतः साहचर्य एवं साहचर्यमा पनि पछि नपर्न प्रत्येक धर्मबाट हुने प्रतिस्पर्धालाई कहिल्यै बिर्सनु हुँदैन ।

नेपालमा अवलोकितेश्वर र पद्मपाणिको क्रमिक विकास

नेपालमा अवलोकितेश्वर र पद्मपाणिको क्रमिक विकास

नेपालमा अवलोकितेश्वर र पद्मपाणि बोधिसत्त्वको क्रमिक विकासको समीक्षा गर्नु सहज कार्य होइन । एकातिर, कसरी नेपालमा बौद्ध पद्धति र दर्शन जीवित परम्परा रूपमा सक्रिय र सक्षम भएको छ भन्ने विषय इतिहासको खोजिको विषय छ भने अर्कातिर, नेपालमा एक युग पछि अर्को युगमा समयान्तर गरी एक पछि अर्को देवताको प्रचार प्रसार बढता भएको हुन्थ्यो । यस कारण क्रमिक रूपमा अवलोकितेश्वर र पद्मपाणि बोधिसत्त्वको क्रमिक विकासको इतिहास तयार गर्नुमा कठिनाइ पर्नु स्वाभाविकै छ ।

तर जे होस्, लिच्छवि युगमा प्राचीन प्रकारको बुद्ध मूर्ति विहीन चैत्य, जसलाई अशोक चैत्य भनिन्छ, निर्माण गर्ने परम्परा कायमै छ भन्ने अर्कोतिर बुद्ध, बोधिसत्त्व र लोकेश्वरको मूर्ति निर्माण भइसकेको थियो, भइरहेको थियो । माथि चर्चा गरिसकेको दोश्रो शताब्दीको बोधिसत्त्वको मूर्ति र उपरोक्त तीन बुद्ध र पद्मपाणि बोधिसत्त्वको

मूर्तिहरू यसका उदाहरण हुन्। अब यहाँ लिच्छवि कालीन अरू बोधिसत्त्वका मूर्तिहरूको चर्चा गरिन्छ।

पद्मपाणि बोधिसत्त्व मूर्तिका आधार र लक्षण

बोधिसत्त्वका लिच्छवि कालका अरू मूर्तिहरूको चर्चा गर्नु अघि त्यस युगका बोधिसत्त्वका मूर्तिहरूको आधार र विशेष लक्षण बारे केही चर्चा गर्नु वांछनीय छ। मूर्ति विज्ञान अनुसार बोधिसत्त्वको मूर्ति दुई प्रकारका हुन्छन् :—(१) आसन बोधिसत्त्व र (२) स्थानक बोधिसत्त्व।

आसन बोधिसत्त्व मूर्तिको लिच्छविकालीन उदाहरण मूर्ति दुर्लभ छ। ललितपुर स्थित पुलचोकको माटोको स्तूप (दक्षिण दिशाको थुर) पछाडीको "पुलच्व वही" को दक्षिण तिर, जोगिनीको पछाडी एक चैत्य छ। त्यहाँ प्वालबाट यसो हेर्दा एउटा बसिरहेको मूर्ति देखिन्छ। त्यो शायद बसेका बोधिसत्त्वको एक नमूना हो। अरू बसेका बोधिसत्त्व मूर्ति–विज्ञान अनुसार १०८ बोधिसत्त्वमा कति छन्, परिशिष्ठ २ बाट स्पष्ट हुन्छ। आसन बोधिसत्त्वमा शक्ति पनि हुन सक्छिन्छ। तर यसको अर्थ बसेका बोधिसत्त्वको मूर्तिको प्रकारान्त विकास पछिल्लो युगको हुनु होइन। लखनउ संग्रहालयको बोधिसत्त्व आसनस्थ छ। यस्मा शक्ति छैन। स्मित हाँस, कोमल करुणापूर्ण मुखमण्डल, दायाँ बायाँ दुई कमलका फूलहरू, बायाँ खुट्टा कमलाशनमा अवस्थित एवं दायाँ खुट्टा उठाइएको यो मूर्ति ११ रौं शताब्दीको मानिएको छ। दायाँ हात दायाँ खुट्टाको जानुमा अड्याइ बायाँ हात भुइँमा टेकी राखेको यस मूर्तिको वस्त्र

साधारण छ । कंगन, बाजु, हार र कानमा गोलो रिंग आभूषण युक्त यस मूर्तिको मुकूटमा अमिताभ बुद्ध पनि देखा पर्दैन[1] ।

बोधिसत्त्व संग जब शक्ति हुन्छ, शक्ति बायाँ तिर अथवा काखमा अंगालो हालेको रूपमा हुन्छ । निष्पन्न योगावलीमा १६ प्रकारका बोधिसत्त्वहरूको उल्लेख छ । यिनमा श्री मन्जुश्री र श्री अवलोकितेश्वर नेपाल एवं नेपालको उत्तर तथा दक्षिणपूर्व देशहरूमा धेरै प्रसिद्ध छन् ।

यी बोधिसत्त्वहरू मध्येमा ३ बोधिसत्त्वहरू प्रमुख भएको कुरा पनि निष्पन्न योगावलिमा उल्लेख गरिएको पाइन्छ । पहिलो समूहको प्रमुख समन्तभद्र बोधिसत्त्व भए, शेष २ समुदायको प्रमुख रत्नपाणि बोधिसत्त्व र पद्मपाणि बोधिसत्त्व हुन् । निष्पन्न योगावली अनुसार पद्मपाणि श्वेतवर्ण, दायाँ हात वरद मुद्रा र बायाँ हातमा कमलको फूल लिएको हुन्छ । पद्मपाणि बोधिसत्त्वको मुकूटमा आध्यात्मिक बाबु अमिताभ बुद्धको मूर्ति राखेको हुन्छ ।

श्री प्रतापादित्य पालले रत्नकीर्तिको वर्णनलाई उल्लेख गर्दै पद्मपाणि बोधिसत्त्वको लक्षणको जुन वर्णन गर्नु भएको छ त्यो सारै महत्वपूर्ण छ :—

1. All conquering is the savior of the world.

---

1. Ananda K. Coomaraswamy, History of Indian and Indonesian Art, New York, 1965, Plate No. 223.

2. His lotus hand, stretched down in charity.
3. His dripping streams of nectar to assuage.
4. The thearty spirits of the dead.
5. His glorious face is bright with gathered moonlight.
6. And his glance is soft.
7. With that deep pity that he bears within.

अब यहाँ लिच्छविकालका केही प्रसिद्ध पद्मपाणि बोधिसत्त्वको मूर्तिको चर्चा गर्दछौं । यस प्रसंगमा गण बहाल निर स्थित पद्मपाणि बोधिसत्त्वको मूर्ति, ढोकाबहाल स्थित पद्मपाणि बोधिसत्त्वको मूर्ति, श्रीघल विहार स्थित पद्मपाणि बोधिसत्त्वको मूर्ति, यंगु बहाल स्थित पद्मपाणि बोधिसत्त्वको मूर्ति र पद्मपाणि बोधिसत्त्वका अरू केही मूर्तिको बारेमा क्रमशः वर्णन गर्दछौं ।

गण बहाल ढुंगे धारा स्थित पद्मपाणि बोधिसत्त्व

लिच्छवि कालका श्री आर्यावलोकितेश्वर वा पद्मपाणि बोधिसत्त्वहरूमा अभिलेख युक्त भएको गण बहालको ढुंगे धाराको चोकमा

रहेको यस मूर्तिले बोधिसत्त्वका मूर्तिहरूमा ठूलो महत्त्व राख्दछ। धरहराबाट लगन जाने उत्तरबाट दक्षिण दिशा तिरको ताहागल्ली नाघे पछि पिप्पलको रुखमनि एउटा ढुंगे धारा रहेको छ। यो ढुंगे धारा पिप्पल रुखको पूर्वोत्तर कुनामा पर्दछ। ढुंगे धारा स्वाभाविक लक्षण अनुसार जमीन सतह भन्दा ५/६ फीट गहिरो खाल्डोमा यो मूर्ति छ। ढुंगे धाराको पूर्व तिरको भिट्टामा अडेस लाएको यो पद्मपाणि बोधिसत्त्वको प्रस्तर मूर्ति छ।

यो मूर्ति २ फीट ३ इन्च अग्लो छ। यस मूर्तिको अभिलेख युक्त भएको पादपीठ चाहीं संगै तर दक्षिण तिरको भिट्टामा अडेस लाइ राखिएको लिच्छवि कालको बुद्ध मूर्तिको पादपीठ रूपमा राखिएको छ। ४० अंगूल लम्बा ५ अंगूल चौडा छ। यसको अभिलेखमा यसरी उल्लेख गरेको छ :—

मूलपाठ

१. ॐ स्वस्ति ··· भट्टारकस्य म (हाराज श्री ···) देवस्य साग्रं वर्षशतं समाज्ञा (पयतः)।

२. सर्व्वसत्त्वहितसुखात्र्थाय भगवत आर्या (व) लोकितेश्वरनाथ प्रतिष्ठापितः देवधर्म्मोयं परमोपासकमणिगुप्तस्य।

३. भार्य्यया महेन्द्रमत्या सह यदत्र पुण्यं तद्भ (व) तु मातापितृ-पूर्व्वङ्गमं कृत्वा सर्व्वसत्त्वानां सर्व्वाकारवरोपेत।

४. ··· सर्व्वज्ञज्ञानावाप्तये"।

अनुवाद

"कल्याण होस् । ··· भट्टारक महाराज ··· देवले शयभन्दा बढी वर्ष (लामो काल) सम्म शासन गरिरहनु भएको बेलामा सारा प्राणीको हित र सुखको लागि भगवान् आर्यावलोकितेश्वरनाथको स्थापना गरियो । परमोपासक मणिगुप्तले पत्नी महेन्द्रमतीसंगै भएर यो दानधर्म गरेको हो ।

यसबाट जुन पुण्य भएको छ, त्यसले आमा बाबु लगायतसारा प्राणीले सबै किसिमले असल ··· सर्वज्ञ ज्ञान प्राप्ति गरोस्[१] ।"

पहिलो पंक्ति निक्कै खण्डित हुँदा राजाको नाम देखिदैन यसो भएता पनि श्री धनवज्र बज्राचार्यज्यू रेनिइरो नोलीले रामदेवको पालाको हो भन्ने अनुमान गर्नु भएको कुरा उल्लेख गर्दै लिपि पनि यसै ताकाको भएको कुरा मान्नु भएको छ । साथै वैदिक परम्पराका भक्त अनुपरमले हाँडिगाउँको द्वैपायन स्त्रोत्रमा बौद्धहरूको प्रशस्त निन्दा गरेको बेला परमोपासक मणिगुप्त र उनकी पत्नी महेन्द्रमतीले बौद्ध धर्मानुयायी भई उक्त मूर्ति स्थापित गरेको तथ्य तिर पनि उहाँले संकेत गर्नु भएको छ[२] ।

---

१. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं, वि० सं० २०३०, पृष्ठ १७७.

२. ऐजन् पृष्ठ १७८.

गण बहालको जीर्णोद्धार क्रममा पाएका लिच्छवि अभिलेख सहितको अशोक–चैत्य शैलीका चैत्यहरू, लिच्छवि मुद्राहरू, विशेषतः पूर्वोक्त अभिलेखमा जस्तै "…पूर्वङ्गमकृत्वा सर्व्वसत्वा (ना) ञ्च अनुत्तर ज्ञानावाप्तये–सं…" अभिलेख युक्त एक पादपीठको आधारमा यो पद्मपाणि बोधिसत्त्वको मूर्ति पनि गण बहालकै अंग हो भन्ने अनुमान गर्न सकिन्छ[१]। किनभने यो मूर्ति ढुंगे धारामा यसरी हुनु न त सम्भव छ, न त स्वाभाविकै। बमबहादुर ज० ब० रा० को पालामा विध्वंशित गण बहालका कैयौं मूर्तिहरू यता उति फालेका र छरेका थिए। एउटा अर्को सानो पद्मपाणि बोधिसत्त्वको मूर्ति गण बहाल जाने मूल बाटोको भिरालोमा सानो देवल जस्तो बनाई त्यस माथि टाँसेर राखिएको छ। अतः अनुपरमको बौद्ध निन्दा ताका यो मूर्ति स्थापित गरेको सम्भव भए जस्तै यस्ता अवलोकितेश्वरको मूर्ति र गण बहालको निर्माण वा विकास काल जस्तो जागृत युगमा अनुपरमले बौद्ध निन्दा गरेको हुनु पनि असम्भव छैन। श्री जगदीश चन्द्र रेग्मीज्यूले यस मूर्तिलाई बयालीस वर्षको व्यवधान पछि बुद्ध–धर्मको इतिहास पुनः स्पष्टिने रूपमा उल्लेख गर्नु भएको छ। साथै वहाँले यो मूर्ति रामदेवको पालाको मान्नु भएको छ। वहाँले रामदेवको पालामा ४६९ संबत्‌मा लेखिएको मृगस्थली नेरको शिवलिंगाभिलेखको याद गर्दै यो मणिगुप्तको अभिलेख

---

१. मुद्राहरू र अभिलेखयुक्त चैत्य तथा पादपीठ मैले भेटाएको हुँ र हाल यो गण महाविहारमा संरक्षित छ।

पनि त्यसै बेलाको यता उतिको हुनु पर्ने मान्नु भएको छ[१] ।

श्री प्रतापादित्य पालज्यूले यस मूर्तिलाई मानदेवको अभिलेख-युक्त विष्णु विक्रान्तका दुई मूर्ति पछि उल्लेखनीय मूर्ति मान्नु भएको छ[२] । वहाँको विचार अनुसार यो मूर्ति पुण्यात्मा (Pious) मणिगुप्त र उनकी श्रीमती महेन्द्रमतीले रामदेवको राज्यकालमा स्थापना गरिएको हो । यस मूर्तिलाई छैठौं शताब्दीको मध्यकाल (550 A.D.) निर्धारित गर्न सकिन्छ । वहाँले मूर्तिको विवेचना गर्दै लेख्नु हुन्छ, "The Bodhisattva stands with a slight dehanchement on a Plain base, his right hand displaying the gesture of munificence (varada-mudra) and the left holding the sinous stem of fully-blown lotus. That he is clothed is indicated by a hardly perceplible girdle, but otherwise the body beneath the clinging garments appears nude in the Sarnath fashion. His ornaments consist of a substantial necklace and earings which are heavily abraded. The hair is arranged

---

१. जगदीश चन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास, काठमाडौं, वि० सं० २०३०, पृष्ठ १५०.

2. Pratapaditya Pal, The Arts of Nepal, Vol. I Netherland, 1974 A. D. Plate No. 1. Page 23/24.

in a elaborate chignon with the effigy of his parantal Tathagat, Amitabha, inset in the beautiful curis. On the pedestal is a kneeting devothe with an offering of flowers, and the aureole is plain except for a rope-like paltern along the edge. A few floral designs are delicately at chear around the head of the Boddhisattva, indicating there by the concept of a showen of flower (Puspavasti).

उहाँले यस पद्मपाणि बोधिसत्त्वको मूर्तिलाई सारनाथको पाँचौ छैठौं शताब्दीको बोधिसत्त्वको मूर्ति संग छाति, कमर र बायां खुट्टाको तुलना गरेर देखाउनु भएको छ र गण बहालको बोधिसत्त्वको मूर्तिको अपेक्षा सारनाथको बोधिसत्त्वको मूर्ति उत्तम मान्नु भएको छ। उहाँले यस मूर्तिको मिति निर्धारण गर्दै चाबहिलको बुद्धसंगै पनि तुलना गर्नु भएको छ[१]। का० ई० ब्रह्मटोलको नारायणको मन्दीर स्थित पादपीठको नारायणको ठाउँमा हुनु पर्ने वास्तविक पादपीठको संबत् ४७९ द्वितीय आषाढको '...यजीव'द्वारा स्थापित आर्यावलोकितेश्वर प्राप्त भए यस गण बहालको पद्मपाणिको मूर्तिको बारेमा अझ राम्रो अध्ययन हुन सकिन्छ भन्ने वहाँको विचार छ। उहाँले यस मूर्तिलाई आफ्नो The arts of Nepal मा चित्र संख्या ८ को रूपमा ५५० ईसवी संबत्को मिति साथ प्रकाशित गर्नु भएको छ।

१. प्रतापादित्य पाल, ऐ, पृष्ठ ५८.

यसै प्रसंगमा उपरोक्त अभिलेख उद्धारण गर्दै श्री बज्राचार्यज्यूको विचार उल्लेख गर्नु पनि नेपालमा बोधिसत्त्व पूजा प्रसंग स्पष्ट गर्नलाई सहायक सिद्ध हुन्छ। ब्रह्मटोल नारायण ठाउँको पादपीठको अभिलेख यस प्रकारको छ :—

मूलपाठ

१. सम्बत् ४७९ द्वितीय आषाढ ··· यजीव ···।
२. ··· भगवदार्य्या ··· मानेनार्द्ध ···।
३. ··· सर्व्वज्ञज्ञानावाप्तये भवतु ॥

अर्थ —

सम्बत् ४७९ द्वितीय आषाढ ··· (प्रि) यजीवले ··· भगवान् आर्या (वलोकितेश्वर) ··· (स्थापना गरे।) ··· ले आधा ··· सर्वज्ञ ज्ञानको प्राप्ति होस्[१]।

श्री बज्राचार्यज्यूले नरेन्द्रदेवका अरू अभिलेखमा दूतक रूपमा देखा परेका कुमारामात्य प्रियजीव संग यसको सम्बन्ध नभएता पनि ४७९ सम्बत् ताका नै नेपालमा आर्यावलोकितेश्वरको पूजा गरिन्थ्यो भन्ने अभिलेखको एक तथ्यको उल्लेख गर्नु भएको छ। त्यस्तै लिपिको आधारमा उहाँले यसलाई अंशुवर्मा ताकाको अभिलेख मानिइकन भगवान्

१. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ १८५.

आर्यावलोकितेश्वरमा धूप बत्ती बाल्न २ मानीका जग्गा प्रदान गरिएको चर्चा पनि गर्नु भएको छ[१] । श्री सत्यमोहन जोशीज्यू शयौं वर्ष सम्म असुरक्षित अवस्थामा परिरहँदा यस मूर्तिमा भएको सौन्दर्य नष्ट भ्रष्ट भैसकेको कुरा उल्लेख गर्नु हुँदै यही मूर्तिको शैलीमा पछि सातौं शताब्दी तिर बनेका पद्मपाणि लोकेश्वरका मूर्तिहरूको सन्दर्भमा यसलाई उल्लेख गर्नु युक्ति संगत मान्नु हुन्छ[२] । श्री जगदीश चन्द्र रेग्मीज्यूले पनि नाक मुखमा सिमेण्टि लगाएको खास कला प्रष्ट नभएको कुरा उल्लेख गर्नु भएको छ । साथै उहाँ लेख्नु हुन्छ, ९ अभिलेख युक्त बौद्ध मूर्तिमा यो मूर्ति प्रथम (ई० ५४७) को मूर्ति हो[३] । तर हाल पद्मपाणिको मूर्तिमा नाकमुखमा सिमेण्टि लाएको छैन । बरु संगै राखिएका बुद्ध मूर्तिको नाकमुखमा भन्ने सिमेण्टि लाएको छ ।

श्री डिल्लीरमण रेग्मीज्यू लिच्छवि युगका पद्मपाणि (Padumpani ?) लोकेश्वर र पाँच ध्यानी बुद्ध जस्ता महायानी देवताहरू लोकप्रिय भएको उल्लेख गर्नु हुन्छ[४] । तर वहाँ ढोकाबहालको लोकेश्वर मूर्तिलाई शायद प्राचीनतम लोकेश्वर मान्नु हुन्छ[५] ।

---

१. धनवज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ ३८६.

२. सत्यमोहन जोशी, नेपाली मूर्तिकलाको विकास क्रम, काठमाडौं, बि० सं० २०३२, पृष्ठ २७.

३. जगदीश चन्द्र रेग्मी, लिच्छवि संस्कृति, काठमाडौं, बि. सं. २०२६ पृष्ठ ४४४.

4. 5. Dr. D. R. Regmi, Ancient Nepal, Calcutta 1969, Page 197. 280, 319,

मणिगुप्तको धर्मदान मूर्ति रामगुप्त पालाको अभिलेख सहितको लोकेश्वर उल्लेख गरेर उहाँ लेख्नु हुन्छ, but it seems that this was done in the time of Narendradeva.[१] यसै कारण उहाँले यस मूर्तिलाई आधार मानेर लोकेश्वर मूर्ति वा पद्मपाणि बोधिसत्त्वको व्याख्या नगर्नु भएको होला। तर जहाँ सम्म श्री प्रतापदित्य पालको विचार छ, मणिगुप्तको धर्मदान मूर्ति पद्मपाणि बोधिसत्त्व 550 A. D. को हो र ढोकाबहाल चैत्यको पद्मपाणि ७ तौं शताब्दी ईसवीको हो[२]।

श्री हरिराम जोशीज्यूले यस मूलपाठमा श्री धनवज्र बज्राचार्यज्यूको भन्दा केही भिन्न धारणा देखाउनु भएको छ। पहिलो पंक्तिमा "भट्टारक म(हाराज) (राम) देवस्य" लेख्नु भएको छ। जब कि श्री बज्राचार्यज्यूले "भट्टारक म (हाराज श्री—) देवस्य" दिनु भएको छ। श्री जोशीज्यू लेख्नु हुन्छ, अभिलेखको आधारमा आर्य्यावलोकितेश्वरको सर्वप्रथम उल्लेख प्रस्तुत शिलालेखमा भएकोले यस मूर्तिको ऐतिहासिक महत्व छ। साथै वहाँ राहुल सांकृत्यायनद्वारा १९३५ ई० को लुम्बिनीको उत्खननमा पाइएका प्रथम शताब्दी ईसवीको

---

1. Dr. D. R. Regmi, Ancient Nepal, Calutta 1969, Page 280, 319, 197.
2. P. Pal, The arts of Nepal, Netherland, 1974, Plate No. 8—13.

६/७ अंगुलको अवलोकितेश्वरको सुन्दर प्रस्तरमय मूर्तिको याद पनि गर्नु हुन्छ[1] ।

यस मूर्तिको कलात्मक पक्ष बारेमा अब फेरी केही विचार गर्नु उपयुक्त होला । यो विचार गर्दा माथि वर्णन गरिसकेको श्री पालज्यूको विचार बारेमा फेरि भनिरहनु वांछनीय छैन । अतः बाँकी विषयमा मात्रै यहाँ केही चर्चा गरिन्छ ।

पद्मपाणि बोधिसत्त्वले धारण गरेको कमलको फूल पूरा फक्रेको छ । तर फक्रेको फूलको भाग पद्मपाणिको मुख (दिशा) अभिमुख छ । यही कुरा सिद्धपोखरी निरको पद्मपाणि बोधिसत्त्वले समाइ राखेको कमल फूलको बारेमा पनि लागु हुन्छ ! भक्तपुरको माथि चर्चा गरिएको ब्याँसि टोल स्थित मूर्तिका दायाँ तिरको पद्मपाणिको हातमा रहेको कमल फूल पनि त्यस्तै रहेको संकेत छ (चित्र सं. ७ र ८) ।

वस्त्रको बारेमा तुरण बहालको पद्मपाणि, सिद्धिपोखरीको उत्तर तिरको पद्मपाणि, ब्याँसि टोलको पद्मपाणिको वस्त्र जस्तो छ । नाभि निर उभरिएकाले भित्र अन्तरवासक जस्तो कुनै वस्त्र विशेष भएको देखाउँछ । भक्तपुरका दुवै बोधिसत्त्वहरूमा यो झन स्पष्ट छ (चित्र सं. ९ र १०) । यो वस्त्र विशेष स्वयम्भूको सुरक्षार्थ स्वयम्भूको भासिएको पूर्व तिर खन्दा पाइएका, ढोकाबहाल चैत्यका, श्रीघलका र यंगु बहालका पद्मपाणि बोधिसत्त्वहरूमा पाइदैन ।

---

१. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख. काठमाडौं, २०३०, पृष्ठ १३४–१३७.

ढोकाबहाल स्थित लिच्छवि चैत्यको पद्मपाणि

ढोकाबहाल (ध्वाखाबहाल) स्थित लिच्छवि चैत्यको पद्मपाणि बोधिसत्त्व माथि वर्णन गरेका बोधिसत्त्वको मूर्ति पछि प्रतिनिधित्व गर्न सक्ने अर्को महत्त्वपूर्ण पद्मपाणि बोधिसत्त्वको मूर्ति हो (चित्र सं. १२)।

श्री प्रतापादित्य पालज्यू यस मूर्ति बारेमा लेख्नु हुन्छ, The most striking difference is perhaps in the greater assurance with which the sculptors of the caitya have handles their forms. The figures now appear more free and relaxed; the postures have none of the awkwardness of the Gana bahal figure; the outline is continuous and mellifluous; and the portliness is comparatively reduced with a greater emphasis on fluent and rhythmic linear qualities.[1]

ढोकाबहालको पद्मपाणि बोधिसत्त्व गण बहालको पद्मपाणि बोधिसत्त्व भन्दा लामो कदको र लयात्मक प्रकारमा उभिएको छ।

---

1. Pratapaditya Pal, The arts of Nepal, Vol. I, Netherland, 1974, Page 37.

मुखमुद्रा पनि सलक्क परेको छ । हातमा लिएको कमल फूलको डाँठ बढता घुमाउरो भई लयात्मक छ । अंजलिवद्ध मुद्रामा घुँडा टेकिकन बसेका भक्त भने यस्ता मूर्तिको समुदायमा राख्न सक्ने कलात्मक स्तरको अरू मूर्तिमा जस्तै छैन । भक्तहरू पनि दुई जना छैनन् । बरु गणबहालको मूर्तिमा जस्तै एउटा भक्त मात्र यहाँ छ । सर्पाकार बाजु (Snake Armlets) यस समुदायका सबै मूर्तिहरूमा देखिन्छ । श्री पालज्यूको शब्दमा ढोकाबहालको यो आदर्श नमूना अर्को एक हजार वर्ष सम्म कायम भएको छ[१] । माथि उल्लेख गरे जस्तै डा० रेग्मीज्यूको विचारमा यही मूर्ति नेपालको शायद प्राचीनतम लोकेश्वर मूर्ति हो[२] । यद्यपि उहाँले यंगु बहाल स्थित पद्मपाणि बोधिसत्त्वको मूर्तिको नै व्यापक चर्चा गर्नु भएको छ र यसै मूर्तिका साथ श्रीघल स्थित, चाबहिल स्थित, देउपाटन स्थित र यम्पि बहिल स्थित गरी जम्मा ५ वटा पद्मपाणि बोधिसत्त्वका मूर्तिहरूलाई त्यही श्रेणीमा राख्नु भएको छ[३] । श्री सत्यमोहन जोशीज्यू लेख्नु हुन्छ, यी मूर्तिहरूमा गांधार र मथुराका मिश्रित शैली (गुप्तकालीन शैली) नेपालीकरणमा विलय भएर नेपाली हातद्वारा बढी मात्रामा प्रफुल्लित भइरहे झैं विदित हुन्छ[४] ।

पद्मपाणि बोधिसत्त्वको यो मूर्ति कटिभंग लयात्मक गतिको छ । धोतीको छोर उरु माथि दायाँबाट बायाँ तिर तल गएको देख्न पाइन्छ ।

---

1. P. Pal, The arts of Nepal Page 113.
2. Dr. D. R. Regmi, Ancient Nepal Page 319.
3. Dr. D. R. Regmi, Ibid, Page 325.
४. सत्यमोहन जोशी, नेपाली मूर्तिकलाको विकास क्रम, पृष्ठ ३१.

मुकूटको कोणात्मक विशिष्टता, विशेषत तीन कुने मुकूटमा बीचको कुना दायाँ बायाँको भन्दा उँचो भएर रहनु पनि यस मूर्तिको देन हो । यसै मुकूट भागको बीचमा अमिताभ बुद्ध हुन्छ । स्वयम्भूको हाल पाइएको बोधिसत्त्वको मूर्तिको बाहेक (चित्र सं. १) प्रायः सबै पद्मपाणि बोधिसत्त्वको मुकूटमा हुने अमिताभ बुद्ध बसेका हुन्थे । कमलको फक्रेको फूल न त पूर्णत दर्शक तिर फर्केको छ, न त बोधिसत्त्व तिर नै । यही यस पद्मपाणि बोधिसत्त्वको मूर्तिको अर्को विशेषता हो ।

चाबहिल र श्रीघल स्थित पद्मपाणि बोधिसत्त्व मूर्तिहरू

नेपाली बौद्ध संस्कृति र सभ्यताका लागि महत्वपूर्ण खोज स्थल चाबहिल एवं श्रीघल स्थित पद्मपाणि बोधिसत्त्वहरूका मूर्ति पनि कम महत्त्वका छैनन् । श्रीमती केमरिस (Kramarisch) को दृष्टिमा यी दुबै मूर्तिहरू आठौं शताब्दीका हुन्, जब कि श्री पालज्यू चाबहिलको मूर्ति आठौं र श्रीघलको मूर्ति नवौं शताब्दीको पद्मपाणि बोधिसत्त्वको मूर्ति मान्नु हुन्छ । श्री पालज्यू चाबहिलको पद्मपाणि बोधिसत्त्वका भक्तहरूको मूर्ति बडी विनम्र देखनु हुन्छ, जब कि धोती, मुकूट, हार र बाजुबन्धमा दुबै मूर्तिहरूमा समानता भएको उल्लेख गर्नु हुन्छ[1] ।

चाबहिलको पद्मपाणि बोधिसत्त्व मूर्तिमा प्रभामण्डल छैन, जब कि श्रीघलको मूर्तिमा छ । यस्तै कोमल स्वाभाविकता र स्पष्टता

1, P. Pal, The arts of Nepal Page 187/188.

चाबहिलको मूर्तिको अपेक्षा श्रीघलको पद्मपाणि बोधिसत्त्वको मूर्तिमा बढी छ। दुबै मूर्तिमा पद्मपाणि बोधिसत्त्वले समाइराखेको फक्रेको कमल संग सानो नफुलेको कमल फूल पनि दायाँतिर रहेका छन्। लालित्यभाव युक्त मुखमुद्रा र लयात्मक गतिमा पनि श्रीघलको पद्मपाणि बोधिसत्त्व मूर्ति श्रेष्ठ छ।

श्रीघल स्थित पद्मपाणि बोधिसत्त्व मूर्तिको वरदहातको हत्केला ढोकाबहालको बोधिसत्त्व पद्मपाणिको हत्केला भन्दा खुलेको तर स्वयम्भूको पद्मपाणि बोधिसत्त्वको हत्केला भन्दा कम खुलेको देखिन्छ। यही नै श्रीघल स्थित पद्मपाणि बोधिसत्त्वको मूर्तिको विशेषता हो, जुन स्थूल आँखाबाट पनि देखन सकिन्छ।

एक अर्को पद्मपाणि बोधिसत्त्वको मूर्ति

श्री जगदीश चन्द्र रेग्मीज्यूले लिच्छविकालीन पद्मपाणि बोधिसत्त्वको मूर्तिको रूपमा एक अर्को अवलोकितेश्वरको वर्णन प्रस्तुत गर्नु भएको छ। उहाँ भन्नुहुन्छ[१] :—

"अत्यन्त अलंकरणहरूले घेरिएको यो मूर्ति पूर्ण लयात्मक र सौन्दर्यपूर्ण बनेको छ। शरीर रचना बाहेक यसमा कपडाको बनोट, देउताको जिउमा बनेका लयात्मक अलंकरण र कुण्डल, श्रीपेच आदि खास विशेषतापूर्ण देखिन्छन्।

---

१. जगदीश चन्द्र रेग्मी, लिच्छवि संस्कृति, पृष्ठ ४४६

यस मूर्तिको पछाडिपट्टि तेजोमण्डलको रूपमा कलाकारले अतिशय राम्रा फूलबुट्टा बनाएर मूर्तिलाई झन प्रभावशाली बनाएको छ। देउताको पादपीठमा बनेको विशाल कमलले पनि राम्रो प्रभाव देखाएको छ। यसको रचना काल सम्भवतः सातौं शताब्दीको अन्त्यतिर हो।"

तर यस मूर्तिमा पूर्वोक्त दुबै समुदाय भित्रका पद्मपाणि बोधिसत्त्वका कलात्मक स्तर र शैली यस मूर्तिमा देखा पर्दैन। गणबहालको पद्मपाणि बोधिसत्त्व वा सिद्धिपोखरी निरको पद्मपाणि बोधिसत्त्व जस्ता सरल स्पष्टता र शूक्ष्मता पनि यस मूर्तिमा छैन। न त शरीरको लयात्मक शैलीबाट ढोकाबहाल समुहको पद्मपाणि बोधिसत्त्व श्रेणीमा यो मूर्ति आउन सकेको छ। मूर्तिको मुखमुद्रा पुष्ट देखिन्छ।

यम्पी विहारको पद्मपाणि बोधिसत्त्व मूर्ति

यम्पी विहारको पद्मपाणि बोधिसत्त्व मूर्तिलाई श्री डिल्लीरमण रेग्मीज्यूले ७/८ ठौं शताब्दीको मान्नु भएको छ भने श्री प्रतापादित्य पालज्यूले (आफ्नो पुस्तक The arts of Nepal मा 191 No. Plate का साथ) १० सौं शताब्दीको मान्नु भएको छ। यस मूर्तिका भक्तहरू विनम्र छैनन्। शरीरको भाव भंगिमा श्रीघलको मूर्तिको भन्दा कम छ। अमिताभ बुद्ध स्पष्ट छैन। विशेषतः यस प्रतिमाको बोधिसत्त्वको बाजुमा सर्पाकारको गहना छैन, अपितु फूल बुट्टेदारको छ। यही यस मूर्तिको विशेषता हो।

मयूरवर्ण महाविहार स्थित पद्मपाणि बोधिसत्त्व मूर्ति

मयूरवर्ण महाविहार (भिछेबहाल, पाटन) स्थित पद्मपाणि बोधिसत्त्व मूर्तिलाई श्री हेमराज शाक्यज्यूले उल्लेख गर्नु भएको छ[1]। उहांले यस मूर्तिलाई १० सौं शताब्दीको मान्नु भएको छ। धिभंग मुद्राको, दायाँ हात पूरा पसारेको वरद मुद्राको, बायाँ हातबाट कमल फूलको डाँठ समाइ रहेको यस मूर्तिको मुकूटमा अमिताभ बुद्ध छ। घुँडा टेकेर बसेका दुई भक्तहरू प्रार्थना मुद्रामा बोधिसत्त्व तिर फर्केका अर्द्ध सपाट मुखका छन्। यही यस मूर्तिको एक विशेषता हो। कसैले यी दुई मूर्तिलाई आर्यतारा र भृकुटी मानेका छन्[2]। यो पद्मपाणि मूर्ति श्रीघल स्थित पद्मपाणि मूर्ति पछिल्लो युगको र यंगुबहाल भन्दा अघिल्लो युगको मूर्ति जस्तो देखिन्छ। त्यस्तै देवपाटन स्थित बोधिसत्त्वमा अमिताभ बुद्ध स्पष्ट देखिन्छ। यस मूर्तिको विशेषता दायाँतिर एक अरू कमल राखिएको हो। यसको निम्बस पनि बढी आलंकारिक छ।

स्वयम्भू संग्रहालय स्थित पद्मपाणि बोधिसत्त्व मूर्ति

स्वयम्भू संग्रहालय र स्वयम्भू चैत्य परिधि भित्र एक दर्शन भन्दा बढता पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू छन्। स्वयम्भूको भूमि भास्न

१–२. हेमराज शाक्य, मयूरवर्ण महाविहार, पाटन, बु० सं० २५१७ पृष्ठ २७.

गएको सन्दर्भमा रक्षण व्यवस्थाका लागि खन्दा पाइएको अद्‌भुत कलात्मक पद्मपाणि बोधिसत्त्वको मूर्ति अलग्गै छ, जसको बारेमा पछि व्याख्या हुनेछ। श्री सत्यमोहन जोशीज्यूले "नेपाली मूर्तिकलाको विकास क्रम" मा श्रीघल स्थित पद्मपाणि बोधिसत्त्वको सातौं शताब्दी तिरको मूर्ति पछि स्वयम्भू संग्रहालय स्थित एउटा पद्मपाणि बोधिसत्त्वको मूर्तिको सचित्र वर्णन प्रस्तुत गर्नु भएको छ[१]। वरद मुद्राको दायाँ हातको हत्केलालाई प्रफुल्लित कमलमा अडेसन लगाउन दिइएको यस मूर्तिको एक विशेषता हो। बायाँ हातमा रहेको कमल फूलको डाँठ जहाँ नागवेली परेर गएको छ, त्यहीं फक्रेको फूललाई तहतह पारेर देखाएको स्पष्ट छ। पद्मपाणिको मुकूटमा अमिताभ बुद्धको मूर्ति छ। बोधिसत्त्वको कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा नागवेली आभूषण र नाडीमा बाला छन्। अहिलेसम्म लौह लेप भएको यस मूर्तिमा दुई सासाना भक्तहरू पनि छन्।

श्री जोशीज्यूले स्वयम्भूमा यत्रतत्र भएका र संग्रहालयमा रहेका पद्मपाणि बोधिसत्त्वहरूमा किन यस पद्मपाणि बोधिसत्त्वको मूर्तिलाई छान्नु भएको हो कारण स्पष्ट छैन। कलात्मक दृष्टिकोणबाट राम्रा र पुराना अरू पनि पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू यहाँ प्रशस्त छन्। उदाहरणका लागि स्वयम्भू स्थित दुई पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू (चित्र सं. १६ र १७) लाई लिन सकिन्छ। ढोकाबहालको चैत्य मूर्ति

---

१. सत्यमोहन जोशी, नेपाली मूर्तिकलाको विकासक्रम, काठमाडौं, २०३२, पृष्ठ २७

जस्तै द्वार भित्र राखेको ढाँचाको पद्मपाणि बोधिसत्त्व (चित्र सं. १६) अन्य बोधिसत्त्वका मूर्तिहरू भन्दा भिन्न विशेषताको छ। यस मूर्तिमा भएका दुई भक्तहरूका मूर्तिहरू पद्मपाणि बोधिसत्त्वको दायाँ बायाँ उभिएका छन्।

स्वयम्भू स्थित अर्को बायाँ हातको नाडी निर काटिएको मूर्ति दायाँ हातको स्थिति पद्मपाणि बोधिसत्त्वको मूर्ति जस्तो छ। यस मूर्तिको वस्त्र चीवर झन प्राचीन शैलीको छ (चित्र सं. १७)। यस्ता पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू स्वयम्भूमा अरू पनि छन्। विश्वशान्ति विहारमा रहेका पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू अलगै छन्। उपरोक्त दुबै पद्मपाणिका मूर्तिहरू हारति मन्दिरको पछाडी पट्टिका पूर्वाभिमुख मूर्ति पंक्तिबाट लिइएका हुन्।

यंगुबहाल स्थित पद्मपाणि बोधिसत्त्व मूर्ति

अभिलेख युक्त पद्मपाणि बोधिसत्त्व मूर्तिहरूमा पाटन यंगुबहाल स्थित पद्मपाणि बोधिसत्त्व मूर्तिको विशिष्ठ महत्त्व छ। साथै यस मूर्तिको मिति (समय) निर्धारणमा ठूलो विवाद पनि छ। यसै कारण यस मूर्ति बारेमा विस्तारपूर्वक चर्चा गर्नु अपेक्षित छ। अन्यथा ढोकाबहाल चैत्यको बोधिसत्त्वको मूर्ति पछि नै यस मूर्तिको बारेमा चर्चा गर्नु उचित थियो।

सर्वप्रथम यस मूर्तिको हाल रहेको पादपीठमा रहेको अभिलेखको चर्चा गरौं। श्री बज्राचार्यज्यू यसको मूलपाठ र अनुवाद दिनु हुन्छ—

१. एतङ्ग्रामलहुग्वले प्रतिवसं हूँधर्मजीवः स्वयम् ।
प्राकार्षीदवलोकितेशममलम्पाषाणसत्यद्भुतम् ॥

२. सत्वानामविकल्पमुत्पथषताम्प्रा–न्धचित्तात्मनाम् ।
संसारार्त्तिमला–कारगहनान्निर्मुक्तये सर्वदा ॥

३. राज्ये श्रीमानदेवस्य वर्षेशीत्युत्तरे शते ।
माघकृष्ण द्वितीयायाम्प्रतिष्ठास्य गुणोदधेः ॥

एतङ ग्राम लहुग्वलमा बस्ने हूँ धर्मजीवले कुबाटोमा हिंडेका,··· चित्त भएका प्राणीहरूलाई···गम्भीर संसारको दुःखबाट सधैं छुटकारा दिलाउन सफा अतिअद्भुत ढुंगाको अवलोकितेश्वर आफै बनाए।

सम्बत् १८० माघकृष्ण द्वितीयाको दिन श्री मानदेवको राज्यमा यी गुणका खानि भएका (अवलोकितेश्वर) को प्रतिष्ठा गरियो[१]।

यस अभिलेखका महत्वपूर्ण अंशमा विद्वानहरूमा पाठान्तर भेद छ। विशेष रूपमा १८० सम्बत्का मानदेव राजाको उल्लेखको आधारमा धेरै मत भिन्नता देखा परेको छ।

कुनै विद्वान अभिलेखको आधारमा मूर्तिको महत्तातिर विवेचना गर्नु हुन्छ त कुनै विद्वान मूर्ति विज्ञानको आधारमा अभिलेख र मूर्ति असम्बद्ध भएको कुरा उल्लेख गर्नु हुन्छ।

---

१. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं, वि. सं. २०३०, पृष्ठ ५९१.

श्री जोशीज्यू अभिलेखको दोश्रो पंक्तिको "षताम्प्रान्धचित्रात्मनाम्" पाठको ठाउँमा "सताम्प्राज्ञाद्भवितात्मनाम्" पढ्नु हुन्छ। त्यस्तै "संसारात्तिमलाकार..." को ठाउँमा "संसारान्त्रिमलश्चकार" पाठान्तर दिनु हुन्छ। उहाँ यस मूर्तिको महत्तामा लेख्नु हुन्छ, 'त्रिमलश्चकारको उल्लेखबाट प्राणीहरुको मोक्षको मार्गमा सबभन्दा ठूलो बाधा काम, क्रोध, लोभ नै रहेको तथ्य जानिन्छ[१]।'

श्री रेग्मीज्यूको पाठबाट यस विवादलाई टुंग्याउन केही सहायता गर्दैन। किनभने उहाँले यो पाठको पहिलो अंश रिक्त नै राख्नु भएको छ, उहाँको दोश्रो पाठ अंश बरु जोशीज्यू संग मिल्दछ[२]। शुद्धतम पाठ ज्ञानका लागि अभिलेखको मूल प्रतिलिपि चित्र दिनु पर्ने दायीत्व निभाउन नभ्याउने वा प्रकाशनार्थ आर्थिक भारले यो उत्तरदायित्व निभाउन नपाउने विद्वत परम्पराले गर्दा साधारण सहज सुविधा पनि उपलब्ध भएन।

यस यंगुबहाल स्थित पद्मपाणि बोधिसत्त्व (चित्र सं. १४ र १५) बारेको श्री प्रतापादित्य पालज्यू र श्री डिल्लीरमण रेग्मीज्यूको विचार र महत्त्व बारेको दृष्टिकोण भिन्न प्रकारको भएको देखिन्छ।

---

१. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, काठमाडौं, वि. सं. २०३०, पृष्ठ ६२२.

2. Dr. D. R. Regmi, Medieval Nepal, Part III, Calcutta, 1969, Page 2.

श्री पालज्यूले आफ्नो पुस्तक The arts of Nepal मा ५० नं. चित्रका साथै यस मूर्तिको बारेमा उल्लेख गर्नु भएको छ। यस मूर्तिलाई उहाँले जहाँ प्रभावशाली भन्नु भएको छ, त्यहीं यो मूर्ति राखिएको पादपीठको राजा मानदेव नाउँ र यसको १८० सम्बत् संग कलात्मक विकास क्रम बारे लामो चर्चा गर्नु भएको छ। सारांशतः उहाँको भनाई अनुसार यो १८० सम्बत् नेपाल सम्बत् भए यो मूर्ति १०६० ईसवीको मूर्ति हुन जान्छ। तर यसको अभिलेख भन्ने ११ रौं शताब्दीको पाटनको सूर्य मूर्तिको जस्तो छैन, बरु यो लिच्छवि अभिलेख हो। यदि श्री रेग्मीज्यूको दृष्टिकोण अनुसार जयदेव द्वितीयको केही समय पछिका मानदेवको मानेमा यो ७५८ ईसवी तिरको मूर्ति हुन जान्छ। तर मूर्तिले चाहिं ढोका बहालको लिच्छवि चैत्य शैली र विकास क्रम संग तादात्म्य सम्बन्ध राख्दैन, बरु पाटनको ११ सदीको सूर्यको मूर्ति शैली संग मात्र सम्बन्ध देखाउँछ। विशेषतः मुकुट, हार, पेटी, खुट्टाहरू बीचको धोतीको शैली पद्मपाणि पछाडीको प्रभामण्डल बारे केही विचारणीय कुरा छ। अतः उहाँको विचार छ, अभिलेख मध्य आठौं शताब्दीको हो र मूर्ति पछि त्यसमा राखि दिएको हो।

श्री डिल्लीरमण रेग्मीज्यू भने यस मूर्तिलाई ७ शताब्दीको अगुवा र प्रतिनिधित्व गर्ने मूर्ति मान्नु हुन्छ। यसै कारण उहाँ यस मूर्तिको पूर्ण विवरण प्रस्तुत गर्नु हुन्छ। उहाँ लेख्नु हुन्छ—

"Chiselled on limestone the elongated-image of Lokesvara of Yengu Tol has a

symmetrical face, which would be called graceful in his meditative mood wearing a three peaked crown with the third wider than the others, the broad forehead, the eyes with the lids closed, and a thin brow raised ridge like, and a prominent nose, fleshy but not high cheek-bones and pointed chin, and the small closed lips in a small mouth suggesting relaxation and repose. The long ears have circular beaded rings, and there is a necklace. Regarding the features of the body we may note: the developed chest, the waist keeping formation with it in proportion, then the rounded and developed shoulders and arms, thighs and legs in the same proportion devoid of stifness—all showing masculine vigour. Ornaments are simple. Below the shoulders to the level of the breast in seen the armlet appearing like a small snake encircling in 3 bands, two of which are shorter like the head and tail ends, and the wrist have a thick bangle. The thin single line sacred thread is extended to the left knee passing underneath the waist

band and the pleated Dhoti as if it was being tucked into. The belt round the waist is a kind of chain which bears a round object-like flower in full bloom at the centre below the navel. This must be some jewel adopted into the waist band. There is no waist band as separate from the fold of the drapery which could be called a loin cloth or a smaller Dhoti worn up to the knee in the right leg and slightly above in the left, and allowing a fold to stream zigzag into the space between the thighs. It goes long as far as to touch the pedestal. The reed-like fold slemming from the belt passes across the thighs from behind the hips. It is 4 banded. The lotus stalk rises from the ground at the bottom, and through a curve rises above to be hung upon the left shoulder of the image whose left palm is placed on the curvature touching his thigh on that side. The three lotus bases are not combined as the vacant space between the two is seen but alignment is maintained through a link at the upper end

which appears to give them the same stem not however to view. The central lotus is double the size of the other two, on which the Bodhisatva stands. The two female figures diminutive in size to reach the knee of the Lord each by the side of the central image, one leg kneeling and another slightly raised, though seated on the lotus base, go without a halo, but with folded hands their attitude of prayer is evident. They do not appear to be royal figures. The lotus is an important emblem in the padmapani motif, and apart from the images themselves being seated, the two hands of the main deity have the lotus support, the right palm up on the fully bloomed flower appearing at the top of the stalk, while the left rests palm down on the stalk. Both the lotus stalk sprout from the common plant attached to the alignment between the bases on two sides. The two satellite bases are just in the nature of a half egg, which rises to expand at the circular top on which the emages rest, while the central one

in two tiered lotus, one turned up and another just upside down but all petals fully open to look like flowers. The upper tier is much larger in size than the lower.[१]"

एक इतिहास लेखकको त्यताले यसभन्दा बढता कुनै मूर्ति विशेषको बारेमा वर्णन गर्नु उहांको लागि सम्भव पनि छैन । स्पष्ट र पूरा कुनै बोधिसत्त्वको बारेमा यति बर्णन अन्यत्र लेखिएको पाइदैंन । बोधिसत्त्वको मूर्ति-विज्ञानका लागि सारै महत्वपूर्ण भएकोले यो लामो उद्धरण पूरा प्रस्तुत गरेको हुँ । एक ऐतिहासिक रचनाको सन्दर्भमा अरू अरू मूर्ति संग तुलना गर्दै जानु शायद स्वाभाविक नभएर नै उहाँले यस विशद चर्चा पछि अरू बोधिसत्त्व पद्मपाणिको मूर्तिको बारेमा यसैमा गाभिएको हुनु पर्दछ । उहां लेख्नु हुन्छ—

Besides the Yangutol image we have five more images of Lokesvara which appear to be contemporary and belong to the 7th. century A. D. There are variously of Sigha-baha and of Dhvakavaha in Kathmandu, of a site close to Yampi bahi in Patan, and two of Chabel and Deopatan respectively.[२]

---

1. Dr. D. R. Regmi, Ancient Nepal, Calcutta, 1969, Page 324/325.
2. Dr. D. R. Regmi, Ibid, Page 325.

मूर्तिको कलात्मक पक्षको दृष्टिबाट श्री पालज्यूको उपरोक्त तर्क सशक्त जस्तो देखिन्छ । मुखमुद्राको (चित्र सं. १५) झलक पर्ने भावमा कमि भएको र मुकूटको विशिष्ठ रचना एवं कमल फूलको प्रकारले पनि यस कुराको पक्ष लिएको देखिन्छ ।

लिच्छवि अभिलेखहरूमा पद्मपाणि बोधिसत्त्वको वर्णन

लिच्छवि अभिलेखहरूमा पद्मपाणि बोधिसत्त्वको वर्णन गरिएको पाइन्छ । "अंशुबर्माको समयको अभिलेख, जुन हाल भण्डारखाल पाटन संग्रहालयमा छ, को प्रारम्भमा बोधिसत्त्वको वर्णन गरिएको छ । अनि प्रणिधि विहारको निमित्त अंशुबर्माले पानी ल्याइ दिएको वर्णन गरिएको छ[१] । अंशुबर्मालाई बुद्धत्व प्राप्त होओस् भनि उल्लेख गरिएको प्रसंग पनि यहाँ स्मरणीय छ[२] । किनभने यसले बोधिसत्त्वयानको महत्त्व र जुन व्यापकता दर्शाउँछ, पशुपतिपादानुभक्त प्रशस्ति ग्रहण गर्नेले पनि बोधिपदको आशा लिइएको कुरा यसको ज्वलन्त प्रमाण हो ।

जयदेव द्वितीयको पशुपतिमा राखिएको प्रसिद्ध अभिलेखको त्यो उपमा अंश सारै महत्त्वपूर्ण छ, जसद्वारा एकातिर बुद्धकीर्ति जस्ता महाकविको संस्कारलाई समेत पद्मपाणि बोधिसत्त्वको संस्कारबाट

---

१. जगदीश चन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास, काठमाडौं, २०३०, पृष्ठ १५१.

२. जगदीश चन्द्र रेग्मी, ऐ पृष्ठ १५७.

प्रभावित भएको देखाउछ भने अर्कोतिर पद्मपाणि बोधिसत्त्वको "पद्म"को कलात्मक स्तरलाई याद गरिएको छ । अभिलेखमा लेखिएको छ :—

" पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतं ?"

" करुणामय लोकेश्वरको हातबाट आएको कमल पो हो कि[१] ?"

परन्तु यस्ता सुन्दर कमल फूल वा पद्म कति कहाँ कहाँ पुगि सकेका छन्, हामीलाई यथार्थ ज्ञान छैन । शिरोभाग टुक्रिएको र अन्य शिरोभाग पनि टुटे फुटेकोले सौन्दर्य स्मेत छिटर बिटर भइसकेका अर्थात् समसुद्दिनको हमलाबाट विनष्ट भएका छावनी राष्ट्रिय संग्रहालय स्थित बोधिसत्त्व जस्ता कति मूर्तिहरू छन्[२] र स्वयम्भूमा हाल पाइएका जस्ता अलौकिक कलात्मक विशेषता भएका पद्मपाणि बोधिसत्त्व कति जमीन मुनि नै अझ परिरहेका छन् यसको ज्ञान न त हामी संग छ, न त अन्दाजै मात्र गर्न सकिन्छ ।

स्वयम्भूमा हाल पाइएको पद्मपाणि बोधिसत्त्व मूर्ति

स्वयम्भूमा पूर्वतिर भाँसिएर गएको ठाउँको पुनः निर्माण गर्ने क्रममा खन्दा प्रतापमल्लद्वारा स्थापित प्रतापपुरको पूर्वतिर रहेको

१. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ ५५१ र ५५६.

२. सत्यमोहन जोशी, ऐ, पृष्ठ ५०.

एउटा प्रस्तर चैत्यको २ फीट दक्षिणमा ९$\frac{1}{2}$' मुनि पद्मपाणि बोधिसत्त्वको एक मूर्ति घोप्टीरहेको रूपमा पाइयो । यति तल यसरी मूर्ति पाइएकोले स्वयम्भूको मुन्तिर कति यस्ता अरू मूर्तिहरू परिरहेका छन् होला भन्ने ठूलो खुलदुलि हुनु स्वाभाविकै छ ।

यो मूर्ति कालो ढुंगाको छ। पादपीठ हुनु पर्ने स्थिति यस मूर्तिको तलको चुकुलले देखाएको छ । तर कति प्रयास गरेर खोज्दा पनि यसको पादपीठ चाहिं पाउन सकिएन । पादपीठ पाइएको भए यसमा अभिलेख होला र यसबाट मूर्तिको समय निर्धारण गर्न सकिन्थ्यो होला । अहिले सम्म यस मूर्ति बारे कसैले केही नलेखेकोले जहाँ यस मूर्ति बारेमा लेख्नु प्रथम महत्वको छ, त्यहीं कठिनाइ पनि छ । मूर्तिको कलात्मक पक्ष, दर्शनको आधारमा पद्मपाणि लोकेश्वर वा बोधिसत्त्वको मूर्ति समुदायमा यो मूर्ति आफ्नै प्रकारको छ ।

यो मूर्ति २' २" उँचाइको ढुंगामा कुंदिएको छ । ढुंगा कालो रंगको छ । यस मूर्ति फलकमा जम्मा ११ प्रतिमाहरू छन् । मुख्य प्रतिमा पद्मपाणि बोधिसत्त्वको हो, जुन २' उँचाएको छ । दायाँ बायाँ ५/५ सासाना मूर्तिहरू छन् ।

दायाँतिर सबैभन्दा तल सिंह छ । सिंहकै संरक्षण व्यक्तित्व प्रकट गरिएको मुखाकृति भएको यो सिंह मूर्ति बसिरहेको छ र बोधिसत्त्व उन्मुख छ। तीन खुट्टा देखिने सपाद मुखको सिंह २" उँचाइ नापको भएर जति सानो देखिन्छ, त्यति नै कलात्मक छ । त्यस माथि तर पर्वतको कलात्मक पृथकिकरणबाट अलग अलग कोष्ठमा राखिएका तीन देवताहरू छन् । बायाँ हात र दायाँ हात वरद मुद्राका २ देवताहरू र

दुबै हात ध्यान मुद्रामा भएका १ देवता गरी जुन तीन देवताहरू छन् ती सबै देवताहरू बसिरहेका छन् । त्यस माथिको देवताले यक्ष देवताको प्रतिनिधित्व गर्दछ । यस्ता देवता सारनाथको प्रसिद्धतम धर्मचक्र मुद्राको बुद्धको प्रभामण्डलमा पनि देखिएको छ ।

बायाँ तिर सबैभन्दा मुनि सिंहनीको मूर्ति छ । यसरी सिंह र सिंहनी छुट्याएर स्वाभाविक चित्रण गरेको मूर्ति धेरै दुर्लभ छ । गुह्याङ्गबाट भाले पोथी छुट्याएका सिंहहरू र सिंहनीहरू मात्रै धेरै जसो पाइन्थ्यो । सिंहनीको मुख दर्शक तिर हुन्छ । यस मूर्ति माथि अलग अलग तह तह माथि प्रतिस्थित रहेका तीन देवताहरू मध्येमा बायाँ हातमा केही पोका लिएका अर्को हात जानु निर वरद मुद्राका, दायाँ हातले केही उठाई रहेका तर बायाँ हात उठाई रहेका बायाँ खुट्टाको घुँडा निर राखेका र बायाँ हात छाति निर राखेका र दायाँ हात अभयमुद्राका देवताहरू छन् । सबै देवताहरू बसेका छन् । बीचको एक मूर्ति छाडी दुबै मूर्तिको बसाई घुँडा उठाएको तर पादहरू बायाँ दायाँ बसाइँ आशनमा नै अवस्थित गराएको रूपमा बसेका छन् । बीचको देवता दायाँ खुट्टा आशनमा राखेर बायाँ खुट्टाको घुँडा उठाइ भक्तिनी बस्ने शैलीको छ । सबैभन्दा माथि यहाँ पनि यक्ष मूर्ति छ, जस्तो कि दायाँ तिर छ । उडिरहेको शैलीका यी दुबै यक्षहरूले दुबै आ-आफना हातमा फूलको माला लिइ राखेका छन्, मानो पद्मपाणि बोधिसत्त्वमा फूल माला चढाउन उनीहरू तयार छन् । बोधिसत्त्व पद्मपाणिको शिरोभाग स्थित दुई यक्षहरूको बीचको भागमा पर्वत एवं पोखरी प्रतीक चिन्हहरू छन् । बोधिसत्त्वको पादमुनि त्रिखण्ड प्रस्तर

मध्ये पादमुनिको बीचमा पाँच कमलका पातहरू दिइएको छ। कमल पात बीचको एक घुमारो चिन्ह तिब्बतीय शैलीको देखिन्छ। सिंह र सिंहनी मुनि पनि पहाडको प्रतीक चिन्ह छ।

पद्मपाणि बोधिसत्त्वको धोति घुँडा मुनि सम्मको छ। धोतिको कमरको ३ तह र धोतिको तल्लो ४ तह बीचका कलात्मक बुट्टाहरू र सम्पूर्ण धोतिको खुम्चाई यति सजीव र कलात्मक छ, हेर्न लायकको छ। यस्तो उदाहरण ढुंगाको कुनै अरू मूर्तिमा भएको देखिन्दैन। उत्तरा-संगको प्रतीक पवित्र धागो बायाँ कांढबाट सीधा तल आइराखेको छ, जस्तो कि श्रीघलको पद्मपाणिको मूर्तिमा छ। पाखुराका सर्पाकार बाजु ढोकाबहाल समुहका बोधिसत्त्वको जस्तै छ। सर्पाकारको बेराई केही लम्बकार देखिन्छ किनभने बेराई अरूको उपेक्षा बढी मात्रामा छ। नाडीमा बाला छन्। घांटीको माला र बुद्धको जस्तो ग्रीवाको तह चिन्ह साधारण छ। बोधिसत्त्वको शिश पछाडीको प्रभामण्डल फण्डै अण्डा-कारको छ। यसले गर्दा बोधिसत्त्व पद्मपाणिको मुकूट सहित शिशलाई प्रभामण्डलबाट पृष्ठभूमि बनिइ दिएको छ। बाहिरी अग्नि ज्वालाको चिन्ह र भित्री कमल विन्दुको चिन्हले चारैतिर प्रभामण्डलमा सौन्दर्य प्रदान गरिरहेको छ। धोतिको कलात्मक शूक्ष्मभाव एवं स्तर उदाहरणै नभएको किसिमको उच्च देखिन्छ (चित्र नं. २२)। धोतिको घुँडा तिरबाट गएको चार पट्याइ स्पष्ट छ। दुई पद बीचको धोतिको-कलात्मक पट्याइ श्रीघलको पद्मपाणि बोधिसत्त्वको मूर्तिमा र स्वयम्भूको उपरोक्त पद्मपाणि बोधिसत्त्वको मूर्तिको जस्तै भएर पनि बढी उत्कृष्ट देखिन्छ।

चौडा निधार, चटक्क उठेको नाक, मधुर स्मित करुणाबाट प्रस्फुरित हुन लागेको मुख, सानो चिउँदो निमिष युक्त करुणाप्लावित आँखाको लाहौर संग्रहालयको प्रसिद्ध बुद्ध मूर्तिको यादिने मुखमण्डलको यो पद्मपाणि बोधिसत्त्व साँच्चै नै अलौकिक छ[1] । करुणाप्लावित परन्तु दृढ विशुद्ध प्रज्ञाबाट पुष्ट व्यक्तित्वको सास फेरिरहेको छाति यस मूर्तिको अर्को उल्लेखनीय कलात्मक अभिव्यक्ति हो ।

यस पद्मपाणि बोधिसत्त्वको दर्शन गर्दा गर्दै बुढानीलकण्ठ स्थित श्री विष्णुको मूर्तिको कलात्मक विशिष्ठता हाम्रो सामुने आउँछ । यसै पद्मपाणि बोधिसत्त्वको मूर्तिको विराट कलात्मक प्रतिकृति बूढानीलकण्ठ श्री विष्णुको मूर्ति हो अथवा बूढानीलकण्ठ स्थित श्री विष्णुको मूर्तिको कलात्मक प्रतिभाकै अर्को सानो अमरकृति यस पद्मपाणि बोधिसत्त्वको मूर्तिमा मुखरित भएको भए केही आश्चर्य छैन ।

प्रस्तरका हजारौं पद्मपाणि बोधिसत्त्व मूर्तिहरू

अमरावतीपुर (बुंगमती) स्थित श्री करुणामय (मत्स्येन्द्रनाथ), कच्छपाल (चोबहाल) स्थित श्री आनन्दादिलोकेश्वर (मसर्पण), नालागिरि (नाला) स्थित श्री सृष्टिकान्ता लोकेश्वर र जमालगन्थि विहार (जनबहाल वा कनकचैत्य विहार) स्थित श्री जमलेश्वर आर्य्यावलोकितेश्वर (श्वेत मत्स्येन्द्रनाथ) भएको यस उपत्यकामा कति ढुंगाका

1. Ananda K. Coomaraswamy, History of Indian and and Indonesian art, New York, 1965, Plate 91.

पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू बने यथार्थ भन्नु सजिलो छैन। स्वयम्भू क्षेत्रमा मात्र २२ वटा भन्दा बढता पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू छन्। प्रत्येक बहाल बहिल कचाबहालहरूमा पद्मपाणि बोधिसत्त्वका प्रतिमा र चित्रहरू प्रायः गरी हुने नै गर्दछ। पद्मधर ताराको प्रवाह नआएसम्म पद्मपाणि बोधिसत्त्व मूर्तिकै एकाधिपत्य थियो। पद्मपाणि बोधिसत्त्वको सबै मूर्तिको व्याख्या गर्नु त के कुरा सानो सूचि एउटा तयार गर्नु सम्म पनि सजिलो छैन। तर पनि नाउ देगल, नयाँ सडक हाल यूनिटी रेस्टूरां पछाडी चैत्य भएको चोक, इटुंबहाल, रञ्जनाबाट नयाँ सडक निस्किने गल्लीको घर, भीमसेन स्थान माथि छिडो, छुस्याबहाल, मुस्याबहाल, चांगुनारायण, बुंगमती करुणामय, इल्हंननी हिटीचोक, हिरण्यवर्ण महाविहार, रुद्रवर्ण महाविहार इत्यादि ठाउँका पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू विशेष उल्लेखनीय छन्।

धातुका पद्मपाणि बोधिसत्त्व मूर्ति

पद्मपाणि बोधिसत्त्वका धातुका मूर्तिहरू प्रस्तरमय मूर्ति जस्तै सहज दर्शनीय छैन। श्रावण पूर्णिमाका ४ दिन "बहि द्यो ब्वयेगु" को अवसरमा र विशेष धार्मिक अनुष्ठानमा मात्र यी मूर्तिहरू हेर्न पाइन्छ। कैयौं धातुका अनमोल मूर्तिहरू त बिदेशी संग्रहालयहरूको सम्पत्ति बन्न पुगिसकेका छन्।

त्यस मध्ये एउटा ५×२ इञ्चको कालो ढलोटको बोधिसत्त्व मूर्ति सातौं शताब्दीको मानिएको छ। सरस निर्मिस, बायाँ हात एक भक्तको

टाउकोमा राखिएको यो मूर्ति ढलौटको मूर्तिमा प्राचीनतम मानिएता पनि आज विदेशी संग्रहालयमा छ[१]। कमलको फूल यस मूर्तिमा छैन। धोतिको गह्राखेको पट्याइ श्रीघल, ढोकाबहाल, यंगुबहालका प्रस्तर मूर्तिको विपरीत दिशामा छ। अर्थात् बायाँ कटिबाट दायाँ उरु तिर गएर धोतिको छोर पनि दायाँ हात मुनि नै रहेको छ। मुकूटको सादगिभावले तुरणबहालको बोधिसत्त्वको मुकूटको याद दिलाउँछ। मुकूट चुच्चो भई माथि उठेको छ।

झ्याम्मै यसै शैलीको आफ्नो बायाँ हात भक्तको टाउको राखि राखेको ढुंगाको एउटा सानो तर सारै सरल भएर पनि कलात्मक आकर्षणको बोधिसत्त्वको प्रस्तरको मूर्ति भक्तपुर स्थित जेतवन विहारमा छ।

यस्तै एक अर्को रत्नजडित पद्मपाणिकै भव्य ढलौटे मूर्तिलाई श्री कुमार स्वामीज्यूले १० सौं शताब्दीको मानेका छन् भने उर्मीला देवगौंज्यूले १२/१३ शताब्दीको मानेका छन्[१]। धातुमा सुनको मुलमा लगाएका पाटन दरबार स्थित सुनको झ्यालको पद्मपाणि बोधिसत्त्व आफैमा एक महत्वको छ (चित्र सं. २३)। अरू १७ देवताहरूको ससाना मूर्तिहरूको समूहको बीचमा रहेको यो मूर्ति सारै महत्वको छ। यसले स्वयम्भूमा हाल पाइएको मूर्ति संगको आफ्नो पुरानो परम्परा देखाउँछ।

यस्तै ठंहिटी चैत्यको दक्षिण दिशाको पेटीमा अवस्थित पाँच

---

१. उर्मीला देवगौं, अमेरिकी म्यूजियममा नेपाली कलाको स्थान (स्वतन्त्र विश्व ६/१), काठमाडौं, पृष्ठ ५–९.

देवताहरूको परिक्रमा मण्डल बीचको पद्मपाणि बोधिसत्त्वको प्रस्तर मूर्ति पनि यस प्रसंगमा स्मरणीय छ ।

चित्रमा पद्मपाणि बोधिसत्त्व मूर्ति

धातुमय पद्मपाणि बोधिसत्त्वको दर्शन गर्न सहज नभए जस्तै चित्रमय बोधिसत्त्वको दर्शन गर्नु पनि सहज सुलभ हुन्देन । यसका कारण पनि पूर्वोक्त प्रकारकै छ । एस० के० सरस्वतीज्यू संग भएको गाता चित्रको पद्मपाणि बोधिसत्त्वबाट पद्मपाणि बोधिसत्त्वको चित्रकलाको इतिहास पनि झण्डै हजार वर्ष अघि पुग्न सक्ने देखिन्छ । ने० सं० १४८ को यस गाता चित्रमा मुख्य चित्र बुद्धको जन्म सम्बन्धी थियो । ता पनि एउटा कोना तिर कमल माथि बसेका देब्रे हातबाट कमलको डांठ समातिइ दाहिने हात व्याख्यान मुद्राका देवता पद्मपाणि बोधिसत्त्व नै हुन्[१] । त्यस्तै 'पौभा:'मा पनि सबैभन्दा पुरानो मानिएको हाल लस एञ्जेलस काउण्ट्री म्यूजियममा भएको पौभा:को विषय वस्तु पनि अमिताभ तथागत रहेको छ । त्यस पौभा: चित्र चारैतिर बोधिसत्त्व पद्मपाणि र बीचमा अमिताभ बुद्धको चित्र अंकित छ । हरियो पृष्ठभूमि, प्रभामण्डल, देवताहरूका ढाँचा र मुद्रा ११ शताब्दीको हस्त लिखित प्रज्ञापारमिता पुस्तकको चित्र संग प्रायः मिलेको आधारमा सरल रेखा

---

१. लैनसिंग बाङ्गदेल, प्राचीन नेपाली चित्रकला, काठमाडौं, २०३४, पृष्ठ २४.

तथा रंगले विशुद्ध नेपाली सम्पदाको परिचय दिएको उल्लेख पनि गरिएको छ[१] ।

चित्रकलाको आधार हस्त लिखित पुस्तक, पुस्तकका गाता र पौभाः जस्तै भित्ती चित्र (wall painting, Fresco) पनि एक आधार हो । अजंताको "महान बोधिसत्व" रूपमा प्रसिद्ध पद्मपाणि बोधिसत्वलाई यस प्रसंगमा कसैले बिर्सन सक्दैन[२] । बर्माको नन्दमान्या पगोडा पगां स्थित भित्ती चित्र (Fresco) पद्मपाणि बोधिसत्व अत्यन्त आकर्षक छ । श्वेतवर्ण दुवै हातमा कमल फूल लिएका शूक्ष्म फूलबुट्टा युक्त प्रभामण्डल भएको पद्मपाणि यहाँ शूक्ष्म कटिभंग मुद्रामा उभिएको छ ।

नेपाली शैलीको प्रभाव मानिएको यो बर्मा स्थित पद्मपाणि बोधिसत्वको मुखमुद्रा अत्यन्त शान्त र गम्भीर छ[३] ।

राजदरवार, आगम, पूजा स्थल, द्वारको भित्तामा चित्र लेखाउने प्राचीन परम्परा आज सम्म विद्यमानै छ । विवाह हुंदा वा विशेष बहाल पूजादि पुण्यकार्य गर्दा आज पनि द्वारमा पञ्चबुद्ध वा ब्रह्मा, विष्णु र महेश्वर आआपनो धर्मानुसार लेखाउनु आज सम्म अनिवार्य नै छ । त्यस्तै भित्तामा लेखिने कथा चित्र महासत्व, कवीर कुमार, विश्वन्तर

---

१. लैनसिंग बाङ्गदेल, प्राचीन नेपाली चित्रकला, पृष्ठ ४४.

2. Ananda K. Coomaraswamy, History of Indian and Indonesian art, Page 311.

3. Dr. Rajendra Ram, A History of Budhisem in Nepal (A. D. 704–1396) India 1977, Page 182.

आदि जातक एवं कुनै विशेष व्रत अनुष्ठानका कथा आज क्रमशः विनष्ट हुँदै दुर्लभ हुदै गएको छ । आज आफ्नो कलाकृति स्तर कायम राख्ने कलाकार वृत्तिका मानिस पनि कम हुदै गएको देखिन्छ । आज भित्तामा चित्र लेख्ने कलाकार पाउन गाह्रो हुँदै गएको छ ।

श्री जनबहाल (कनकचैत्य विहार) स्थित १०८ लोकेश्वरको भित्ती चित्र विनष्ट भएकीले हाल तस्वीर बनाइ हस्त लिखित १०८ लोकेश्वरको रंगीन चित्र राखिएको छ । यी चित्रहरू त्यहींको पुरानो चित्रहरू, साधनामाला, निष्पन्न योगावली, स्वयम्भू पुराणको दर्शनको आधार लिइकन, त्यस्तै छुस्याबहाल (काठमाडौं) चतुब्रह्म विहार (भक्तपुर) को उदाहरण लिएर ने० सं० १०८६ मा पुनर्स्थापित गरिएको हो ।

भित्ती चित्रहरूमा पद्मपाणि बोधिसत्त्वका पुराना नमूना चित्र आज हामी संग छैन । शान्तिपुर र कुमारी घरका भित्ती चित्र पनि धेरै शताब्दी पुराना होइनन् । तर मलाई लाग्दछ यसको खोज पनि पूर्णतः असम्भव भने छैन । आगमको भित्ती चित्रहरूमा एक पछि अर्को पटक बारबार रंग थप्दै पुनः रंगाउदै जाने गर्दछ । अतः ती रंगलाई वैज्ञानिक तरिकाबाट किताबको पन्ना पल्टाए झैं उद्घाटन गर्न सके हाम्रो भित्ती चित्रको पनि शताब्दीयौं पुराना इतिहास हाम्रो सामुने स्पष्ट रूपमा आउन नसक्ने होइनन् । अस्तु ।

उपसंहार

आजको जटिल-व्यवस्थापन-विधिबाट जकडिएको मानव-समाज, भौतिक-साधनको आधारमा सुखी बन्न खोज्ने व्यक्तिवादी मानव-मनोवृत्ति, एवं ज्ञानलाई स्वमुखी हितसाधन बनाउने मानव-प्रयत्नको संसारमा ज्ञान र महाकरुणाको आदर्श बोधिसत्त्व पद्मपाणि अत्यन्त महत्वपूर्ण छ। बोधिसत्त्व चर्य्याका शतांश आदर्श मात्र हामीबाट पालन हुन सके पनि स्वयंको, समाजको, देशको र विश्वको लागि नै एक ठूलो कल्याण कार्य हुनेछ।

कल्याण आदर्शको प्रतीक, हाम्रो कला र संस्कृतिको आधार पद्मपाणि बोधिसत्त्व दर्शन संरक्षित गर्नु हाम्रा भविष्यका सन्तानबाट श्रापमुक्त हुन हामीबाट अनिवार्य रूपमा हुनु पर्ने राष्ट्रिय दायित्व पनि हो। तर दुःखको कुरा हो वास्तविक वस्तुस्थितिले आज हामीले श्री पद्मपाणि बोधिसत्त्वको स्मरण गर्दै यस कलात्मक संस्कृतिको संवर्द्धन गर्नु के हाम्रो लागि स्वप्नवत् आकांक्षाको स्थिति रहन गएको त छैन भन्ने प्रश्न नचाहेर पनि गर्नु परेको छ।

सकल सत्त्व प्राणीहरू सुखी रहोस्।

परिशिष्ट

परिशिष्ट १

वाम कमलधरा : अमिताभ शिरेधरा

नमो लोकनाथाय अरुणवर्ण देहासरभिजसंभव
दहिम वर धर वाम कमलधरा ।।१।।

श्री बुंगमेश्वर अभयप्रदाता सत्वउद्धारण
दुर्गतिहरण षडगतितारण मोक्षप्रदाता ।।२।।

अमिताभ शिरेधर निर्मलवदना श्री जय
लोकेश्वर सुर नर पूजिता अष्ट महाभय
भवभय हरणं श्री करुणेश्वर अवीचिजनार्थं
अद्वनैपालिक वसुइन्दुनगचिन्ह ।।३।।

माधव शितगंगा सुत तिथि शनिवारे ।।४।।

।। इति लोकनाथ स्तोत्रं समाप्तम् ।।

परिशिष्ट २

मुद्रा सहित १०८ लोकेश्वरहरू

१. श्री महार्य्यावलोकितेश्वर । श्वेत वर्ण । २ हात । वायाँ हात वरद मुद्रा र बायाँ हात कमल फूल लिएका । स्थानक ।

२. श्री वज्रनाथ लोकेश्वर । नील वर्ण । दायाँ हातमा वज्र र बायाँ हात कमल फूल । नृत्य मुद्रा । स्थानक ।

३. श्री पद्मपाणि लोकेश्वर । रक्त वर्ण । दायाँ हात वरद मुद्रा, बायाँ हातमा डाँठ भएको कमल । स्थानक ।

४. श्री नृत्यनाथ लोकेश्वर । श्वेत वर्ण । दायाँ ५ हात क्रमशः नृत्य मुद्रा, शर, कमल र अभय मुद्रा । बायाँ ४ हातमा क्रमशः बञ्चरो, धनुष, दण्ड, घण्टी । १ हात खुट्टा उठाइ समाइएको । स्थानक ।

५. श्री वज्रस्फोट लोकेश्वर । श्वेत वर्ण । दायाँ हातमा वज्र । बायाँ हातमा कमल । स्थानक ।

६. श्री विद्यापति लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा जपमाला । बायाँ हातमा पुस्तक । स्थानक ।

७. श्री वज्रपाणि लोकेश्वर । नील वर्ण । दायाँ हातमा वज्र । बायाँ हातमा कमल । स्थानक ।

८. श्री शंखनाद लोकेश्वर । श्वेत वर्ण । दायाँ हातमा शंख लिएर छातिमा । बायाँ हातमा कमल । स्थानक ।

९. श्री विष्णुक्रान्त लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा शंख । बायाँ हातमा कमल । नृत्यमुद्रा । स्थानक ।

१०. श्री मञ्जुनाथ लोकेश्वर । पहेंलो वर्ण । दायाँ हातमा वरद । बायाँ हातमा पुस्तक लिएर छातिमा राखिएको । स्थानक ।

११. श्री कृताञ्जली लोकेश्वर । श्वेत वर्ण । दुबै हात अञ्जलि मुद्रा । स्थानक ।

१२. श्री विष्णुचक्र लोकेश्वर । पहेंलो वर्ण । दायाँ हातमा चक्र । बायाँ हातमा दण्ड । स्थानक ।

१३. श्री शान्तमति लोकेश्वर । श्वेत वर्ण । दायाँ हातमा जपमाला । बायाँ हातमा पुस्तक लिएर छातिमा । स्थानक ।

१४. श्री चिन्तामणि लोकेश्वर । श्वेत वर्ण । दायाँ हात वरद । बायाँ हात चिन्तामणि वृक्ष शाखा समाइरहेको । स्थानक ।

१५. श्री चैत्यधातु लोकेश्वर । श्वेत वर्ण । दायाँ हातमा चैत्य । बायाँ हातमा नफुलेको कमल फूल । स्थानक ।

१६. श्री विश्ववज्र लोकेश्वर । रक्त वर्ण । दायाँ हातमा चक्र । बायाँ हातमा अभय मुद्रा छातिमा । स्थानक ।

१७. श्री वज्रसत्वधातु लोकेश्वर । श्वेत वर्ण । दायाँ हातमा वज्र लिइ छातिमा । बायाँ हातमा घण्टी । स्थानक ।

१८. श्री शाक्यबुद्ध लोकेश्वर । पीत वर्ण । दायाँ हात पृथिवी छुन्ने यत्नमा । बायाँ हातमा कमल । स्थानक ।

१९. श्री अमिताभ लोकेश्वर । रक्त वर्ण । दायाँ हात ध्यान मुद्रा । बायाँ हातमा पिण्डपात्र । स्थानक ।

२०. श्री वज्रधातु लोकेश्वर । श्वेत वर्ण । बोध्यंग मुद्रा । स्थानक ।

२१. श्री धर्मचक्र लोकेश्वर । पीत वर्ण । दायाँ हात चक्र साथ अभय मुद्रा । बायाँ हातमा पिण्डपात्र । स्थानक ।

२२. श्री सिंहनाद लोकेश्वर । श्वेत वर्ण । तीन आँखा । दायाँ हातमा सर्प बेरिएको त्रिशुल । बायाँ हातमा सुगन्धपूर्ण पात्र । सिंहमाथि व्याघ्र चर्ममा आशनक ।

२३. श्री विश्वदूत लोकेश्वर । पीत वर्ण । ध्यान मुद्रा । स्थानक ।

२४. श्री हरिहरवाहन लोकेश्वर । रक्त वर्ण । दायाँ हातमा कमलको डाँठ । बायाँ हात अभय मुद्रा । सिंहमाथि ललितासन ।

२५. श्री धर्मधातु लोकेश्वर । पीत वर्ण । धर्मचक्र मुद्रा । स्थानक ।

२६. श्री हरिहर लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा त्रिशुल । बायाँ हातमा कमल । स्थानक ।

२७. श्री खरखिरि लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा कमण्डलु, बायाँ हातमा सिसलाकु । स्थानक ।

२८. श्री वज्रदण्ड लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा वज्र, बायाँ हातमा दण्ड । स्थानक ।

२९. श्री अचलकेतु लोकेश्वर । नीलो वर्ण । दायाँ हातमा खड्ग, बायाँ हातमा पाश । स्थानक ।

३०. श्री खिरिखरा लोकेश्वर । हरियो वर्ण । दायाँ हात सिस-लाकुमा अड्याएको अभय मुद्रा, बायाँ हातमा पिण्डपात्र । स्थानक ।

३१. श्री रत्नदत्त लोकेश्वर । पहेँलो वर्ण । दायाँ हातमा रत्नशाखा, बायाँ हातमा पुस्तक । स्थानक ।

३२. श्री विन्दुपाणी लोकेश्वर । सेतो वर्ण । दायाँ हात विन्दुमुद्रा, बायाँ हात अभयविन्दुमुद्रा । स्थानक ।

३३. श्री कमलरुद्र लोकेश्वर । सेतो वर्ण । दायाँ हातमा कमल, बायाँ हातमा त्रिशुल । स्थानक ।

३४. श्री देवदेवता लोकेश्वर । रगत वर्ण । दायाँ हात वरद मुद्रा, बायाँ हात पताका मुद्रा । स्थानक ।

३५. श्री सार्थवाह लोकेश्वर । सेतो वर्ण । दायाँ हात वरद, बायाँ हातमा रत्नघट । स्थानक ।

३६. श्री पिण्डपात्र लोकेश्वर । पहेँलो वर्ण । ध्यान मुद्राका हातहरुमा पिण्डपात्र । स्थानक ।

३७. श्री अमोघपाश लोकेश्वर । सेतो वर्ण । दायाँ ४ हातमा क्रमशः अभयमुद्रा, अक्षयमाला, पाश र वरद मुद्रा; बायाँ ४ हातमा क्रमशः पुस्तक, त्रिशुल, कमल र कमण्डलु । स्थानक ।

३८. श्री महावज्रनाथ लोकेश्वर । मुख्य मुख नीलो वर्ण । दायाँ मुख सेतो वर्ण, बायाँ मुख रातो वर्ण, माथिल्लो मुख पहेँलो वर्ण । दायाँ ४ हातमा क्रमशः वज्र, खड्ग, अंकूश र वाण; दायाँ ४ हातमा क्रमशः घंटी, त्रिशुल, पाश र धनुष । स्थानक ।

३९. श्री महावज्रपाणि लोकेश्वर । मुख्य मुख, दायाँ मुख, बायाँ मुख र माथिल्लो मुख क्रमशः सेतो, नीलो, रगत र पहेँलो वर्ण । दायाँ ४ हातमा क्रमशः खड्ग, वज्र, अंकूश र वाण; बायाँ ४ हातमा क्रमशः छत्र, घंटी, पाश र धनुष । स्थानक ।

४०. श्री महावज्रधृत लोकेश्वर । मुख्य दायाँ बायाँ माथि... क्रमशः रातो, नीलो, पहेँलो र सेतो वर्ण । दायाँ ४ हातमा क्रमशः खड्ग, अंकूश, वाण र वज्र; बायाँ ४ हातमा नफुलेको कमल, पाश, धनुष र घंटी । स्थानक ।

४१. श्री महावज्रधातु लोकेश्वर । मुख्य दायाँ बायाँ माथि... क्रमशः हरियो, सेतो, पहेँलो र रातो वर्ण । दायाँ ४ हातमा क्रमशः खड्ग, वज्र, वाण र अंकूश; बायाँ ४ हातमा क्रमशः कमल, घंटी, पाश र धनुष । स्थानक ।

४२. श्री महाविश्वरूप लोकेश्वर । मुख्य दायाँ बायाँ माथि...क्रमशः हरियो, सेतो, रातो र पहेँलो वर्ण । दायाँ ४ हातमा क्रमशः

खड्ग, वज्र, वाण र अंकूश; बायाँ ४ हातमा क्रमशः विश्ववज्र, घंटी, धनुष र पाश । स्थानक ।

४३. श्री महामञ्जुभूत लोकेश्वर । मुख्य दायाँ बायाँ माथि... क्रमशः सेतो, हरियो, पहेंलो र रातो वर्ण । दायाँ ४ हातमा क्रमशः वज्र, वाण, पञ्चसूचिक र अंकूश; बायाँ ४ हातमा क्रमशः घंटी, धनुष, रत्नमंजरी र कमल । स्थानक ।

४४. श्री महाअभयस्थूल लोकेश्वर । मुख्य दायाँ बायाँ माथि ..क्रमशः नीलो, हरियो, सेतो र पहेंलो वर्ण । दायाँ ३ हातमा क्रमशः खड्ग, वज्र र झण्डा भएको कलश; बायाँ ३ हातमा क्रमशः जपमाला, विश्ववज्र भएको घंटी र कमल भएको कलश । स्थानक ।

४५. श्री महाभयङ्करी लोकेश्वर । मुख्य दायाँ बायाँ माथि...क्रमशः हरियो, सेतो, पहेंलो र रातो वर्ण । दायाँ ३ हातमा क्रमशः अभय मुद्रा, वज्र, जपमाला; बायाँ ३ हातमा क्रमशः अभय मुद्रा, घंटी र त्रिशुल । स्थानक ।

४६. श्री महासूर्यबिम्व लोकेश्वर । मुख्य दायाँ बायाँ माथि ..क्रमशः रातो, हरियो, सेतो र रातो वर्ण । दायाँ ४ हातमा क्रमशः वज्र, खड्ग, अंकूश र वरद मुद्रा; बायाँ ४ हातमा क्रमशः घंटी, शंख, पाश र कमण्डलु । स्थानक ।

४७. श्री महाचन्द्रबिम्व लोकेश्वर । मुख्य दायाँ बायाँ माथि...सेतो, पहेंलो, रातो र पहेंलो वर्ण । दायाँ ४ हातमा क्रमशः वज्र, चक्र,

बज्रो र चन्द्रविम्ब; बायाँ ४ हातमा क्रमशः घंटी, कमल पाश र कमण्डलु । स्थानक ।

४८. श्री महामञ्जुदत्त लोकेश्वर । मुख्य दायाँ बायाँ माथि... क्रमशः कुमकुम, हरियो, रातो र पहेंलो वर्ण । दायाँ ४ हात मध्ये ३ हातमा क्रमशः खड्ग, वज्र र वाण; बायाँ ४ हात मध्ये ३ हातमा क्रमशः पुस्तक, घंटी र धनुष । अनि दायाँ बायाँ २ हात ध्यानमुद्रा । स्थानक ।

४९. श्री महाशील लोकेश्वर । ३ मुख सबै सेतो वर्ण । दायाँ ३ हातमा क्रमशः वज्र, खड्ग र रत्नमंजरी; बायाँ ३ हातमा क्रमशः घंटी, पाश र कमल । स्थानक ।

५०. श्री महारत्नकुल लोकेश्वर । मुख्य दायाँ बायाँ मुख क्रमशः सेतो, रातो र पहेंलो वर्ण । दायाँ ३ हातमा क्रमशः वज्र, विश्वबज्र र रत्न; बायाँ ३ हातमा क्रमशः छत्र, घंटी र कमण्डलु । स्थानक ।

५१. श्री महासहश्रसूर्य्य लोकेश्वर । मुख्य दायाँ बायाँ... रातो, पहेंलो र सेतो वर्ण । दायाँ बायाँ सूर्यविम्ब । दायाँ २ हातमा खड्ग र अग्निज्वाला; बायाँ २ हातमा घंटी र कमल । स्थानक ।

५२. श्री सहश्रभुज लोकेश्वर । सेतो वर्ण । ११ मुख । १००० हात मध्येमा ८ मुख्य हात । दायाँ बायाँ २ हात छातीमा अभय मुद्रा । दायाँ ३ हातमा जपमाला, चक्र र वरद; बायाँ ३ हातमा पद्म, धनुषवाण र कमल । स्थानक ।

५३. श्री महारत्नकीर्ति लोकेश्वर । ३ मुख । पहेंलो, सेतो, नीलो वर्ण । दायाँ ३ हातमा अंकूश, रत्नमंजरी र वज्र; बायाँ ३ हातमा पाश, पद्म र घंटी । स्थानक ।

५४. श्री महासहस्रभुज लोकेश्वर । ३ मुख सेतो वर्ण । दायाँ ३ हातमा वाण, पद्म र शंख; बायाँ ३ हातमा धनुष, अंकूश र पाश । स्थानक ।

५५. श्री अक्षयमती लोकेश्वर । पहेंलो वर्ण । दायाँ हातमा खड्ग, बायाँ हातमा वरद सहित पद्म । पद्मासनमा आशनक ।

५६. श्री समन्तभद्र लोकेश्वर । पहेंलो वर्ण । दायाँ हात वरद, बायाँ हातमा उत्पल फूल सहितको खड्ग । आशनक ।

५७. श्री सृष्टिकान्त लोकेश्वर । रातो वर्ण । दायाँ हात वरद, बायाँ हातमा कमल । स्थानक ।

५८. श्री क्षितिगर्भ लोकेश्वर । पहेंलो वर्ण । दायाँ हात भूस्पर्श, बायाँ हातमा कल्पवृक्ष सहित कमल । पद्माशनमा आशनक ।

५९. श्री आकाशगर्भ लोकेश्वर । हरियो वर्ण । दायाँ हातमा रत्न-मंजरी, बायाँ हातमा चिन्तामणि । पद्माशनमा आशनक ।

६०. श्री गगनगंज लोकेश्वर । पहेंलो वर्ण । दायाँ हातमा चिन्तामणि रत्न, बायाँ हातमा कल्पवृक्ष सहित कलश । पद्माशनमा आशनक ।

६१. श्री रत्नपाणि लोकेश्वर । रातो वर्ण । दायाँ हातमा रत्न, बायाँ हातमा पद्मोपरी चन्द्र । पद्माशनमा आशनक ।

६२. श्री सागरमति लोकेश्वर । सेतो वर्ण । दायाँ हातमा शंख, बायाँ हातमा वज्र सहित खड्ग । पद्माशनमा आशनक ।

६३. श्री वज्रगर्भ लोकेश्वर । नीलो वर्ण । दायाँ हातमा वज्र, बायाँ हातमा पुस्तक सहित कमल । पद्माशनमा आशनक ।

६४. श्री अवलोकितेश्वर लोकेश्वर । सेतो वर्ण । दायाँ हात वरद, बायाँ हातमा कमल । पद्माशनमा आशनक ।

६५. श्री महास्थानप्राप्त लोकेश्वर । पहेंलो वर्ण । दायाँ हातमा खड्ग, बायाँ हातमा कमल । पद्माशनमा आशनक ।

६६. श्री चन्द्रप्रभ लोकेश्वर । सेतो वर्ण । दायाँ हातमा वज्र सहित चक्र, बायाँ हातमा चन्द्र सहित कमल । पद्माशनमा आशनक ।

६७. श्री जलिनीप्रभ लोकेश्वर । गुलाबी वर्ण । दायाँ हातमा खड्ग, बायाँ हातमा सूर्य सहित कमल । पद्माशनमा आशनक ।

६८. श्री अमितप्रभ लोकेश्वर । सेतो वर्ण । दायाँ हातमा विश्ववज्र, बायाँ हातमा कमल सहित कलश । कमलाशनमा आशनक ।

६९. श्री प्रतिभानकूट लोकेश्वर । पहेंलो वर्ण । दायाँ हात छोटिका मुद्रा, बायाँ हातमा खड्ग सहित कमल । पद्माशनमा आशनक ।

७०. श्री सर्वशोकतमोनिर्घातमति लोकेश्वर । कुमकुम वर्ण । दायाँ हातमा ५ टुप्पा भएको वज्र, बायाँ हात शक्ति अंगालो मुद्रा । पद्माशनमा आशनक ।

७१. श्री सर्वनिवारणविष्काम्भी लोकेश्वर । नीलो वर्ण । दायाँ हातमा खड्ग, बायाँ हातमा विश्ववज्र भएको ध्वजा । कमलाशनमा आशनक ।

७२. श्री कारण्डव्यूह लोकेश्वर । सेतो वर्ण । दायाँ हातमा जपमाला, बायाँ हातमा मणि सहित कमल । २ हात कृताञ्जलि मुद्रा । कमलाशनमा आशनक ।

७३. श्री ज्ञानधातु लोकेश्वर । रातो वर्ण । २ हात कृताञ्जलि, २ हात ध्यान, दायाँ २ हातमा खड्ग र त्रिशुल; बायाँ २ हातमा पुस्तक र पाश । स्थानक ।

७४. श्री पद्मनृतेश्वर लोकेश्वर । सेतो वर्ण । दुई हात नृत्यमुद्रा । ६ हात कमल लिएर अर्द्धपर्यक नृत्य पदमा । स्थानक ।

७५. श्री वज्रोष्णीष लोकेश्वर । पहेंलो वर्ण । दायाँ ३ हातमा जपमाला, त्रिशुल र अभय मुद्रा । बायाँ ३ हातमा पुस्तक, पाश र वरद । स्थानक ।

७६. श्री शाक्यधातु लोकेश्वर । पहेंलो वर्ण । दायाँ ३ हातमा वज्र, खड्ग र कमल । बायाँ ३ हातमा पिण्डपात्र, रत्न र मुष्ठि घंटी । ललिताशन ।

७७. श्री शान्तश्री लोकेश्वर । सेतो वर्ण । दायाँ ३ हात छातिमा राखेको अभय मुद्रा, जपमाला र दण्ड । बायाँ ३ हातमा कलश, पुस्तक र पाश । स्थानक ।

७८. श्री यमदण्ड लोकेश्वर । सेतो वर्ण । दायाँ २ हातमा यमदण्ड र वाण । बायाँ २ हातमा धनुष र पाश । स्थानक ।

७९. श्री विश्वहर लोकेश्वर । पहेंलो वर्ण । दायाँ ३ हातमा खड्ग, वाण र चक्र । बायाँ ३ हातमा पाश, धनुष र अभय मुद्रा छातिमा । वज्राशन ।

८०. श्री महावज्रसत्त्व लोकेश्वर । सेतो वर्ण । दायाँ ४ हातमा विश्ववज्र, खड्ग, जपमाला र चक्र । बायाँ ४ हातमा घंटी, पाश, त्रिशुल र शंख । वज्राशन ।

८१. श्री कृष्णाचल लोकेश्वर । कृष्ण वर्ण । दायाँ ३ हातमा कमल, वाण र वरद मुद्रा । बायाँ ३ हातमा पुस्तक, धनुष र अभय मुद्रा । ललिताशन ।

८२. श्री सुखावती लोकेश्वर । ३ मुख सेतो वर्ण । दायाँ ३ हातमा वाण, जयमाला र वरद मुद्रा । बायाँ ३ हातमा धनुष, पद्म र शक्तिसाथ । आशनक ।

८३. श्री अचिन्त्य लोकेश्वर । रगत वर्ण । दायाँ ३ हातमा खड्ग, वज्र र वरद । बायाँ ३ हातमा ढाल, घंटी र अभय मुद्रा । ललिताशन ।

८४. श्री उन्नति लोकेश्वर । कृष्ण वर्ण । दायाँ ३ हातमा अभय मुद्रा छातिमा, जपमाला र वज्र । बायाँ ३ हातमा पाश, कमल र पात्र । उत्कुटकाशन ।

८५. श्री प्रवर लोकेश्वर । तल माथि दुई मुख पहेंलो र सेतो वर्ण । दायाँ २ हात अभय मुद्रा र जपमाला । बायाँ २ हातमा पुस्तक र कमल । वज्राशन ।

८६. श्री वज्रधर्म लोकेश्वर । गुलाबी वर्ण । दायाँ हात छातीमा अभय मुद्रा । बायाँ हात कमल । मयूराशन ।

८७. श्री वश्याधिकार लोकेश्वर । रातो वर्ण । २ हात कृताञ्जलि मुद्रा । दायाँ हातमा कमल । बायाँ हातमा पाश । वज्राशन ।

८८. श्री खसर्पण लोकेश्वर । सेतो वर्ण । दायाँ हात अमृतधार बगाएको । बायाँ हातमा कमल । ललिताशन ।

८९. श्री सिंहनाद लोकेश्वर । रातो वर्ण । २ हात कृताञ्जलि । दायाँ २ हात खड्ग र जपमाला । बायाँ २ हातमा ढाल र पुस्तक । उत्कुटकाशन ।

९०. श्री त्रैलोक्यसंदर्शन लोकेश्वर । रातो वर्ण । ३ नेत्र । दायाँ हातमा अंकुश, बायाँ हातमा वज्रांकित पाश । वज्राशन ।

९१. श्री रक्तार्य्यावलोकितेश्वर लोकेश्वर । रातो वर्ण । दायाँ २ हातमा वाण र अंकुश । बायाँ २ हातमा पाश र धनुष । अशोकवृक्षको छायामा आशनक ।

९२. श्री नीलकण्ठ लोकेश्वर । रातो वर्ण । सर्प माला लाएको । घांटीमा वीष भएको । दायाँ हातमा रत्न सहित कपाल समाइ-रहेको उठेको हात । बायाँ हात ध्यान मुद्रा जस्तै काखमा । ध्यानाशन ।

९३. श्री सुगतिसंदर्शन लोकेश्वर । सेतो वर्ण । दायाँ ३ हात वरद, अभय मुद्रा र जपमाला । बायाँ ३ हातमा कमल, कमण्डलु र त्रिदण्ड । स्थानक ।

९४. श्री मायाजालक्रमक्रोध लोकेश्वर । सेतो, रातो, नीलो, पहेंलो, हरियो वर्ण क्रमशः पाँच वर्णको पाँच मुख । दायाँ ६ हातमा डमरु, खट्वांग, अंकूश, पाश, वज्र र वाण । बायाँ ६ हातमा तर्जनी, कपाल, रक्तकमल, मणि, चक्र र धनुष । प्रत्यालिढपद । स्थानक ।

९५. श्री प्रेतसंतर्पित लोकेश्वर । सेतो वर्ण । २ हात वरद । दायाँ २ हातमा रत्न र पुस्तक । बायाँ २ हातमा जपमाला र त्रिदण्ड । चन्द्राशन ।

९६. श्री ब्रह्मदण्ड लोकेश्वर । कुमकुम वर्ण । दायाँ २ हातमा वरद र त्रिदण्ड । बायाँ २ हातमा कलश र शक्ति अंगालेको । ललिताशन ।

९७. श्री जटामुकूट लोकेश्वर । नीलो र पहेंलो वर्णको तल माथि दुई मुख । दायाँ २ हातमा वरद र जपमाला । बायाँ २ हातमा उत्पल फूल र कलश । स्थानक ।

९८. श्री वरद लोकेश्वर । सेतो वर्ण । २ हात कृताञ्जलि मुद्रा । दायाँ २ हातमा वरद र जपमाला । बायाँ २ हातमा पुस्तक र कमल । स्थानक ।

९९. श्री कमण्डलु लोकेश्वर । पहेंलो वर्ण । दायाँ २ हातमा वज्र र चक्र । बायाँ २ हातमा घण्टी र कमण्डलु । २ हात शराक्षेप मुद्रा । स्थानक ।

१००. श्री मणिपद्म लोकेश्वर । सेतो वर्ण । २ हात मणि सहित कृताञ्जलि मुद्रा । दायाँ हातमा जपमाला । बायाँ हातमा कमल । वज्राशन ।

१०१. श्री पीतपट्ट लोकेश्वर । रातो वर्ण । पिण्डपात्र सहित दुबै हात ध्यान मुद्रा । पीत वस्त्र । वज्राशन ।

१०२. श्री आनन्बादि लोकेश्वर । रातो वर्ण । दायाँ हातमा कमल । बायाँ हातमा वरद । स्थानक ।

१०३. श्री खडक्षरी लोकेश्वर । सेतो वर्ण । दुई हात कृताञ्जलि । दायाँ हातमा जपमाला । बायाँ हातमा कमल । वज्राशन ।

१०४. श्री मायाजालक्रम लोकेश्वर । ६ मुख । पहेंलो, नीलो, सेतो, रातो, नीलो क्रमशः ५ मुख वर्ण । तेश्रो माथि ६ ठौं मुख नीलो वर्ण । दायाँ ६ हातमा त्रिशुल, दण्ड, चक्र, अंकूश, वज्र र जपमाला । बायाँ ६ हातमा पात्र, पाश, कमल, मणि, उत्पल फूल र चक्र । स्थानक ।

१०५. श्री हरिहरिहरिहरिवाहन लोकेश्वर । सेतो वर्ण । दायाँ ३ हातमा साक्षि मुद्रा जपमाला र उपदेश मुद्रा । बायाँ ३ हातमा दण्ड, कृष्णाजिन, कमण्डलु । गरुड नारायण आशनक ।

१०६. श्री हालाहल लोकेश्वर । तीन मुख क्रमश: नीलो, सेतो, रातो वर्ण । दायाँ ३ हातमा वरद, अक्षयमाला र वाण । बायाँ ३ हातमा धनुष, कमल र शक्ति सहित कुच मुद्रा । ललिताशन ।

१०७. श्री हलाहल लोकेश्वर । ३ मुख क्रमश: पहेंलो, सेतो, नीलो वर्ण । त्रिनेत्र । दायाँ ३ हातमा वरद, जपमाला र वाण । बायाँ ३ हातमा कुच मुद्रा, कमल र धनुष । बाघ चर्ममा स्थानक ।

१०८. श्री हयग्रीव लोकेश्वर । रातो वर्ण । बायाँ हातमा दण्ड । पेटमा ६ लोकचक्र भएको । स्थानक ।

परिशिष्ट ३

३६० लोकेश्वरहरूको नाम

(१) श्री सृष्टिकान्ता लोकेश्वर
(२) " आर्य्यावलोकितेश्वर
(३) " आनन्दादि लोकेश्वर
(४) " अमोघपाश "
(५) " अपराजिता "
(६) " अजिता "
(७) " अक्षयकर्मावर्ण विशोधन "
(८) " अक्षय "
(९) " अमृतवती "
(१०) " अमृतप्रभ "
(११) " अमोघांकूश "
(१२) " अभयप्रभ "
(१३) " अभोगवती "
(१४) श्री अभयंकारी लोकेश्वर
(१५) " अकुल "
(१६) " अवीचिसंशोधन "
(१७) " अभयफल दायक "
(१८) " अनिक्षिप्त "
(१९) " अश्वरथ "
(२०) " अक्षोभ्य "
(२१) " अमिताभ "
(२२) " अमोघसिद्धि "
(२३) " अष्टाङ्ग "
(२४) " अर्थिभुज "
(२५) " असंगता "
(२६) " आर्य्यतारा "
(२७) " आकाशधातु "

(२८) श्री आनन्द लोकेश्वर
(२९) " आकाशगर्भ "
(३०) " आदिबुद्ध "
(३१) " आयुस्तेज "
(३२) " इन्द्रकेतुध्वज "
(३३) " इन्द्रगति "
(३४) " उलुमन्त "
(३५) " उष्णकलेकि "
(३६) " उष्णीष "
(३७) " उष्पीनाद "
(३८) " उच्छिकान्ता "
(३९) " उतासेन "
(४०) " उग्रतेज "
(४१) " ओंनज "
(४२) " ऋषिप्रेंग "
(४३) " ऋषिदेव "
(४४) " ऋषिगुप्त "
(४५) " करुणावतार "
(४६) " कर्णिकार "
(४७) " कमलवद्ध "
(४८) " कमलधर "
(४९) " कनकमुनि "
(५०) श्री कपिलमुनि लोकेश्वर
(५१) " कामवाह "
(५२) " कानन "
(५३) " काश्यप "
(५४) " कांतिकतार "
(५५) " कांतिनाम "
(५६) " कांतर्वाजित "
(५७) " कुरुकुल्ला "
(५८) " कुलक्षा "
(५९) " कृतांजलि "
(६०) " क्रकुच्छन्द "
(६१) " क्रमचन्द्र "
(६२) " कौण्डिन्य "
(६३) " खरखिर "
(६४) " खदिर "
(६५) " खगर्भा "
(६६) " खसर्प "
(६७) " खदिवर "
(६८) " खिखिरा "
(६९) " गगनगंज "
(७०) " गंगासागर "
(७१) " गर्जापति "

(७२)	श्री गगनेगगन विलोकित लोकेश्वर	(९३)	श्री चोरविल्वा लोकेश्वर
		(९४)	" क्षितिगर्भ "
(७३)	" गवांपत "	(९५)	" जांगुलि "
(७४)	" गदवचित्र "	(९६)	" ज्वालि "
(७५)	" गयाकाश्यप "	(९७)	" जिनवक्त "
(७६)	" गंधहस्ति "	(९८)	" जीवनाद "
(७७)	" गंधव्यूह "	(९९)	" जोगांवर "
(७८)	" गंधवाहन "	(१००)	" तथागत गुह्य "
(७९)	" गंधवाबस्ति "	(१०१)	" तारा "
(८०)	" गुह्यगुप्त "	(१०२)	" तिष्य "
(८१)	" गुणकेतु "	(१०३)	" स्थिति "
(८२)	" गुंजित "	(१०४)	" दधिबीर्य्य "
(८३)	" गौतम "	(१०५)	" दशंजलि "
(८४)	" ग्रहगुप्त "	(१०६)	" दशभूमि "
(८५)	" गौतम "	(१०७)	" दीपंकर "
(८६)	" घोखिला "	(१०८)	" दुंदुभि "
(८७)	" चन्द्रष्ठ "	(१०९)	" दृढवीर्य "
(८८)	" चन्द्रव्यवलोकिनी "	(११०)	" धर्मधातु "
(८९)	" चन्द्रवर "	(१११)	" धर्मचक्र "
(९०)	" चन्द्रवीर "	(११२)	" धर्मपीठ "
(९१)	" चन्द्र "	(११३)	" धर्मभेग "
(९२)	" चैत्यविम्व "	(११४)	" धर्मपथक "

(११५) श्री धर्मराज लोकेश्वर
(११६) " धर्म "
(११७) " धर्मशंख "
(११८) " धर्मपाणि "
(११९) " धर्मशब्द "
(१२०) " धर्मकेतु "
(१२१) " धर्मराज "
(१२२) " धर्मश्रीमित्र "
(१२३) " धर्माकर "
(१२४) " धरणीश्वर "
(१२५) " धातुप्रिय "
(१२६) " धातुरूप "
(१२७) " ध्वजोग्रकेयूर "
(१२८) " नदीकाश्यप "
(१२९) " नन्दनाद "
(१३०) " नन्दिक "
(१३१) " नामसंगति "
(१३२) " नित्यनाथ "
(१३३) " नित्यशुद्ध "
(१३४) " नित्य "
(१३५) " नित्यपति "
(१३६) " नित्यचरण "
(१३७) श्री नित्यधीमति लोकेश्वर
(१३८) " नित्योयुक्त "
(१३९) " निरुद्धेन "
(१४०) " नील सरस्वती "
(१४१) " नीलकण्ठ "
(१४२) " पवन "
(१४३) " पर्णसवरी "
(१४४) " पर्वतालंकार "
(१४५) " पद्मधरा "
(१४६) " पद्मपाणी "
(१४७) " पद्महास "
(१४८) " पद्मपूर्व "
(१४९) " पद्मश्री परिदरा "
(१५०) " पद्मालंकार "
(१५१) " पद्मात्तर "
(१५२) " पांडुरा "
(१५३) " पिण्डपात्र "
(१५४) " पुष्पकेतु "
(१५५) " पुष्पगन्ध "
(१५६) " पूर्ण "
(१५७) " प्रतिभानकूट "
(१५८) " पृथिवी "

(१५९) श्री प्रज्ञापारमिता लोकेश्वर
(१६०) " प्रशान्तकाय "
(१६१) " प्रतिसंवित् प्राप्त "
(१६२) " प्रशान्त चारित्रमति "
(१६३) " प्रवातसार "
(१६४) " प्रतिहसित "
(१६५) " प्रतिसरा "
(१६६) " प्रत्येकबुद्ध "
(१६७) " वज्रनाथ "
(१६८) " वज्रपाणि "
(१६९) " वज्रकेतु "
(१७०) " वज्रहास "
(१७१) " वज्रधर "
(१७२) " वज्रस्फूट "
(१७३) " वज्रगन्धारी "
(१७४) " वज्रसागर "
(१७५) " वज्रतेज "
(१७६) " वज्रधातु "
(१७७) " वज्रमुक्ति "
(१७८) " वज्रकूट "
(१७९) " वज्रसत्व "
(१८०) " वज्रनाथ "
(१८१) श्री वज्रगर्भ लोकेश्वर
(१८२) " वज्रलाश्ये "
(१८३) " वज्रमाल्ये "
(१८४) " वज्रगीत्य "
(१८५) " वज्रनृत्ये "
(१८६) " वज्रपाश "
(१८७) " वजांकूश "
(१८८) " वजांवेश "
(१८९) " वज्रभूत "
(१९०) " वज्रसंहत "
(१९१) " वज्रांशन "
(१९२) " वंह्नितेज "
(१९३) " वररूप "
(१९४) " वसंतगन्धी "
(१९५) " वसपन्न "
(१९६) " वरदायक "
(१९७) " वर्णभाव्य "
(१९८) " वाष्प "
(१९९) " विपुलप्रभ "
(२००) " विस्तिर्णभेद "
(२०१) " विश्वभू "
(२०२) " विपश्वी "

(२०३) श्री विमल लोकेश्वर	(२२५) श्री महासार्थवाह लोकेश्वर
(२०४) " विन्दुवासिनी "	(२२६) " मणिदत्त "
(२०५) " विद्यापति "	(२२७) " महानाम्न "
(२०६) " विक्रम "	(२२८) " महावरुण "
(२०७) " विद्यटित "	(२२९) " महासिंह "
(२०८) " विश्वरूप "	(२३०) " महाज्वालनि "
(२०९) " विक्रमदत्त "	(२३१) " महामौद्गल्यायण"
(२१०) " विन्दु "	(२३२) " महाकाश्यप "
(२११) " विन्दुविष्णु "	(२३३) " मायांजाल "
(२१२) " विष्णुकान्ता "	(२३४) " मणिभद्राय "
(२१३) " विमुगन्ध "	(२३५) " मामकि "
(२१४) " विश्वभद्र "	(२३६) " मेघावतार "
(२१५) " विरंचि "	(२३७) " मेघपति "
(२१६) " बुद्धालंकार "	(२३८) " मेघसार्थवाह "
(२१७) " वैरोचन "	(२३९) " मेघेश्वर "
(२१८) " भद्रमति "	(२४०) " मैत्रायणि "
(२१९) " भद्रपाल "	(२४१) " मैत्र्यास्फरण "
(२२०) " भिक्षुरी "	(२४२) " मैत्रेय "
(२२१) " भृकुटी "	(२४३) " मोघराज "
(२२२) " भैषर्ज्य "	(२४४) " मंगल "
(२२३) " मणिकूत "	(२४५) " मञ्जुघोष "
(२२४) " महाप्रत्यंगिरा "	(२४६) " मञ्जुवज्र "

(२४७)	श्री मञ्जुदत्त लोकेश्वर		(२६९)	श्री लोकसुन्दर लोकेश्वर	
(२४८)	" मञ्जुभूत	"	(२७०)	" लोकाभिलाषित	"
(२४९)	" मञ्जुश्री	"	(२७१)	" शक्रवीर	"
(२५०)	" यशोदेव	"	(२७२)	" शंखनाद	"
(२५१)	" रत्नकीर्ति	"	(२७३)	" शाक्यसिंह	"
(२५२)	" रत्नराज	"	(२७४)	" शाक्यमुनि	"
(२५३)	" रत्नप्रभावेश्वर	"	(२७५)	" शाश्वत	"
(२५४)	" रत्नपाणि	"	(२७६)	" शाक्यधातु	"
(२५५)	" रत्नवृष्टि	"	(२७७)	" शालिपुत्र	"
(२५६)	" रत्नचन्द्र	"	(२७८)	" शिखित	"
(२५७)	" रत्नसंभव	"	(२७९)	" शिवकान्ता	"
(२५८)	" रत्न	"	(२८०)	" शीलचक्र	"
(२५९)	" रत्नकूल	"	(२८१)	" शुभपद्म	"
(२६०)	" राहुल	"	(२८२)	" सृष्टिसंसार	"
(२६१)	" खिरिखरा	"	(२८३)	" स्वजिता	"
(२६२)	" रैवत	"	(२८४)	" बुंगमेश्वर	"
(२६३)	" रोचनि	"	(२८५)	" लोकनाथ	"
(२६४)	" ललितनाम	"	(२८६)	" तेज	"
(२६५)	" लमिन्दभूज	"	(२८७)	" मल्ल	"
(२६६)	" लंकोवतार	"	(२८८)	" षडक्षरी	"
(२६७)	" लोकधातु	"	(२८९)	" षडपद्म	"
(२६८)	" लोकनाथ	"	(२९०)	" सर्वर्पावर्ण विष्कंभि	"

(२९१) श्री सतपरदायक लोकेश्वर	(३१३) श्री सिंहमुखी लोकेश्वर
(२९२) " सहस्रवतार "	(३१४) " सिंहविक्रिदित "
(२९३) " सर्वसमित्र "	(३१५) " सिंहवीर्य "
(२९४) " सर्वज्ञानदृष्टि "	(३१६) " सिंहकेतु "
(२९५) " सर्वज्ञ "	(३१७) " सिद्धार्थमति "
(२९६) " सहस्रभुज "	(३१८) " स्थितबुद्धि "
(२९७) " सर्वाकारज्ञतया "	(३१९) " सुखावती "
(२९८) " समन्तभद्र "	(३२०) " सुगति "
(२९९) " सरीरमृज गोमिनी "	(३२१) " सुमुख "
(३००) " सर्वविभुषित "	(३२२) " सुदर्शन "
(३०१) " सत्यधर्म "	(३२३) " सुप्रियसार्थवाह "
(३०२) " सहर्षविबु "	(३२४) " सुवाहु "
(३०३) " सत्यसंज्ञक "	(३२५) " सुभूति "
(३०४) " सर्वानिरवसत "	(३२६) " सुमनुज्ञ "
(३०५) " स्मरवीर "	(३२७) " सुचेतनकर "
(३०६) " सार्थवाह "	(३२८) " सुप्रतिष्ठित "
(३०७) " शाश्वत "	(३२९) " सुपरिकिर्तन "
(३०८) " सागरवति "	(३३०) " सुवर्णप्रभाशोत्तम "
(३०९) " शांत "	(३३१) " सुनिर्वृत्ति "
(३१०) " सागरगम्भीर "	(३३२) " सुलोचन "
(३११) " स्वगत "	(३३३) " सुपुष्प "
(३१२) " सिंहनाद "	(३३४) " शून्यनिरंजन "

(३३५) श्री सूर्य लोकेश्वर
(३३६) " सूर्यविन्दु "
(३३७) " संपूत "
(३३८) " हलाहल "
(३३९) " हयग्रीव "
(३४०) " हरिहरवाहन "
(३४१) " हुताशन "
(३४२) " हेमवर्ण "
(३४३) " ज्ञानसागर "
(३४४) " ज्ञानधातु "
(३४५) " ज्ञानप्रभ "
(३४६) " ज्ञानकाय "
(३४७) " ज्ञानप्रकाशक "
(३४८) " ज्ञानकौडिण्य लोकेश्वर
(३४९) " ज्ञानकेतु "
(३५०) " ज्ञानध्वज "
(३५१) " ज्ञानश्रीमित्र "
(३५२) " क्षस्ता (षष्टा) "
(३५३) " क्षान्ति "
(३५४) " क्षितिगर्भा "
(३५५) " क्षमंकर "
(३५६) " त्रिदशभूमि "
(३५७) " त्रिगुणसंभव "
(३५८) " त्रैलोक्य वसंततिलक "
(३५९) " त्रैलोक्य विजय "
(३६०) " त्रैलोक्यनाथ लोकेश्वर

(षष्ठित्रिशत लोकेश्वर नाम धारणी स्त्रोत्रको आधारमा)

परिशिष्ट–४

श्री शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहारको "भजन पुस्तिका" १४५ पेजबाट

राग ।। चो ताल ।।

जय २ श्री पद्मपाणि ।। करुणाया खानि ।।
बोधिसत्त्व शिरोमणि त्रिभुवनया धनि
शिरस अमिताभ मुनि ।। धु ।।

नारकि लोक खनि तुरंतन अन थ्यनि ।
सुन्दर रूप जुया केनि ।
धर्मया कथा कनि त्रिरत्नया नाम बोनि
ननानं मोक्षपुर यनि ।। धु ।।

ब्रह्मा विष्णु रुद्र पनि दरशन यात ओनि
चरणस भोक पुया चोनि ।।
भगतया दुःख ङेनि मेव मदु चिंतामणि
आसा छि छह्म जक दनि ।। धु ।।

ल्हाकह्मया खस दोनि, क्षमा याय माल धनि
मेव मदु आसा जिगु थनि ।।
कर वाण द्वार थनि सहकाल मुना केनि
वरपति श्री राजेन्द्र धनि ।। धु ।।

सन्दर्भ-ग्रन्थ-सूचि

BIBLIOGRAPHY

आचार्य, नरेन्द्रदेव

बौद्धधर्म दर्शन

विहार राष्ट्रभाषा परिषद्, पटना-४, १९५६

उपाध्याय, बलदेव

बौद्ध दर्शन

शारदामंदिर, २९/१७ गणेश दीक्षित, बनारस

भारत, १९४६

उपाध्याय, भरतसिंह

पालि साहित्य का इतिहास

हिन्दी साहित्य सम्मेलन, प्रयाग,

भारत, १९७२

उपाध्याय, भरतसिंह

बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन (१)

बंगाल हिन्दी मण्डल, ८ रायल एक्सचेञ्ज प्लेस, कलकत्ता-१

भारत, वि० सं० २०११

काश्यप, भिक्षु जगदीश

मज्झिमनिकाय पालि

नवनालंदा पालि प्रकाशन, विहार

भारत, बु० सं० २५०२

कौसल्यायन, भदन्त आनन्द

जातक (भाग १, २०१३)

(भाग ३, १९४६) (भाग ४, १९४६)

हिन्दी साहित्य सम्मेलन, प्रयाग, भारत

जोशी, सत्यमोहन

नेपाली मूर्तिकलाको विकासक्रम

ने० रा० प्र० प्र०, काठमाडौं, २०३२

जोशी, सत्यमोहन

नेपाया बौद्ध कला

धर्मोदय सभा, काठमाडौं, बु० सं० २५००

जोशी, हरिराम

नेपालको प्राचीन अभिलेख,

ने० रा० प्र० प्र०, काठमाडौं, २०३०

पौद्याल, डमरु बल्लभ

सद्धर्मपुण्डरीकसूत्र,

ने० रा० प्र० प्र०, काठमाडौं २०२९

भिक्षु, कुमार काश्यप, भिक्षु सुदर्शन
दस पारमिता
भीमरत्न, हर्षरत्न, केलटोल
काठमाडौं, वि० सं० २०२९

भिक्षु, धर्मरक्षित
जातकट्ठकथा (पठमो भागो)
भारतीय ज्ञानपीठ, काशी, भारत, १९५१

भिक्षु, धर्मरक्षित
चरियापिटक
मा० खेलाडीलाल, कचौडी गल्ली,
बनारस, भारत, १९५९

भिक्षु सुदर्शन
महासत्त्व (द्वि० सं०)
मणिमण्डप दायक सभा,
धपगाबही, ललितपुर, नेपाल
बु० सं० २५२१

रेग्मी, जगदीशचन्द्र
नेपालको धार्मिक इतिहास
ने० रा० प्र० प्र०, काठमाडौं, २०३०

रेग्मी, जगदीशचन्द्र
लिच्छवि संस्कृति
रत्न पुस्तक भण्डार, काठमाडौं, २०२६

वज्राचार्य, धनवज्र

लिच्छवि कालका अभिलेख

नेपाल र एशियाली अध्ययन संस्थान,

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर, काठमाडौं, २०३०

वज्राचार्य, रत्नबहादुर

बोधिचर्यावतार

गाःबहाल, ललितपुर, नेपाल

ने० सं० १०७२

वाङ्देल, लैनसिंह

प्राचीन नेपाली चित्रकला

ने० रा० प्र० प्र०, काठमाडौं, २०३४

शाक्य, हेमराज

बुद्धमूर्ति छगू अध्ययन

च्वसापासा, केल, काठमाडौं, ने० सं० १०९७

शाक्य, हेमराज

मयूरवर्ण महाविहार

भिन्छेबहाल सर्वसंघ, पाटन, बु० सं० २५१७

श्रामणेर, सुदर्शन

भारते बुद्ध-धर्मया उत्थान व पतन

अखिल नेपाल भिक्षु महासंघ,

काठमाडौं, वि० सं० २०१४

देवगों, उर्मीला

"अमेरिकी म्यूजियममा नेपाली कलाको स्थान"

(स्वतन्त्र विश्व ६/१), सूचना विभाग,

अमेरिकी दूतावास, काठमाडौं

बौद्ध स्तोत्र संग्रह

प्रकाशक : आर्ज्यतारा, काठमाडौं, २०२२

सितु (ऋतु पत्रिका) अंक ३

चवसापासा, मासंगल्ली, काठमाडौं

श्री शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित

दाफा भजनको पुस्तिका

Coomaraswamy, Ananda K.

History of Indian and Indonesian Art

Dover Publications, INC., New York, 1965

Dr. Rajendra Ram

A History of Buddhism in Nepal

(A. D. 704–1396)

Janabharati Prakasana, Patna, 1977

Ghosh, A.

Ajanta Murals,

Archaeological survey of India.

New Delhi, India, 1967

Dwivedi, Paṣhupati Kumar,
Museum in Nepal,
126 Tangal, Kathmandu, 1976

Malalashekara, G. P.
Dictionary of Pali proper names
London, 1936

Malalashekara, G. P.
Encyclopaedia of Buddhism
Vol. III, F. 3.
Govt. of Ceylon
Ceylon, 1973

Nelge, Winter
Indian Literature (Vol. II)
India.

Pal, Pratapaditya,
The Arts of Nepal, Part I, Sculpture
Leiden / koln, E. J. Brill,
Netherland, 1974

Regmi, Dr. D. R.
Ancient Nepal
Firma K. L. Mukhopadyay,
Calcutta, 1969

Regmi, Dr. D. R.
Medieval Nepal, Part III
Firma K. L. Mukhopadyay,
Calcutta, 1966

Shakya, Hem Raj, T. R. Vaidya
Medieval Nepal
(Colophons and Inscriptions)
Tripureswor, Kathmandu, 1970

शुद्धाशुद्ध

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२	१०	Malalashkekara	Malalasekera
३	७	Malalaskekara	,,
७	६	नाउँमा	नाउमा
१०	७	"पाँचशय"	पाँचशय पचास
१२	१९	२५००	२५०२
१७	१७	सद्धर्म पुण्डरीक सूत्रम्	सद्धर्मपुण्डरीकसूत्र
१८	१८	A. Ghose...	फूटनोट नै अनावश्यक
१९	५	इलियन	इलियत
२०	७	विवरीत	विपरीत
२३	२१	पृष्ठ ५	पृष्ठ ३/५
२४	१९	Malalaskekera	Malalasekera
२८	११	बोद्धिसत्त्वका	बोधिसत्त्वका
२८	१८	Malalaskekara	Malalasekera,... Vol. III
३८	४	शिवदेव, वृषभदेव	वृषदेव
४०	४	उक्त पद्मपाणि	उक्त व्यासि स्थित पद्मपाणि
४२	५/६	यस मूर्तिलाई श्री प्रतापादित्य पालज्यूले जस्तै पंखा हमकाइरहेको मूर्ति सायको बुद्ध मूर्ति मात्र मान्नु उचित छैन	यस मूर्तिलाई श्री प्रतापादित्य पालज्यूले बोधिसत्त्वहरूका साथ बुद्ध मूर्ति मात्र भन्नुभएको छ .

४२	१३	शार्तौ	सातौं आठौं
४५	४	भक्तपुरको टोलको	भक्तपुरको व्यासि टोलको
५८	१३	perceplible	perceptible
५८	२१	Plate No. 1 Page 23/24	Page 23/24
५९	२	parantal	parental
५९	३	curis	curls
५९	३	kneeting	kneeling
५९	५	paltern	pattern
५९	७	at Chear	etched
५९	९	Puspavasti	Puspavrsti
६१	२१/२२	4/5. Dr. D. R. Regmi ...197, 280, 319	4. Dr. D. R. Regmi...197, 280 5. Dr. D. R. Regmi ... 319
६२	१८	Page 280, 319, 197	Page 197
६५	११	चावहिल स्थित,	चाबहिल स्थित, ढोका-बहाल स्थित,
६५	१४	यी मूर्तिहरूमा	यी ढोकाबहालका मूर्तिहरूमा
६५	१९	Page 113	Page 115

६६	१४/१५	श्री पालज्यू चाबहिलको पद्मपाणि वोधिसत्त्वका भक्तहरुको मूर्ति बढी विनम्र देखनुहुन्छ,	श्री पालज्यूद्वारा प्रकाशित चाबहिलको पद्मपाणि वोधिसत्त्वका भक्तहरुको मूर्ति बढी विनम्र देखिन्छ।
६६	१९	Page 187/188	Plate 187/188
७५	१५	stifness	stiffness
७६	१३	slemming	stemming
७७	११	padmapani	Padmapani
८०	१८	५५६	५५५
८०	१९	ऐ	नेपाली मूर्तिकलाको विकास क्रम
८४	२०	91	90
८८	५	आधार हो।	आधार हो[२]।
८८	६	विर्सन सर्वदंन[१]।	विर्सन सर्वदंन।
८८	२१	Budhisem	Budhism
९४	१०	मुद्रा, शर,	मुद्रा, जपमाला, शर,
९५	५	शंखनाद	शंखनाथ
९५	७	बायां हातमा शंख	बायाँ हातमा चक्र
९६	७/८	दायाँ हात ध्यान मुद्रा। बायाँ हातमा पिण्डपात्र	ध्यान मुद्रा गरी हातमा पिण्डपात्र।
९६	१६/१७	श्री हरिहरवाहन लोकेश्वर। रक्त वर्ण। दायाँ हातमा कमलको डाँठ। बायाँ हात अभय मुद्रा।	श्री हरिवाहन लोकेश्वर। रक्त वर्ण। दायाँ हात अभय मुद्रा। बायाँ हातमा डाँठ सहितको कमल।



१. पद्मपाणि बोधिसत्त्व
(स्वयम्भूमा हाल प्राप्त मूर्तिको मुखमण्डल)



२. पद्मपाणि बोधिसत्त्व
(स्वयम्भूमा हाल प्राप्त उक्त मूर्तिको पूर्ण चित्र)




३. बोधिसत्त्व


(जेतवन विहार, भक्तपुर)




४. बुद्ध र पद्मपाणि बोधिसत्त्वहरू
(तुरण बहाल, पाटन)



५. चामर धारिणी पद्मपाणि बोधिसत्त्व
(तुरण वहाल, पाटनको उक्त मूर्ति फलकको दायाँ स्थित बोधिसत्त्व)




६. चामर धारिणी पद्मपाणि बोधिसत्त्व
(तुरण बहाल, पाटनको उक्त मूर्ति फलककै बायाँ स्थित मूर्ति)



७. बुद्ध र पद्मपाणि बोधिसत्त्वहरू

(भक्तपुर सिद्धिपोखरीको पर्खालबाहिर उत्तर दिशा स्थित मूर्ति)



८. बुद्ध र पद्मपाणि बोधिसत्त्वहरू
(ब्यांसि चछें, भक्तपुर)




९. चामर धारिणी पद्मपाणि
बोधिसत्त्वहरू
(ब्याँसि चछेंको उक्त मूर्ति
फलककै दायाँ स्थित मूर्ति)




१०. चामर धारिणी पदमपाणि
बोधिसत्त्व
(ब्याँसि चछेंको उक्त मूर्ति
फलककै बायाँ स्थित मूर्तिको अंश)



११. पद्‌मपाणि बोधिसत्त्व
(गणबहाल, ढुङ्गेधारा, काठमाडौं)



१२. पद्मपाणि बोधिसत्त्व
(ढोका बहाल, काठमाडौं)



१३. पद्मपाणि बोधिसत्त्व
(श्रीघल विहार, नघल, काठमाडौं)



१४. पद्मपाणि बोधिसत्त्व
(यंगु बहाल, पाटन)



१६. पद्मपाणि बोधिसत्त्व
(स्वयम्भूको उत्तर दिशामा पूर्वाभिमुख मूर्तिहरूमध्ये एक)



१५. पद्मपाणि बोधिसत्त्व
(यंगु बहाल पाटनको उक्त मूर्तिको अंश)



१७. पद्मपाणि बोधिसत्त्व (?)
(स्वयम्भूको उत्तर दिशामा पूर्वाभिमुख मूर्तिहरूमध्ये एक)



१८. पद्मपाणि बोधिसत्त्व
(भिछें वहाल, पाटन)




१६. पद्मपाणि बोधिसत्त्व
(भिंछें वहालको उक्त मूर्तिकै एक अंश; मुकुटमा रहेका पद्मपाणि बोधिसत्त्व)




२०. हरि हरि हरि हरिवाहन लोकेश्वर
(श्री शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार, पाटन)



२१. पद्मपाणि बोधिसत्त्व
(भाजुधन विहार, उकुबहालको एक घरमा रहेको एक भित्तेचित्र)



२२. पद्मपाणि बोधिसत्त्व
(स्वयम्भूमा हाल पाएको मूर्तिको अंश)



२३. पद्मपाणि बोधिसत्त्व
(पाटन दरवारको सुनको झ्याल)

